# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ९८

किन भंग भयो प्रतिनिधिसभा यतिबेला ?

हाम्रो ध्यान चुनावमा भन्दा पनि मुलुकको वर्तमान समस्यातर्फ केन्द्रित छ
– माधवकुमार नेपाल

के गर्नु जरुरी छ पार्टीहरुले यतिबेला ?
– डा. देवेन्द्रराज पाण्डे

अर्जेन्टिना : डिसेम्बर जनविद्रोह

पिपुल्सवार ग्रुप र आन्ध्र सरकारबीच वार्ता शुरु




# नेपालमा विदेशी चलखेल

## कसरी हुँदैछ ? किन हुँदैछ ?

विश्व कप : यस्तो महाभारत कहिल्यै देखिएको थिएन !


www.mulyankan.itgo.com, मूल्य रु. २०/-, भारतमा भा.रु. १५/-


पञ्चकन्या
सदैव विश्वासिलो
First
ISO Certified
Steel in Nepal
NS-191
UKAS
Our Quality Products:
CRT Steel Bar, Wires, Bitumen,
PVC Pipes & Fittings, HDPE Pipes,
Nails & Screws, Carpets & Pasmina Shawls
Panchakanya Steel (P) Ltd.
J 3/42 Krishna Galli, Lalitpur, POBox: 2743, Kathmandu, NEPAL
Tel.: (01) 526357, 526551, Fax: 526529, Email:pksteel@panchakanya.com.np
Factory: Kotehawa, Bhairahawa, Tel: (071) 60571, 60574


विकास
शक्तिको चेपमा शिक्षा
सय वर्षपछिको भक्तपुर
धन्न आउँदैछन्
पर्यटक
पर्यटन विकासले गरिबी घट्छ ?
- डा. पीताम्बर शर्माको विश्लेषण
घान्द्रुकले पछुताउनु नपरोस्
- डा. पद्मचन्द्र पौडेल
शक्तिको चेपमा शिक्षा
- डा. विद्यानाथ कोइराला
अपाङ्ग : दलितमध्ये महादलित
- खगेन्द्र संग्रौला
थाइल्याण्डले जति गर्न सके !
- हीरा बिश्वकर्मा
सय वर्षपछिको भक्तपुर
- नारायणमान बिजुक्छे
बलदेवको बकपत्र
साथमा
जीवनवृत्त
तस्वीरलेख
विचार
विश्लेषण २
टिप्पणी
विकास
नयाँ अंक बजारमा
मार्केटिङ्ग फोन : ५३९६१५, ५३५९९५

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष-२०, पूर्णाङ्क- ९८
असार- २०५९



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**सम्पादक**
हरिगोविन्द लुइँटेल

**सम्पादक मण्डल**
गोविन्द वर्तमान
तुलसीदास महर्जन
राजेन्द्र महर्जन
विष्णुदेवी श्रेष्ठ

**प्रबन्ध निर्देशक**
*स्नेह सायमि*

**कार्यालय व्यवस्थापक**
वीरप्रसाद भंसारी

**विज्ञापन व्यवस्थापक**
श्याम खड्का

**बजार व्यवस्थापक**
दुर्गा खड्का

**सहायक बजार व्यवस्थापक**
जमुनाप्रसाद चौधरी



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क- ३/८०, टेकू, काठमाडौं-१२
फोन/फ्याक्स : २६८७९१ /२१९०८५
पो. ब. नं. ७०५०, काठमाडौं
इमेल : yuwa@ntc.net.np

मूल्य : रू. २०/-





नेपालमा विदेशी चलखेल कसरी हुँदैछ ? किन हुँदैछ ?

● कहाँ किन भइरहेको छ अमेरिकी सैन्य चलखेल ? ● विश्वमा अमेरिकी सैनिक उपस्थिति ● अमेरिका र नेटोका सैन्य अखडाहरूको विस्तार ● के हो खम्पा काण्ड ? ● कस्तो छ नेपाल आएको अमेरिकी विज्ञ टोली ?

**के नेपालमा भारतीय सैनिक आउलान् ?**

**हाम्रो ध्यान चुनावमा भन्दा पनि मुलुकको वर्तमान समस्यातर्फ केन्द्रित छ**
*- माधवकुमार नेपाल*

**के गर्नु जरुरी छ पार्टीहरुले यतिबेला ?**
- डा. देवेन्द्रराज पाण्डे

**अर्जेन्टिना : डिसेम्बर जनविद्रोह**



**काठमाण्डौको किसान आन्दोलन**

**विश्व कप : यस्तो महाभारत कहिल्यै देखिएको थिएन**




**हाम्रो मूल्यांकन :**
यो बेलाको आवश्यकता :
राष्ट्रिय सहमतिको निरन्तरता ४

**आवरण कथा**
● नेपालमा अमेरिकी चलखेल
*- विनोद ढुंगेल* ६
● के हो खम्पा काण्ड ? ११
● कहाँ किन भइरहेको छ अमेरिकी सैन्य चलखेल ? १२
● के नेपालमा भारतीय सैनिक आउलान् ?
*- हरि रोका* १५

**साहित्य/कविता**
● रोशन जनकपुरीका पाँच कविताहरु ३५

**किताब/उल्लेख्य** ३६

**संक्षेप**
● संयुक्त सरकार र नयाँ संविधान बन्नुपर्छ
*- शम्भुराम श्रेष्ठ* १७

**विश्व कम्युनिष्ट आन्दोलन**
● अर्जेन्टिना : डिसेम्बर जनविद्रोह
*- राजेन्द्र महर्जन* १८

**घटना र प्रवृत्ति**
● किन भंग भयो प्रतिनिधिसभा यतिबेला ?
*- श्याम श्रेष्ठ* ५
● हाम्रो ध्यान चुनावमा भन्दा पनि मुलुकको वर्तमान समस्यातर्फ केन्द्रित छ
*- माधवकुमार नेपाल* १७
● मिथिलाको सङ्घर्षमाथि छरिएको पारिजात
*- धीरेन्द्र प्रेमर्षि* २४
● के गर्नु जरुरी छ पार्टीहरुले यतिबेला ?
*- डा. देवेन्द्रराज पाण्डे* ४१
● विश्व कप : यस्तो महाभारत कहिल्यै देखिएको थिएन
*- सीताराम अग्रहरि* ४३
● आन्ध्र सरकार र पिपुल्स वार ग्रुपबीच वार्ता ४५
● अमेरिकाले भारत पाक युद्ध हुन दिँदैन ४५

**नीति/संस्कृति**
● बोक्सी काण्डहरुबारे आयोग नै बनाइनु पर्छ
*- हरिगोविन्द लुइँटेल* २५

**आत्मकथा**
● बूढो मान्छेले भन्यो भन्दैमा गलत कुरा त मान्नु भएन नि !
*- निर्मल लामा* २६

**दर्शन**
● बुद्ध दर्शनमा द्वन्दवाद र भौतिकवाद
*- प्रज्ञानरत्न* २८

**खोज**
● काठमाण्डौको किसान आन्दोलन
*- मुक्ता श्रेष्ठ* ३०

**विज्ञान**
● एकसय तीस प्रकाश वर्ष टाढाबाट आएको आवाज
*-तुल्सीदास महर्जन* ३४

**व्यंग्य**
● म सरकारमा जाँदिन
*- विमल निभा* ३६

**पर्दा-रंगमञ्च**
● नुमाफुङले देखाएको बाटो
*- गोविन्द वर्तमान* ३७

**पाठकको कुरो** ४६



आवरण : नेपाल भ्रमणका क्रममा विमानस्थलमा अमेरिकी विदेशमन्त्री कोलिन पावेल । फोटो : कान्तिपुर । आवरण सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोनः ४३१६५२ । कलर सेपरेशनः पोलिइमेज, फोनः २५२५७१ । कलाकारहरूः लक्ष्मण भुजेल, जिडि. सारू, यति ग्राफिक्स, फोनः ४३०७५२ । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, फोनः ४३७४४८

# यो बेलाको आवश्यकता : राष्ट्रिय सहमतिको निरन्तरता

जेठ ८ गते प्र. मं. शेरबहादुर देउवाबाट भएको प्रतिनिधि-सभा विघटनले एकसाथ थुप्रै तथ्यहरू उजागर गरेको छ र थुप्रै प्रश्नहरू जन्माएको छ । राष्ट्रिय राजनीतिमा यो घटना एउटा ठूलो प्रतिगमनमुखी फड्को हो । गृहयुद्धको निरन्तरता चाहनेहरूको निम्ति, नागरिक अधिकार हननको स्थिति कायमै राखिछोड्न चाहनेहरूको निम्ति, अनि गृहयुद्ध र संकटकालको मखमली पर्दाभित्र प्रतिगमन र विदेशी चलखेलको ड्रेस रिहर्सल गरिरहेकाहरूको निम्ति वर्तमान संसदको शक्ति-सन्तुलन र संरचना ठूलो चुनौती र तगारो भइरहेको थियो । संसदभित्रका सातैवटा दलहरू एकताबद्ध भएर यसको विरूद्ध खडा भइरहेका थिए । उनीहरू शान्तिवार्ता, गृहयुद्धको अन्त्य र अग्रगमनमुखी निकास र सुधारको निम्ति जवर्जस्त आवाज उठाइरहेका थिए । सिंगो राष्ट्र यो जायज आवाजका पछाडि गोलबन्द हुन लागिरहेको थियो । युद्धपिपासु, विदेशी प्रभुत्ववादीहरू र प्रतिगमनकारीहरू एकातिर, संघर्षरत संसद र आमजनता अर्कोतिर भइरहेको थियो । संसदको यही अगुवाइको स्थिति अन्त्य गर्न सकिन्छ कि र राष्ट्रको ध्यान शान्तिवार्ता, गृहयुद्धको अन्त्य र अग्रगमनकारी निकासको एजेण्डाबाट अन्यत्र मोड्न सकिन्छ कि भनेर वर्तमान संसद विघटन गर्ने र मध्यावधि चुनावको घोषणा गर्ने कार्य भएको हो ।

संकटकाल थप ६ महिना थप्ने प्र.म.को प्रस्ताव संसदले कुनै पनि हालतमा जेठ ९ गते अनुमोदन नगर्ने पक्का भएपछि नै जेठ ८ को मध्यरातमा संसद विघटन गरिएको जगजाहेर छ । परन्तु त्यसको २/३ दिनपछि संकटकाल नयाँ शिराबाट फेरि लागु भएझैं गरी पुनः ३ महिना थपिनुबाट के स्पष्ट भएको छ भने, प्रतिनिधिसभा विघटन आखिर अनन्त कालसम्म संकटकाल थप्दै लाने बाटो खोल्न र संसदले त्यसमा दखल दिनसक्ने संवैधानिक स्थितिको अन्त्य गर्ने उद्देश्य र दुर्नियतबाटै भएको हो । प्र.म.को यो उद्देश्य अत्यन्त आपत्तिजनक र असंवैधानिक छ, किनकि यस्तै परम्परा बस्ने हो भने त संकटकाल बढीमा एक वर्षमात्र लम्ब्याउन सकिने र त्यो पनि संसदको दुई तिहाई बहुमतले अनुमोदन गरेमा मात्र लम्ब्याउन सकिने भन्ने संवैधानिक सिद्धान्त र प्रावधान नै प्रयोजनहीन, निष्क्रीय र संशोधित हुनजान्छ । के प्र.म. लाई नेपालको संविधानको खास धारा, सिद्धान्त नै निष्क्रीय बनाउने, मिच्ने र आफूखुसी एक्लै संशोधन गर्ने हक छ ?

यिनै प्र.मं. हुन्, जसले पार्टीले छेकेवार लगायो भनेर क्रान्तिकारी भूमिसुधारजस्तो देश र जनताको लागि अत्यावश्यक कदमलाई गतः साल बीचैमा तुहाए । ती यिनै प्र.म. हुन्, जसले पार्टीले तगारो लगायो भनेर माओवादीसितको पोहोरको वार्तामा आवश्यक साहस र लचिलोपन नै प्रदर्शित नगरी र सुस्पष्ट अग्रगामी निकासको विकल्प नै पेश नगरी वार्तालाई बीचैमा तुहाए । वार्ताप्रति माओवादीहरूमा चरम नैराश्य जगाउने कार्य गरे र वार्ताको टेबिलबाट पुनः जंगलतिर पस्न पूर्वाधार र निहुँ सृजना गरे । तर, यिनै प्र.म. अहिले संकटकाल थप्नेजस्तो देश र जनताको लागि घातक हुने कुरामा चाहिं त्यस्तो काम गर्ने हिम्मत गरिरहेछन्, जुन गर्न पार्टीको निर्देशन नै छैन । देश र जनताको हित र प्रगतिको लागि अत्यन्त सहायक हुने कुरा गर्न चाहिं कुर्सीलाई ताकमा राखेर पार्टी निर्देशनको अवज्ञा गर्न साहस गर्न नसक्ने, परन्तु केवल आफ्नो कुर्सीको लागि चाहिं र देश, जनता एवं प्रजातन्त्रको लागि ज्यादै घातक हुने कुरा गर्न भने पार्टी निर्देशन, संविधान र सिंगो राष्ट्रको जनमत नै मिच्ने दुस्साहससमेत गर्नसक्ने ?! प्र.म.को यो आत्मकेन्द्रित र कुर्सीकेन्द्रित चरित्र अत्यन्त संदिग्ध र विरोधाभाषपूर्ण देखिन्छ ।

यस्तै गृहयुद्ध हालै मात्र रूसको चेचेन्यामा पनि भएको थियो । अहिले कोलम्बियामा पनि भइरहेछ र केही समयअघि निकारागुआ, फिलिपिन्स र श्रीलंकामा पनि भएको थियो । परन्तु सेना परिचालनको निम्ति ती मुलुकमा त राष्ट्रव्यापी संकटकाल जरूरी भएको थिएन । विनाराष्ट्रव्यापी संकटकाल नै ती देशहरूमा सेनाको व्यापक परिचालन भएको जगजाहेर छ । त्यो स्थितिमा केवल नेपालमा मात्रै दुनियाँमा कतै नभएको ढंगबाट सेना परिचालनको निम्ति राष्ट्रव्यापी संकटकाल अनिवार्य बन्यो किन ? गम्भीर आशंकाको विषय भएको छ । फगत एउटा संकटकालको लागि प्रधानमन्त्रीले आफ्नो छँदाखाँदाको सत्तारूढ पार्टीसमेत फोड्न तैयार हुनु, संसद विघटनसमेत गर्न तयार हुनु र बेलैमा चुनाव हुन नसक्दा देशमा संसदविहिन स्थिति सर्जना भएर गम्भीर संवैधानिक संकट सृजना हुने जोखिमसमेत मोल्न तयार हुनुः संकटकालमा यति चर्को अस्वाभाविक महत्व आखिर किन ? यी सवालहरू यतिबेला स्वभावतः पैदा भएका छन् ।

यसले देखाएको छ- संसदविहिनताको स्थितिमा घोषित संकटकालको आगामी तीन महिना उथलपुथलकारी घटनाहरूले भरिपूर्ण हुने संभावना छ । केन्द्रीय संसदको अकालमै मृत्यु गराइयो, अब स्थानीय संसदहरू (अर्थात् स्थानीय निकायहरू) सरकारी कोपको शिकार हुन सक्छन्, त्यसपछि अदालत र अ.दु.अ.आ. जस्ता अंगहरू अधिकारविहीन हुने पालो आउन सम्भव छ । यसमा जनताको व्यापक होशियारीको जरूरी छ ।

परन्तु यस्तो संगीन घडीमा देशको प्रमुख प्रतिपक्ष एमालेले जुन ढंगले प्रतिनिधिसभा विघटनमा प्रतिक्रिया जनायो र चुनावमा प्राथमिकता दियो, त्यो अत्यन्त निराशाजनक र मौकापरस्त देखिन्छ । देशमा सर्वत्र गृहयुद्ध मच्चिरहेको र देशको आधाभन्दा ज्यादा जिल्लामा सदरमुकामभन्दा बाहिर सरकार नै नभएको स्थितिमा एमालेले कसले बूथ गाउँमा पुऱ्याएर र कुन जनताले भोट खसालेर निष्पक्ष चुनाव सम्पन्न हुनसक्ने र आफ्नो बहुमत आउन सक्ने देख्यो ? -बुझ्नीनसक्नुको कुरो भएको छ । के कांग्रेस फुटदैमा स्वतः एमालेको बहुमत आउँछ र ? गृहयुद्धको मौजुदा हालतमा कार्तिक २७ मा चुनाव भई नै हाल्यो भने पनि कांग्रेसको पनि बहुमत नआउने, एमालेको पनि नआउने, प्रतिगामी तत्वको बाहुल्यता हुने पाकिस्तानी स्टाइलको प्रायोजित चुनाव हुने संभावना टड्कारो छैन र ? किन एमालेले एक वित्ता उताको स्थितिसमेत हेर्न र विचार गर्न सकिरहेको छैन ? किन एमालेले व्यापक जनमतलाई ख्यालमा राख्न सकिरहेको छैन ?

एमालेले त यतिबेला संसद पुनर्स्थापनाको लागि चलिरहेको अदालती संघर्षमा साथ दिनुपर्ने र यी यी कुरा नभइकन न त चुनाव हुन संभव छ, न भएमा नै त्यो निष्पक्ष र स्वतन्त्र नै हुन संभव छ भन्ने धारणा पो अगाडि ल्याउनुपर्ने । जुन एजेण्डालाई प्रतिगामी तत्वहरू यतिखेर पृष्ठभूमिमा धकेल्न खोज्दैछन्, तिनै एजेण्डालाई पो एमालेले संयुक्त संघर्षको एजेण्डा बनाएर अगाडि ल्याउन पहलकदमी गर्नुपर्ने ।

हामीलाई लाग्छ, यतिबेला चारवटा सवाल प्रतिगमनविरोधी, विदेशी चलखेलविरोधी सारा शक्तिको र नागरिक समाजको संयुक्त संघर्षको एजेण्डा बन्नसक्छ र यी चारवटा सवालले निष्पक्ष र स्वतन्त्र चुनावको पूर्वशर्तको रूपमा समेत काम गर्नसक्छन् :

१. **संकटकालको तुरुन्त अन्त्य, नागरिक अधिकारको बहाली**
२. **गृहयुद्धको अन्त्य, युद्धविरामको घोषणा**
३. **माओवादीसित निःशर्त वार्ता र अग्रगामी निकासको खोजी**
४. **सर्वदलीय अन्तरिम सरकारको व्यवस्था**

एमालेले त हत्तनपत्त चुनावमा कुद्ने होइन, यी सवालमा पहिले सातवटा संसदीय दलहरूबीच जुन राष्ट्रिय सहमति बनिरहेको थियो, त्यसैलाई नै निरन्तरता दिनु जरूरी छ र सबैलाई संगेटेर लैजान नेतृत्वदायी पहलकदमी गर्नु जरूरी छ । माओवादीले पनि यो सहमतिमा मिसिनुमा, व्यक्तिहत्या र विकास निर्माणमाथिको विध्वंशकारी गतिविधि बन्द गरेर प्रतिगमन र विदेशी चलखेलविरोधी मोर्चामा सामेल हुनुमा नै देश, जनता र माओवादी स्वयम्को पनि कल्याण छ । ❑

> यिनै प्र.मं. हुन्, जसले पार्टीले छेकेवार लगायो भनेर क्रान्तिकारी भूमिसुधारजस्तो देश र जनताको लागि अत्यावश्यक कदमलाई गतः साल बीचैमा तुहाए ।

# किन भंग भयो प्रतिनिधिसभा यतिबेला ?

- श्याम श्रेष्ठ -

संसदका सातैवटा पार्टीहरू संकटकाल थप ६ महिना थप्नुहुन्न, राष्ट्र बर्वाद हुन्छ भन्ने पक्षमा । नेपाली जनताको अत्यधिक बहुमत त्यसैको पक्षमा । स्वतन्त्र प्रेस र सारा उद्योग-व्यवसायीहरू स्पष्टतः संकटकाल थप्ने कुराको विरूद्धमा । परन्तु प्र.मं. शेरबहादुर देउवाको निम्ति सिंगो राष्ट्रको यो अपार जनमत कदरयोग्य कुरो बनेन । अरू त अरू, संकटकाल थप्ने प्रस्ताव फिर्ता गर्नू भन्ने आफ्नै पार्टी- नेपाली कांग्रेस केन्द्रीय कार्य समितिको किटानी निर्देशनसमेत उनको निम्ति कदरयोग्य विषय बनेन । परन्तु अद्भूत कुरो के भने उनको निम्ति सुरक्षा निकायको कुन रायचाहिं टाल्नै नहुने दिव्य-वाक्य बन्यो भने, संकटकाल थप ६ महिना नथपी र संकटकाल नभई नेपालमा सेना परिचालन नै हुनसक्दैन । सुरक्षा निकायको त्यो मत, निर्वाचित प्रधानमन्त्रीको निम्ति कति मूल्यवान र अनुलंघनीय कुरो बनेछ भने उनी त्यसको निम्ति आफ्नै पार्टीसमेत फोड्न तैयार भए । उनी छँदाखाँदाको दुई वर्ष अवधि बाँकी भएको सर्वोच्च निर्वाचित व्यवस्थापिकासमेत पार्टी र मन्त्री परिषद्को निर्णयबेगर नै भंग गर्न तयार भए । यतिसम्म कि समयमै संसदको चुनाव हुन नसक्ने संभावना टड्कारो हुँदाहुँदै त्यो हुन नसक्दा आउनसक्ने गम्भीर संवैधानिक संकटउपर समेत उनी आँखा चिम्लिन तयार भए । जेठ ८ गतेको मध्यरातमा प्रतिनिधिसभा केवल यो कारणले विघटन गरियो, किनकि संकटकाललाई थप ६ महिना थप्ने सरकारी प्रस्ताव यसले अनुमोदन नगर्ने पक्का भयो ।

यो घटनाले थुप्रै प्रश्नहरू एकसाथ जन्माएको छ : प्र.मं. देउवा यथार्थमा कोप्रति उत्तरदायी -आफूलाई चुन्ने जनता र संसदप्रति कि सुरक्षा निकायप्रति ? यदि संकटकाल लागु नभई सेना परिचालन हुनै नसक्ने सिद्धान्तलाई प्र.मं.ले यसरी स्वीकार गर्ने हो भने- गृहयुद्ध १० वर्ष लम्बिएला रे, सेना परिचालन त्यतिञ्जेलसम्म गरीराख्नु पर्ने होला रे, के संकटकाल पनि १० वर्षसम्म लम्ब्याइरहने ? नेपालको संविधानले तीन महिनाभन्दा ज्यादा संकटकाल लम्ब्याउन सरकारले आफूखुसी नसक्ने, लम्ब्याउन परे संसदको दुई तिहाई बहुमतको समर्थन चाहिने र बढीमा एक वर्षभन्दा ज्यादा संकटकाल संसदले समेत लगाउनै नपाइने सिद्धान्त अघि सारेको छ । परन्तु प्र.मं.ले अहिले गरेझैं संसदले संकटकाल नथप्ने हुनासाथ संसद नै विघटन गरिदिने र त्यसको २/४ दिनपछि संकटकाल पुनः थप्नसक्ने परम्परा र प्रणाली नेपालमा बस्यो भने संविधानको संकटकालसम्बन्धी त्यो सिद्धान्त र व्यवस्था स्वतः निष्क्रीय र प्रभावहीन हुन्छ कि हुँदैन ? यसबाट प्र.म.ले चाहेमा संसदलाई छल्दै, बाइपास गर्दै जति पनि अवधिसम्म संकटकाल थप्नसक्ने स्थिति बन्छ कि बन्दैन ?

यस कोणबाट हेर्दा संसद विघटनको अहिलेको घटना सारमा संसदको सरकारमाथिको अंकुशको अंश अंशमा अन्त्य गर्ने प्रयत्न हो ।

देशको प्रतिगमनतिरको यात्रामा यो एउटा ठूलो फड्को पनि हो, किनकि यो घटनामार्फत् संसदलाई पंचायत कालमा झैं पंगु र अधिकारविहीन बनाउन खोजिएको छ, सरकार र सुरक्षा निकायलाई निरंकुश र स्वेच्छाचारी बनाउन खोजिएको छ र संसदभित्रका सारा दलहरू, आफ्नै पार्टी र सिंगो राष्ट्रको जनमत एकातिर हुँदाहुँदै पनि एक्लो प्र.मं.ले केवल सुरक्षा निकायको सुझावमा त्यसको ठीक उल्टो गर्नसक्ने बनाउन खोजिएको छ, र प्र.मं.लाई संसदप्रति होइन, गैर-संवैधानिक शक्तिकेन्द्रप्रति उत्तरदायी बनाउन खोजिएको छ ।

बुझीनसक्नुको यथार्थ के हो भने भने जेठ ८ गते साँझ बालुवाटारमा सम्पन्न संसदीय दलको बैठकमा प्रधानमन्त्रीले भोलिपल्ट जेठ ९ गते संकटकाल थप ६ महिना थप्ने प्रस्ताव सरकारले संसदमा फिर्ता लिने कुरो गरेका छन् र सांसदहरू ढुक्क भएर फर्केका छन् । जगजाहेर छ, संसदीय दलमा त्यतिबेला प्र.मं.को पक्षमा ६४ जना सांसद छन्, तसर्थ उनीसित संसदीय दलमा स्पष्ट बहुमत छ र उनले चाहेमा संसदीय दलबाटै संकटकाल थप्ने प्रस्ताव पारित गराउन र त्यसको पक्षमा ह्वीप जारी गराउन संभव छ । परन्तु प्र.मं. त्यो संवैधानिक र कानूनी बाटो भने अख्तियार गर्दैनन् । त्यसपछि लगत्तै, प्र.मं. साँझ ८ बजेतिर एक्कासी १-२ घण्टासम्म बेपत्ता हुन्छन् । उनी कहाँ जान्छन् ? कोसँग सल्लाह-साउती गर्छन् ? कसैलाई थाहा हुँदैन । त्यसपछि एकाएक फर्केर उनी मन्त्री परिषद्को समेत बैठक नबसी आफ्नै कैयन् वरिष्ठ मन्त्रीहरू र पार्टी नेतृत्वलाई समेत थाहा नदिई एक्कासी राती १० बजेतिर दरवार जान्छन् र प्रतिनिधिसभा विघटन गर्ने सिफारिस गर्छन् । गजबको कुरो के हो भने अरू बेला साविक समयमै बन्द हुने दरवारको सचिवालय त्यो दिन चाहिँ राती १० बजेपछि मध्यरातमा समेत खुला र तम्तयार हुन्छ र प्र.मं.को सिफारीस पुग्नासाथ तुरून्तै मध्यरातमै संसद विघटनको प्रेस-विज्ञप्ति जारी गर्न तैयार हुन्छ । गुह्य प्रश्न के हो भने सबै कुरा नियोजित, योजनावद्ध थिएन भने यी सबै कुराको तारतम्य एक्कासी कसरी मिल्छ ? प्र.मं. जेठ ८ गते राती ८ बजेतिर कहाँ गएका थिए ? धेरैलाई थाहा छैन, परन्तु सबैलाई के थाहा छ भने उनी ८ बजे जहाँ गएका थिए, त्यसैको दबाव वा मिलेमतोमा संसद विघटन भएको हो ।



*प्र.मं. त्यो संवैधानिक र कानूनी बाटो भने अख्तियार गर्दैनन् । त्यसपछि लगत्तै, प्र.मं. साँझ ८ बजेतिर एक्कासी १-२ घण्टासम्म बेपत्ता हुन्छन् । उनी कहाँ जान्छन् ? कोसँग सल्लाह-साउती गर्छन् ? कसैलाई थाहा हुँदैन ।*

प्र.मं. देउवाको संसद विघटनको निर्णयका पछाडि गम्भीर अन्तरविरोधहरू देखिन्छन् । ती अन्तरविरोधहरू के हुन् भने एकातिर सरकार देशको स्थिति असाधारण हुनाले म्याद सकिएर पनि स्थानीय निकायको चुनाव सम्पन्न गराउन सकिरहेको छैन । यतिसम्म कि हालै एस.एल.सी.को जाँचसमेत उसले साविकको सेन्टरमा गराउन नसकेर सेन्टर थोरै र सीमित शहरी केन्द्रहरूमा खुम्च्याउनु परेको स्थिति छ । त्यही सरकारले अर्कोतिर यतिबेला नै ५ महिनापछि संसदीय चुनाव गराउने घोषणा गरिरहेछ । यो कसरी संभव छ ? अर्को, अहिले देशको ३० भन्दा ज्यादा जिल्लामा सदरमुकामभन्दा बाहिर सरकारको पकड र अस्तित्व नै देखिँदैन । आगामी ४-५ महिनामा त्यो स्थितिमा तात्विक अन्तर आउने स्थिति पनि देखिँदैन । त्यो अवस्थामा, देशका करीब आधाजसो ठाउँमा चुनाव हुने कसरी ? त्यहाँ चुनाव गराउन जाने को ? खाली सदरमुकाममा मात्र बूथ राखेर स्वच्छ र निष्पक्ष ढंगले जनताको भोटमा आधारित चुनाव हुन्छ नै कसरी ? तेस्रो, त्यो यही सरकार हो, जसले संसदको अनुमोदन पाएको भए थप ६ महिना अर्थात् मंसिरको १० गतेसम्म देशमा संकटकाल अनिवार्य छ भनेर हरतरहले संकटकाल लाद्न, लगाउन खोजिरहेको थियो । अहिले पुनः त्यही सरकार हो, जो मंसिरसम्म संकटकाल अनिवार्य भएको समय र परिस्थितिमा कार्तिकमा संसदीय चुनाव संभव छ भनेर भनिरहेछ । यो अत्यन्त भ्रामक र अन्तरविरोधी कुरा भएन र ? यसले के प्रष्टै देखाउँछ भने या त सरकारको संकटकाल थप ६ महिना थपिनु अनिवार्य छ भन्ने भनाइ झूठो हो, या कार्तिकमा चुनाव गराउनु संभव छ भन्ने भनाइ ?

जुन समयमा निर्वाचित संसद विघटन गरियो, त्यतिबेला संसदका सातैवटा दलहरू प्रतिगमन र विदेशी चलखेलका विरूद्ध, सरकार-माओवादी वार्ता र शान्तिको पक्षमा एकतावद्ध संघर्ष गर्दै थिए । र, यो मामलामा राष्ट्रिय सहमति बन्ने स्थिति तयार भइरहेको थियो । माओवादी पक्ष पनि आफ्ना सारा अराजक र उग्र-वामपन्थी गल्ती-कमजोरीका बावजूद युद्धविराम र वार्ताका लागि लचिलो भएर प्रस्तुत भइरहको समय थियो । यो मामलामा सरकार र दरवार एकातिर, संसद अर्कोतिर भइरहेको

बाँकी ४६ पेजमा

## नेपालमा विदेशी चलखेल कसरी हुँदैछ ? किन हुँदैछ ?



फोटो : कान्तिपुर

# नेपालमा अमेरिकी चलखेल

• विनोद ढुंगेल

नेपाल अहिले आतंकवादबाट आक्रान्त छ र त्यसले राष्ट्रकै जग हल्लाउने छ । माओवाद या कथित जनयुद्धको भेषमा यी आतंकवादीहरू मौलिक रूपमा अन्यत्रका आतंकवादीहरूभन्दा अलग छैनन्, चाहे तिनीहरू साइनिङ पाथ, अबु सैयफ, खमेररूज वा अल-काइदा जोसुकै होऊन् ।'

यो भनाइ हो, नेपालस्थित वर्तमान अमेरिकी राजदूतको ।

एक ध्रुवीय विश्व राजनीतिको सर्वशक्तिमान खेलाडी संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जर्ज डब्ल्यू बुशले आतंककारीहरू विश्वको जुनसुकै कुनामा भए पनि तिनलाई नछोडिने धम्की दिएपछिको समयमा नेपालका लागि अमेरिकी राजदूत माइकल इ. मालिनोव्स्कीले नेपालका माओवादीहरूलाई पनि अन्तर्राष्ट्रिय आतंकवादीहरूकै कोटीमा राखेर यसो भनेका थिए । गतः सेप्टेम्बर ११ मा विश्व व्यापार केन्द्र र पेन्टागनमा शक्तिशाली हमला भएपछि 'आतंकवादविरूद्ध युद्ध'को एकतर्फी घोषणा गरेर गतिविधि सञ्चालन गरिरहेको अमेरिकाका राजदूतको यो विचारलाई नेपालको आन्तरिक मामलामाथिको हस्तक्षेपको रूपमा प्रायः कसैले ब्याख्या गरेनन्, बरू सत्ताधारीहरू भने यसबाट एउटा शक्तिशाली रक्षाकवच प्राप्त भएको ठानेर कृतज्ञ भएका देखिए ।

कृतज्ञ नहुने कुरै पनि थिएन । माओवादीहरूसँग वार्ता हठात् टुटेको दुई महिनामात्र भएको थियो । प्रधानमन्त्री शेरबहादुर देउवाले नै भारी प्रशंसा गरेका माओवादीका नेताहरू अब वार्ता अवधिहरूमा जस्तो खुला वा अर्धभूमिगत थिएनन् । युद्धविराम भङ्ग गरेर सैनिक ब्यारेकहरूमै आक्रमण गर्न थालेपछि सरकार पक्ष निक्कै अत्तालिएको प्रष्ट हुन्थ्यो । त्यसरी अत्तालिएकै बेला प्रधानमन्त्री स्वयंले अन्तर्राष्ट्रिय जगतसमक्ष सहयोगको याचना गरिसकेका थिए । र, त्यस्तै मौकाको ताकमा अमेरिकी राजदूतले नेपालको मामलामा बोल्दै माओवादीहरूलाई अन्तर्राष्ट्रिय आतंककारी संयन्त्रभित्र दाखिला गरिदिन चाहेका थिए ।

### पावेलको भ्रमण

तत्कालीन अमेरिकी राष्ट्रपति बिल क्लिन्टनले दक्षिण एशियाका पाकिस्तान, भारत र बंगलादेशसम्म आउँदा पनि नेपाल नटेकिदिएकोमा दिक्दार र निराश भएकाहरू

- पावेलको नेपाल भ्रमण
- अमेरिकी चलखेल र स्वार्थ
- अमेरिकालाई नेपालको महत्व
- के हो खम्पा काण्ड ?
- कस्तो छ नेपाल आएको अमेरिकी विज्ञ टोली ?
- कहाँ किन भइरहेको छ अमेरिकी सैन्य चलखेल ?
- विश्वमा अमेरिकी सैनिक उपस्थिति
- अमेरिका र नेटोका सैन्य अखडाहरूको विस्तार
- **के नेपालमा भारतीय सैनिक आउलान् ?**

यतिबेलासम्म निकै उत्साहित भइसकेका थिए । अमेरिकी विदेश विभागले आतंकवाद मध्य-पूर्वबाट दक्षिण एशियामा सरेको प्रतिवेदन पनि तबसम्म दिइसकेको थियो । सेप्टेम्बर ११ मा अमेरिकामाथि भएको आतंककारी हमलापछि प्रधानमन्त्री शेरबहादुर देउवाले आवश्यक परे अमेरिकी सैनिक विमानहरूलाई इन्धन भर्न नेपालको भूमि उपलब्ध गराइने घोषणा गरिसकेका थिए । र, संकटकाल घोषणा गरेर सेना परिचालन गरेपछि माओवादीहरू परास्त हुने विश्वासमा रहेको देउवा मन्त्रीमण्डल खाडी युद्धताका अमेरिकी नेतृत्वमा भएको बहुराष्ट्रिय सेनाका सेनापति रहिसकेका व्यक्ति विदेशमन्त्री कोलिन पावेलको नेपाल भ्रमणपछि दङ्दास थिए ।

माओवादीलाई आतंककारी घोषित गरी युद्ध छेडिरहेको नेपाल र 'आतंकवादविरूद्ध युद्ध'को घोषणा गरी विश्वव्यापी हमलाको धम्की दिइरहेको अमेरिकाबीच 'आतंकवाद'को मुद्दामा समानता देखापरेको थियो । त्यसैले कोलिन पावेल नेपाल आउँदा 'विश्व आतंकवादविरूद्ध अमेरिकाले चालेका कदमप्रति समर्थन र पुनः प्रतिबद्धता जनाउँदै गरीबी, भोकमरी र सामाजिक पछौटेपनका विरूद्धमा पनि अन्तर्राष्ट्रिय साझेदारी हुनुपर्ने'मा जोड दिइयो । प्रजातन्त्र संरक्षणको एकमात्र मसिहा ठानिएको अमेरिकाका विदेशमन्त्री समक्ष माओवादीद्वारा सिर्जित समस्याको




*कोलिन पावेल र नेपालका प्रधानसेनापति प्रज्ज्वल शमसेर राणा*

जानकारी गराउँदै उक्त समस्याबाट पार पाउन 'नेपालको राष्ट्रिय गौरवमा आँच नआउने गरी' सामाजिक-आर्थिक र भौतिक सहयोगका लागि आग्रह गरियो । यद्यापि यस सवालमा प्रमुख प्रतिपक्षी दलका नेता भरतमोहन अधिकारीको टिप्पणीको धिमा आवाज सुनिँदै थियो- "आफ्नो समस्या समाधान गर्न हामीलाई कुनै पावेलको आवश्यकता पर्दैन, तर उहाँहरू यसमा सहानुभूति प्रकट गर्न सक्नुहुन्छ ।"

पावेलको भ्रमणमा नेपालले के कुरा राख्ने भन्ने विषयमा सर्वदलीय बैठक नै बोलाएर निर्णय गर्नुपर्नेसम्मका विचारहरू सार्वजनिक भए पनि सरकारले ती विशिष्ट पाहुनालाई आफ्नै सेना प्रमुखसरहको व्यवहार गरेर आतिथ्य दर्शायो । त्यसैको एउटा उदाहरण थियो- पूर्व अमेरिकी सेना प्रमुख पावेलले दुईदिने नेपाल भ्रमणको अन्तिम दिन गत माघ ६ गते शाही नेपाली जंगी अड्डा भ्रमण गर्नुभयो र प्रधानसेनापति महारथी प्रज्ज्वल समशेर जबरालगायतका उच्च सैनिक अधिकारीहरूसँग भेटवार्ता गर्नुभयो । सो अवसरमा पावेल र राणाबीच झण्डै एक घण्टा लामो वार्ता चल्यो । जंगी अड्डा भ्रमणमा अमेरिकी सहायकमन्त्री रिचार्ड वौचर, सहायकमन्त्री क्रिस्टिना रोक्का, नेपालस्थित अमेरिकी राजदूत माइकल ई मालिनोव्स्की आदिको उपस्थिति रहे पनि परराष्ट्र वा रक्षा मन्त्रालयका कोही पनि निजामती अधिकारीको उपस्थिति थिएन । यो विषयमा राजनीतिक क्षेत्रले समेत गंभीर प्रश्नहरू उठायो । अमेरिकी विदेशमन्त्रीले नेपालको नागरिक सरकारसित पो हात हतियार र सैनिक सहायता सम्बन्धमा वार्ताचित गर्नुपर्ने हो त । सिधै सेनासित यसबारे बार्तचित गर्नु नागरिक सरकारको सर्वोच्चतामा खलल पुर्‍याउने अप्रजातान्त्रिक कदम हो भन्ने कुरा त्यतिखेर उठे ।

प्रधानसेनापति राणासँगको वार्तामा पावेलले नेपाललाई हातहतियार सहयोग गर्ने बचन दिँदै सैनिक सामग्रीसम्बन्धी विषयमा काठमाण्डौस्थित राजदूतावासमार्फत आउन आग्रह गरेका समाचारहरू सार्वजनिक भए । यो कुनै स्वाभिमानी स्वतन्त्र सरकारको निम्ति पाच्य सम्मानजनक कुरो थिएन । तर दूतावासमार्फत् नै कुराकानी गर्ने हो भने विदेशमन्त्रीको भ्रमण र वार्तालापहरूको अर्थ के रह्यो भन्नेतर्फ प्रश्नहरू त्यति उठेनन् । संकटकालको समर्थन प्राप्त गरेपछि गद्गद् भएको सरकारले नेपाललाई आवश्यक पर्ने आर्थिक र अन्य भौतिक सहयोगका लागि भने काठमाण्डौस्थित राजदूतावासमार्फत् समायोजन गरी अघि बढ्ने पावेलको आग्रहलाई मुण्टो हल्लाएर समर्थन गर्नुभन्दा बढी केही आवश्यक ठानेन ।

त्यतिबेला पावेलले संकटकाल सीमित अवधिका लागि हुनेछ भनेर व्यक्त गरेको विश्वास र हालै अमेरिका र बेलायतको भ्रमण पूरा गरेर नेपाल फर्केपछि विमानस्थलमा प्रधानमन्त्री देउवाले संकटकाल नलम्ब्याउने भनी सार्वजनिक गरेको



**नेपालका प्रधानमन्त्रीले वैशाखको तेस्रो साता अमेरिकाको अनौपचारिक भ्रमणका क्रममा त्यहाँका राष्ट्रपति बुश र त्यहाँबाट फर्कँदा बेलायती प्रधानमन्त्री टोनी ब्लेयरसँग भेटघाट गर्नुभयो ।**



**२ करोड डलर अमेरिकाको लागि त्यति महत्वपूर्ण रकम हुनसक्दैन, जति महत्वपूर्ण भूमिका उसले नेपालको भूमि प्रयोग गरेर विश्व राजनीतिमा आफ्नो स्वार्थ सिद्धिका लागि निर्वाह गर्न सक्छ ।**



अभिव्यक्तिबीच तादात्म्य खोज्न त्यति कठिनाई हुँदैन । 'संकटकालमा निर्वाचित सरकारले मानवअधिकारको रक्षामा विशेष ध्यान दिनेछ' भन्ने पावेलको अपेक्षा देखावटी मात्र थियो भन्नमा पनि उनको तत्कालीन भनाइ विपरीत संकटकाल विस्तार र मानवअधिकार उल्लंघनका घटनाको विरोध नभएबाट आधार मिल्छ ।

'मूल रूपले अमेरिकी रूची भारत र पाकिस्तानमा केन्द्रित छ तर थोरबहुत स्तरमा त्यो नेपाल, श्रीलंका र बंगलादेशमा पनि लागू हुन्छ । सेंप्टेम्बर ११ पछि अमेरिका निश्चय पनि नेपालमा भइरहेको आतंकवादप्रति बढ्ता संवेदनशील भएको छ -वरिष्ठ अमेरिकी कूटनीतिज्ञ पिटर बर्लीको यो भनाइ पनि पावेलको भ्रमणको सन्दर्भमा सामयिक देखिन्छ । नेपालबाट जापानतर्फ उड्नुअघि प्रधान सेनापतिसँगको उनको वार्ता उनी सैनिक प्रमुख हुँदाको खाडी युद्धको घटनासँग पनि सम्बन्धित हुन पुगेको थियो । नेपालले अमेरिकालाई आवश्यक परेमा सैन्य सहयोग उपलब्ध, गराउने पुरानो सहमति यद्यपि जीवित छ । खाडी युद्धको बेला नेपालसँग अमेरिकाले सैन्य शक्ति माग गरेपछि 'एक ब्रिगेड' सैनिक पठाउने तयारी गरेको पनि थियो । तर, तत्कालीन सरकारले सहमति नजनाएको कारण नेपाली सेनाको सो तयारी व्यवहारमा उत्रिएको थिएन । सार्क राष्ट्रमध्ये पाकिस्तान र बंगलादेशले खाडी युद्धमा सैनिक पठाएका थिए । अहिले पनि एकतर्फी रूपमा विश्वव्यापी युद्ध घोषणामा उत्रिएको अमेरिकाका लागि नेपालमा आतंकवादविरूद्धको समर्थन सामान्य 'टिप्स' भन्दा बढी केही हुनसक्दैन । मुख्य कुरा त सेप्टेम्बर ११ पछि एकाएक 'विश्व आतंकवादविरूद्धकै अभियन्ता' भइरहेको अमेरिकाका लागि उसको इरादा पूरा गर्ने 'चिप्स'हरूको खोजी र प्रयोग मात्र हो ।

त्यही प्रयोग थियो- पावेलको नेपाल भ्रमणका क्रममा आर्थिक तथा अन्य सैनिक हातहतियार तथा उपकरणहरूको सहयोगका बारेमा काठमाण्डौस्थित अमेरिकी राजदूतावासमार्फत् प्रकृया अघि बढाउने सहमति । नेपाललाई सबैभन्दा बढी अनुदान सहयोग गर्ने जापानलाई उछिन्दै सन् २००१/२००२ मा अमेरिकाले त्यो ठाउँ लियो र बुश प्रशासनले नेपालमा माओवादीविरूद्ध लड्न २ करोड अमेरिकी डलर उपलब्ध गराउन त्यहाँको संसद कंग्रेसमा प्रस्ताव नै पेश गर्‍यो । कोलिन पावेलसँग नेपाल भ्रमणमा समेत आएका अमेरिकी विदेश विभागका रिचर्ड बौचरले भने- "नेपाल अधिराज्यको संविधान बमोजिम माओवादी छापामारहरूबाट सर्वसाधारण जनतालाई जोगाउने कामका लागि नेपाल सरकारप्रति पूर्ण समर्थन रहेको फेरि दोहोर्‍याउँछौं ।" पावेलको भ्रमणपछि चैतको अन्तिम साता सहयोगसम्बन्धी विषयमै कुरा गर्न परराष्ट्र मन्त्रालयका कामु सचिव मधुरमण आचार्य र प्रवक्ता ज्ञानचन्द्र आचार्यको अमेरिका भ्रमणपछि त्यो सहयोग राशि निर्धारण हुन पुगेको थियो । त्यो राशि सैनिक उपकरणका अलावा हिंसा प्रभावित क्षेत्रको राहतका लागि समेत उपयोग होस् भन्ने अमेरिकी चाहना रहेको कूटनीतिक क्षेत्र बताउँछ । त्यही 'चाहना' पूरा गर्ने उद्देश्यले शाही नेपाली सेनाको आवश्यकता, हिंसा

## कस्तो छ नेपाल आएको अमेरिकी विज्ञ टोली ?

प्रत्यक्ष रुपमा सैनिक अधिकारीहरुलाई नै नेपाल भ्रमण गराउनेदेखि कूटनीतिक अधिकारीहरुलाई राजनीतिक भाषणसम्म गराएर माओवादीविरुद्ध बोल्ने नाममा नेपालको आन्तरिक मामलामा हस्तक्षेप गरिरहेको अमेरिकाले माओवादी विद्रोह कसरी अन्त गर्नेभन्नेबारे गम्भीर अध्ययनका लागि विज्ञ बुद्धिजीवीहरुलाई पनि खटाएको देखिएको छ । बोष्टन विश्वविद्यालयका अन्तर्राष्ट्रिय सम्बन्ध विषयका प्राध्यापक डा. स्कट पाल्मर र सुरक्षा मामलासम्बन्धी अमेरिकी विषेषज्ञ डा. टम माक्ससहितको हालैको नेपाल बसाइ पनि त्यसैको एउटा क्रम हो ।

पेरु, चिली र इक्वेडरको विस्तृत काममा व्यवसायिक अनुभव हासिल गरेका पाल्मर इक्वेडर-पेरु सीमा विवाद, पेरुको राजनीति, छापामार आन्दोलन, सैनिक शासन, नागरिक सेना सम्बन्ध, प्रजातन्त्रीकरण र अमेरिका-दक्षिण सम्बन्ध विषयमा विशेष दखल राख्छन् । त्यस्तै सुरक्षा मामलाका परामर्शदाता तथा द्वन्द्व र विद्रोहका नामी अमेरिकी विज्ञ डा. टम माक्स पनि एसिया, दक्षिण अमेरिका र उत्तरी आयरल्याण्डको विषयमा व्यापक जानकारी राख्छन् । उनीहरुसहितको टोलीले शाइनिङ्ग पाथका नेता डा. अबिमैल गुज्म्यान रेनोसा अर्थात गोन्जालो पक्राउ पर्नुअघि शाइनिंग पाथविरुद्ध पेरुमा निकै सक्रियतापूर्वक काम गरेको थियो । त्यही टोलीका प्रमुख विज्ञहरुमध्ये केही अहिले नेपाल आएका हुन् ।

पेरुको अनुभवसमेत सुनाउँदै हालै काठमाडौंमा आयोजित एक छलफल कार्यक्रममा उनीहरुले माओवादी समस्या समाधान गर्ने विषयमा धेरै विचारहरु सार्वजनिक गरे । माओवादी विद्रोह अन्त गर्न, खासगरी माओवादी नेताहरु छानीछानी मात्र मार्ने नीति लिनुपर्ने, सरकारले जनतामा कल्याणकारी कार्यक्रमहरु लैजानुपर्ने, गाउँ गाउँमा नागरिक सुरक्षा समिति गठन गरिनु पर्ने, राज्य व्यवस्थाका कतिपय संरचनाहरुको पुनः संरचना गर्नुपर्ने, जनभावना बुझेर सामाजिक न्याय दिनुपर्ने, प्रजातन्त्र पक्षधरहरुलाई संगठित गर्नुपर्ने, माओवादीको साथ दिने जनतालाई अलग्याएर सरकारले पक्षमा लिनुपर्ने, लघु कार्यक्रमहरु जनतामा

प्रभावित क्षेत्रका जनताको अवस्था र तिनलाई गर्न सकिने सहयोगको 'प्रत्यक्ष जानकारी' लिने सिलसिलामा 'अमेरिकी विशेषज्ञ टोली'ले पश्चिमका केही जिल्लाको भ्रमणसमेत गऱ्यो ।

## *अमेरिकी चलखेल र स्वार्थ*

यसरी कार्यकारिणीकै हैसियतका साथ अमेरिकी कूटनीतिक व्यक्तिहरूले नेपालको आन्तरिक राजनीतिमा प्रत्यक्ष हस्तक्षेपकारी भूमिका प्रदर्शित गर्न थाले । माओवादीहरूले अछामको मंगलसेन र साँफेबगरमा भीषण आक्रमण गरेपछि अमेरिकी राजदूत नै अछाम पुगे । अनि फर्केर आएपछि माओवादीविरूद्ध राजनीतिक भाषण गरे । अमेरिकी अधिकारीहरूले काभ्रे पाँचखालस्थित संयुक्त राष्ट्रसंघीय क्षेत्रीय तालिम केन्द्रमात्र हैन, नेपालगंजस्थित प्रितना हेडक्वार्टरको पनि निरीक्षण भ्रमण गरे- मानौं कि उनीहरू नेपाली सैनिक अधिकारीहरू नै हुन् । यसरी नेपालको राष्ट्रिय सुरक्षा र सैन्य गोप्यताको सवाल देउवा सरकारका लागि अनावश्यक भएझैं भयो ।

नेपालका प्रधानमन्त्रीले वैशाखको तेस्रो साता अमेरिकाको अनौपचारिक भ्रमणका क्रममा त्यहाँका राष्ट्रपति बुश र त्यहाँबाट फर्कंदा बेलायती प्रधानमन्त्री टोनी ब्लेयरसँग भेटघाट गर्नुभयो । दुवै देशले त्यस क्रममा नेपाललाई सहयोग गर्ने वचन दिए, जसलाई धेरैले देउवाको भ्रमणको सफलताको रूपमा पनि चर्चा गरे । तर डा. जयराज आचार्यको शब्दमा यो 'नेपालको कूटनीतिक क्षेत्रको सफलताभन्दा अमेरिकाको आफ्नै इच्छाका कारण' आउन लागेको सहयोग हो ।

त्यो सहयोगसँगै स्वभाविक रूपमा नेपालमा अमेरिकाको रूची पनि भित्रिएको छ । २ करोड डलर उसको लागि त्यति महत्वपूर्ण रकम हुनसक्दैन, जति महत्वपूर्ण भूमिका उसले नेपालको भूमि प्रयोग गरेर विश्व राजनीतिमा आफ्नो स्वार्थ सिद्धिका लागि निर्वाह गर्न सक्छ । "अमेरिका नेपाललाई आफ्नै स्वतन्त्र दृष्टिकोणबाट हेर्दछ । तर, श्रीलंकामा जस्तै हामी चाहन्छौं-



*नेपाल भ्रमणको क्रममा कोलिन पावेल/साथमा तात्कालीन अर्थमन्त्री रामशरण महत*

सम्भव भएसम्म अमेरिकी र भारतीय नीतिहरू समानान्तर र सहयोगी दिशामा चलून्, एक अर्काप्रति पारदर्शी होऊन् र भारत तथा अमेरिकाको नेपाल क्षेत्रमा कुनै प्रतिस्पर्धा नहोस् ।" हाल अमेरिकी विदेश मन्त्रालयका दक्षिण-एशिया कूटनीतिक रणनीतिकारका रूपमा परिचित पिटर बर्लीले अमेरिकी राजदूत मालिनोव्स्कीसँगै माओवादी क्षेत्रको भ्रमण गरेर फर्केपछि भने- "दक्षिण एशियामा भारतको भूमिका अत्यन्त महत्वपूर्ण छ भनेर हामीले मानेका छौं, तर यसको अर्थ भारतले हाम्रो नेपालसम्बन्धी नीति निर्धारण गर्छ भन्ने होइन । नेपालका विषयमा हामीले नेपालसित सिधा व्यवहार गर्ने कुरो त छँदैछ, तर हामीले नेपालका विषयमा भारतलाई पनि नेपालको समस्या समाधान गर्न उत्साहित गराउने र दवाब दिनेछौं ।"

वरिष्ठ अमेरिकी कूटनीतिक बर्लीले भनेजस्तै देउवाको यसपटकको अमेरिका भ्रमणले 'सिधा व्यवहार' प्रदर्शन गरेको छ । 'नीति निर्धारण'कै सिलसिलामा विदेशमन्त्री कोलिन पावेलले शाही नेपाली जंगी अड्डाको भ्रमण गरेपछि नेपालगंज र पाँचखालका ब्यारेकहरूमात्र नभएर अमेरिकी सेनाले रूकुम, रोल्पा, अछाम, गोर्खा र धादिङको समेत भ्रमण गरे । राजनीतिक दलहरूले विदेशी हस्तक्षेपको रूपमा त्यस्ता कार्यहरूको विरोध गरेपछि अमेरिकी राजदूत मालिनोव्स्कीले एक सार्वजनिक कार्यक्रममै नेपालको 'आन्तरिक मामिलामा कुनै चासो नभएको' र 'नेपालमा फौजी अड्डा राख्ने विचार नभएको बताएर ढाकछोप गर्न खोजे ।

सोभियत संघको पतनपछि उत्पन्न एकध्रुवीय विश्व राजनीतिमा सदैव अमेरिकाको चाहना पूरा हुने गरेको सन्दर्भ यहाँ पनि लागू भएको हो । रूस, चीन र स्वतन्त्र भएका पूर्वसोभियत गणराज्यहरू ताजकिस्तान, कजाकिस्तान, तुर्कमेनिस्तान, उज्वेकिस्तान, अजरवैजानजस्ता राष्ट्रबाट केही शक्ति सन्तुलन हुने सम्भावना पनि

---

लगिनुपर्ने जस्ता जनसहभागितामूलक अवधारणा लागू गरिनुपर्ने बताए ।

उनीहरुका अनुसार सामाजिक न्यायको अभावमा आक्रोसित भएर पेरुमा पनि क्याथोलिक इसाइहरुसमेत शाइनिङ पाथको समर्थक भएका थिए । त्यहाँ १० वर्षमा २५ हजार व्यक्ति मारिएका थिए । अन्तिम दिनहरुमा त्यहाँ पनि विकासका संरचना भत्काएका उदाहरण दिंदै अमेरिकी विज्ञ बुद्धिजीवीहरुले राज्यको नीति-निर्माण प्रक्रिया गलत भएकोले पेरुभियन कम्युनिष्टहरुको विद्रोहलाई वेवास्ता गरी पछिल्ला दिनहरुमा मात्रै गम्भीरतापूर्वक लिइएकोलाई ती विज्ञहरुले पेरुभियाली सरकारको गल्ती भने । नेपालमा पनि त्यही स्थिति देखिएको औंल्याउँदै उनीहरुले नेपाल र पेरुको विद्रोह दमनका निम्ति थाल्नुपर्ने कदमहरु उस्तै रहेको सल्लाह दिए ।


अमेरिकी विज्ञद्वयले माओवादीभित्र व्यापक मात्रामा गुप्तचरहरुको घूसपैठ गराउनुपर्ने, माओवादीका सूचना संकलनमा स्थानीय जनतालाई संलग्न गराउनुपर्ने सल्लाह पनि सार्वजनिक गरे । प्रजातान्त्रिक राज्यव्यवस्थाले गर्नै पर्ने कतिपय कामहरु राज्यले नगरेकोले माओवादीले ती उदाहरण तेर्स्याएर जनतालाई साथ लिएको बताउँदै उनीहरुले स्थानीय परिस्थितिलाई नै माओवादी बृद्धिको कारण पनि भने ।

आतंककारी र विद्रोहीबीचको भिन्नता औंल्याउँदै उनीहरुले नेपालमा माओवादीहरुलाई आतंककारी नै भएको ठहर गरे । विद्रोहीको जनाधार हुन्छ, तर आतंककारीको हुँदैन । उनीहरुको तर्क थियो- 'अन्ततः विद्रोहीहरु पनि आतंककारी नै बन्छन् ।' माओवादीहरु जनउत्तरदायी नदेखिएकाले पनि 'आतंककारी' परिभाषित गर्न सकिने उनीहरुको राय थियो । ती दुई अमेरिकीहरुको प्रवचन सुनिसकेपछि त्रिभुवन विश्वविद्यालयका डा. श्रीधर गौतमले **मूल्यांकन**संग भन्नुभयो- 'यिनीहरु पेरुमा जसरी नै नेपालमा पनि माओवादीहरुलाई दमन गर्ने उपाय सिकाउन र नेपाली सूचनाहरु संकलन गर्न आएको देखिएको छ ।' ❑

**माओवादी विद्रोहको अन्त कसरी हुनसक्छ ?**

### अमेरिकी विज्ञ टोलीको सुझाव

- माओवादी नेताहरु चुनीचुनी मात्र मारिनुपर्ने
- माओवादीभित्र व्यापक मात्रामा सरकारी गुप्तचर घुसाइनुपर्ने
- माओवादीको सूचना संकलनमा स्थानीय जनताको सहयोग लिइनुपर्ने
- जनकल्याणकारी कार्यक्रममार्फत् जनतालाई आकर्षित गरिनुपर्ने
- नागरिक सुरक्षा समिति गठन गरिनुपर्ने
- राज्यका कतिपय संरचनाहरुको पुनःसंरचना गरिनुपर्ने
- सामाजिक न्यायमा विशेष ध्यान दिइनुपर्ने
- प्रजातन्त्रका पक्षधरहरुलाई संगठित गरिनुपर्ने
- जन सहभागितामूलक लघु कार्यक्रमहरु गाउँ-गाउँमा लगिनुपर्ने ।




# के हो खम्पा काण्ड ?

चित्र : श्रमिक खबर

तिब्बती धार्मिक नेता दलाई लामा सिक्किम हुँदै भागेर भारतको नयाँदिल्ली गएपछि वि.सं. २०२८ सालमा तिब्बतमा चिनीयाँ सांस्कृतिक क्रान्तिका विरोधी केही तिब्बती सैनिक अर्थात् खम्पाहरू तिब्बतबाट भागेर नेपालको उत्तरी भूभागतर्फ प्रवेश गरे र, स्वतन्त्र तिब्बतको निम्ति चीनको विरुद्ध युद्ध शुरू गरे ।

उनीहरूलाई लता-कपडा, खाद्य सामग्रीदेखि हातहतियार, गोली गठ्ठाहरूको लागि समेत अमेरिकीहरूले सहयोग गरेका थिए । त्यसनिम्ति ताङ्गेम्पु भन्ने ठाउँमा हेलिप्याड तथा ड्रपिङ् जोन' नै निर्माण गरिएको थियो र सैनिक युद्ध शुरू भएको थियो । त्यहाँबाट तिब्बतमा लुटपाट मच्चाउनसमेत खम्पा प्रशिक्षार्थीहरू जाने गरेका थिए ।

यी सबै गतिविधिबारे तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्ट चीन गएको बेला चीन सरकारले आपत्ति जनायो । अन्ततः दुवै देशबीच नेपाल चीन सिमानामा रहेका खम्पाहरूलाई कारवाही गर्न दुई बुँदे सम्झौता भयो । सो सम्झौतापछि तत्कालीन प्रमुख सेनानी सच्चित समशेर जबराको नेतृत्वमा शाही नेपाली सेनाको 'प्रारम्भिक सैनिक निरीक्षण' टोली मुस्ताङ्ग पुगेर एक प्रतिवेदन तयार गर्‍यो । सो प्रतिवेदनमा ओलाङचुङ् गोला, रसुवागढी, केसाङ्ग भञ्ज्याङ्, टिंकरलिपु, ब्यास घाँटीलगायतका नेपाली भूभागमा प्रशस्त हातहतियार र विष्फोटक पदार्थसहित खम्पाहरू बसेको, उनीहरूको मुख्य हेडक्वार्टर नीलगिरि हिमालको फेदीमा रहेको, मुस्ताङ्गका विभिन्न ठाउँमा समेत क्याम्प खडा गरी बसेको र तिब्बत तथा नेपाल दुवैतर्फ व्यापक आतंक मच्चाएको त्यो टोलीले औंल्यायो ।


तत्कालीन श्री ५ महाराजधिराजबाट मुस्ताङ्गमा भएका खम्पाहरूलाई शान्तिपूर्वक निशस्त्र गराई पोखरा आसपास ल्याउने र उत्तरी भेगतर्फ जान निषेध गर्ने सुझाव दिइयो । त्यसअनुसार काम गर्न केही पल्टनलाई शाही नेपाली गंजी अड्डाबाट तयार गर्नका लागि २०३१ साल असार १ गते पोखरा पठाइयो । सो अपरेशनमा मुख्य रूपमा श्रीनाथ गणलाई सहभागी गराइयो । प्रमुख सेनानी सच्चित समशेर राणाको नेतृत्वमा सो गणको कार्यधिकृतमा तत्कालीन सह-सेनानी भिक्ट्री राणालाई संलग्न गराइएको थियो । मुख्य फौज श्रीनाथ गणबाहेक थप पाँचवटा गण र ३ वटा गुल्म पनि परिचालित भए ।

जंगबहादुर राणाको पालामा भएको नेपाल भोट युद्धपछि नेपाली सेनाको इतिहासमा युद्धको सबैभन्दा भव्य र बृहत तयारी मानिने खम्पा निशस्त्रीकरण अपरेशनको मुख्यालय जोमसोममा स्थापना गरियो भने अपरेशनको निमित्त बाहिनीपति सिंहप्रताप शाहलाई तोकियो । शाही नेपाली सेनाले हिमालपारिको उच्च भूभाग केसाङ्गमा पुगेर खम्पाहरूका नाइके गे-वाङ्गदीलाई हतियार नबुझाउने र आत्मसमर्पण नगर्ने हो भने कारवाही गरिने पत्र पठायो । वाङ्गदीले मञ्जुरी जनाएर पत्र पठाए । २०३१ साउन ५ गतेबाट हतियार बुझाउन शुरू गर्ने भनिएकोमा ११ गते हुँदै १६ गतेसम्म म्याद थपियो । र, १६ गते राति २ बजे सबै हतियार बुझाउने सहमति भयो ।


साउन १७ गते केसाङ्ग क्याम्प खानतलासी गर्दा जमीन मुनि गाडेर राखिएका विभिन्न हतियारहरू बरामद भयो । भोलिपल्ट छुसाङ्, धिलिङ्, घमीमा तलासी भयो । गे-वाङ्गदी उम्किए । उनलाई मार्ने वा थुन्नेबारे सैनिक रणनीति अस्पष्ट भएकाले समस्या परेको कुरा पनि सेनानी प्रेमसिंह बस्न्यातद्वारा लिखित 'शाही नेपाली सेना र प्रधान सेनापतिहरू' नामक पुस्तकमा उल्लेख छ । शाही नेपाली सेनाले २०३१ श्रावण १६ गतेदेखि भदौ ३१ गतेसम्म खम्पाहरूको खानतलासी गर्दा ५४३ थान राइफल, ७५ थान ब्रेनगन, ३५ थान स्टेनगन, १६ नाल पेस्तोल, ६० मि.मि. मोर्टार ८ नाल, ५७ मि.मि. आर.सी.एल. ७ नाल, ६० मि.मि.को बम ३८५ थान, ५५ मि.मि.को बम ३२० थान, वायरलेस सेट ५ थान र गोलीहरू २ लाख २ हजार ३४८ राउण्ड बरामद गरिएको थियो ।

केसाङ्ग क्याम्पबाट ५०/६० जनाको डफ्फासहित हतियार र लाखौं रूपैयाँ लिएर भारत पस्ने योजनासहित गे-वाङ्गदी पश्चिमतर्फ भागेको प्रतिवेदन प्राप्त भएपछि शाही नेपाली सेनाले हेलिकोप्टरबाट खोजी शुरू गर्‍यो । केही दिनपछि वाङ्गदीको टोलीले मुगुमा प्रहरी चौकी लुट्ने योजना बनाई त्यस इलाकाका शरणार्थीहरूलाई समेत प्रयोग गर्न लागेको सेनाले थाहा पायो । अनि भारततर्फको इलाकाभित्र पर्ने सीमावर्ती बाटो तथा भञ्ज्याङ्गहरूमा समेत वाङ्गदीलाई पार्न एम्बुस थाप्ने प्रयासहरू भए । अन्ततः भदौ ३० गते दार्चुलाको टिंकरलिपुमा एम्बुस थाप्ने श्री अरिदमन गुल्मसँग गे-वाङ्गदीको फौजको भेट


*खम्पाहरूबाट खोसिएका हतियारहरू*







**यी सबै गतिविधिबारे तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्ट चीन गएको बेला चीन सरकारले आपत्ति जनायो ।**







भयो । र, गोली हानाहान शुरू भयो । जमदार दानबहादुर चन्दको नेतृत्वमा त्यहीं रहेको एम्बुसमा वाङ्दीसहित अरू खम्पा, घोडा र खच्चरहरू मारिएका थिए । उक्त मुस्ताङ्को केसाङ्मा खम्पा निशस्त्रीकरणपश्चात् श्री ५ वीरेन्द्रसमेत सवारी भयो र मन्त्रीपरिषदको बैठकसमेत बस्यो । हाल त्यहाँ सेनाको 'हाई अल्टिच्यूड ट्रेनिङ्ग स्कूल'का रूपमा उच्च शिखर शाखा सञ्चालित छ ।

खम्पाहरूलाई भारत र अमेरिकाले तालिम दिएका थिए भने हतियार ओसार्न राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमा रेडक्रसलाई समेत प्रयोग गरिएको थियो । 'श्रमिक खबर'का लागि राजन भट्टराईसँग सन्चित समशेर जबराले बताएअनुसार त्यस क्षेत्रमा खम्पाहरूलाई हतियार पुर्‍याउन रातको समय पारेर हेलिकोप्टर र जहाजहरू प्रयोग गरिएका थिए । र, त्यस काममा विशेष गरेर अमेरिका र भारतको संलग्नता रहेको कुरा गिरफ्तार गरिएका व्यक्तिहरूको बयान र बरामद गरिएका हतियारहरूबाट खुल्न आएको थियो । ❑

ती राष्ट्रहरू फटाफट नाटोमा प्रवश गर्न थालेपछि क्षीण भएर गएको थियो । रूस, चीन, भारतको सहयोगले एकध्रुवीय विश्वको ज्यादतीलाई रोक्न सक्छ भन्ने 'प्रिमाकोभ डक्ट्रिन'ले मूर्तता पाउने स्थिति नै विकास भएन । फलतः नेपालजस्ता साना देशहरूमा राष्ट्रिय स्वाभिमानप्रति गंभीर नभएको सरकारको कारणले अमेरिकी हौवाको पछि लागिरहने स्थिति बन्यो । अन्ततः संयुक्त राष्ट्रसंघ निरीह बन्यो र संयुक्त राज्य अमेरिकाले एकछत्र दबदबा मच्चाउन थाल्यो । माओवादीलाई आतंककारी घोषणा गरे पनि त्यसविरूद्ध आन्तरिक क्षमता विकास तथा आर्थिक, राजनैतिक र सामाजिक परिवर्तनका कार्यक्रम ल्याइएन । परम्परागत ढंगले राज्यविरूद्ध लूट र सत्ताको छिनाझप्टी जारी रह्यो र विदेशी सेना गुहार्नेसम्मको राष्ट्रघाती प्रवृत्ति देखापर्‍यो । माओवादीलाई क्रान्तिकारी अन्तरराष्ट्रिय आन्दोलन (रिम) वा दक्षिण एशियाली कम्युनिष्ट महासंघ (कम्पोसा)को नाममा र सरकारलाई अमेरिका, बेलायत, भारत आदिबाट राज्यस्तरमै क्षेत्रीय र अन्तर्राष्ट्रिय सहयोग भइरह्यो ।

## *अमेरिकालाई नेपालको महत्व*

यसैबीच अमेरिकाको केन्द्रीय गुप्तचर संस्थाको 'ट्रेन्ड टु २०१५' शीर्षक अध्ययनले अमेरिकाको कथित 'आतंकवादविरूद्ध युद्ध'को मनसाय सार्वजनिक गरेको छ । सो अध्ययनमा इरान, इराक, उत्तर कोरिया, रूस र चीनलाई अमेरिकाको निम्ति खतराका रूपमा व्याख्या गरिएको छ, जुन पाँचवटै मुलुकसँग आम संहारकारी हतियार भएको वा हुनसक्ने विश्वास अमेरिकाले गरेको छ । तर तीमध्ये इरान आणविक हतियारयुक्त राष्ट्र बन्ने प्रयासमा मात्र रहेको, इराकलाई अमेरिकी नाकाबन्दीले कमजोर पारेको, उत्तर कोरियासँग राष्ट्रपति क्लिण्टनकै पालामा वार्ता भएर रोकिएको र रूससँग पनि दुई तिहाई शस्त्र कटौतीबारे सहमति नै भएको स्थितिमा चीनलाई एकमात्र 'खतरा'को रूपमा अमेरिकाले विश्वास गरेको छ । हतियार मात्र नभएर वार्षिक ७-८ प्रतिशतका दरमा तीव्र रूपमा भइरहेको आर्थिक वृद्धिदर हेरेर सन् २०१५ सम्ममा चीन अमेरिकालाई समेत उछिन्ने विशाल महाशक्ति राष्ट्र हुनेछ, अमेरिकालाई हरतरहले चुनौती दिनेछ भन्ने अमेरिकी ठहर देखिन्छ ।

चीनसँगको यो खतरा महशूससँगै पश्चिमाहरूले अर्को विश्लेषण पनि गरेका छन् । विश्वव्यापार संगठनमा सामेल भएको चीनले त्यसअनुसार व्यवस्थापन गर्न सकेन भने के होला र सक्यो भने के होला ? तर परिणाम जसरी पनि घातक देखेका छन् उनीहरूले । 'ट्रेण्ड टु २०१५' अनुसार, व्यवस्थापन गर्न नसके चीनमा व्यापक बेरोजगारी, आर्थिक असमानता बढ्छ, नागरिक अधिकारको लागि विद्रोह हुनसक्छ । र, आर्थिक अवस्था धराशायी हुन्छ । यदि, यो कहालीलाग्दो स्थिति आएमा चीनले आफूसँग भएका आम विनाशकारी हतियारहरू वैध वा अवैध रूपमा बेच्न थाल्छ, गैरराज्य पक्षबाट अमेरिकाविरूद्ध हुने जथाभावी युद्धहरूमा ती हतियार प्रयोग हुन सक्छन् । अर्कोतर्फ, खुला बजारमा चीनले अहिले जसरी नै व्यवस्थापन गर्दै जानसके आर्थिक वृद्धिसँगै अहिलेको १४ प्रतिशत रक्षा खर्च पनि वृद्धि गर्न थाल्छ र अमेरिकाको निम्ति चुनौति थपिन सक्छ । अबको युद्ध 'साइबर बेस्ड' हुने सन्दर्भमा अहिले इण्टरनेट प्रयोगकर्ताहरूमध्ये सर्वाधिक संख्या चिनियाँ हुनु र ठूला अन्तर्राष्ट्रिय कम्पनीहरू त्यसतर्फ आकर्षित हुनुले त्यो संख्यालाई अझ बढाउने निश्चित छ । अन्तरिक्ष प्रविधि पनि फ्रान्सपछि सबैभन्दा सस्तो चीनकै देखिएको छ । त्यो स्थितिमा रणनैतिक हिसावले पनि चीनलाई घेर्ने नीति हुनु उसका लागि जरूरी छ । र, चीनको निरन्तर विकासको अनुगमन त्योभन्दा जरूरी छ ।

डिएगो गार्शिया टापुको एयर बेस, गुआम टापुको नौसैनिक अखाडा, फिलिपिन्सको हवाई सैनिक अखाडा, जापान, दक्षिण कोरिया, ताइवानलगायत पूर्वी र दक्षिण पूर्वी एशियाका सैनिक अखाडामात्र यो अवस्थामा अमेरिकाका लागि पर्याप्ति महशूस हुन छोडेका छन् । सेप्टेम्बर ११ पछिको स्थितिमा कट्टरपन्थी मुश्लीम विद्रोह उसको थप टाउको दुखाइ भएको छ । सेप्टेम्बर ११ पछिका आतंकवादविरोधी अमेरिकी प्रयासमा पूर्वसोभियत राज्यहरूसँगै रूस-चीन, पाकिस्तानले पनि समर्थन जनाएपछि मध्य-एशियामा पनि अमेरिका सैनिक उपस्थिति हुन थाल्यो । चीनका तीनवटा प्रमुख कमला ठाउँहरूमध्ये ताइवानमा सैनिक अखडा नै राखेको अमेरिकाका लागि हालैको अफगान युद्धपछि मध्य एशियामा समेत सैनिक उपस्थिति जनाउन पाउनु चीन घेर्ने नीतिमा थप एक खुड्किलो प्राप्त भएको थियो । पश्चिम चीनको सिङ्कियाङ्मा कट्टरपन्थी मुस्लिमहरूले चलाइरहको सशस्त्र विद्रोहका कारण आतंकवादको विरोध गर्नु चिनियाँ रणनीतिक आवश्यक्ता थियो । तालिवान र अल काइदा जस्ता कट्टरपन्थी मुश्लिम संगठनहरूको प्रभाव पूर्वसोभियत मुश्लिम गणराज्यहरूमा पनि रहेकोले ती राज्यहरूले पनि अमेरिकी सैनिक उपस्थितिको विरोध गर्ने कुरै थिएन । फलतः अर्को एउटा

*हालैको अमेरिका भ्रमणको क्रममा अमेरिकी राष्ट्रपति बुससँग प्र.म. देउवा*



संवेदनशील क्षेत्र तिब्बतमा अहिले अमेरिकाको आँखा लागेको छ ।

चीनविरूद्ध अमेरिका र भारतको मन मिल्नु स्वभाविक छ । चीन अमेरिकाको निमित्त विश्व अर्थ-राजनीतिको प्रतिस्पर्धी भएजस्तै भारत चीनलाई क्षेत्रीय प्रतिस्पर्धी ठान्छ । तसर्थ नेपालको बाटो भएर तिब्बतीहरूलाई शरणार्थीको रूपमा भारततर्फ निकाल्नु र तिब्बतमा चीनविरोधी गतिविधि पुऱ्याउनु दुवैका साझा लक्ष्य भएका छन् । खम्पा विद्रोहदेखि कर्मापा पलायन प्रकरणसम्म अमेरिका वा भारत दुवै मुछिएका छन् र ती दुवै काण्डमा नेपालको राजनैतिक दृष्टिले महत्वपूर्ण स्थान मुस्ताङ खेलभूमि भएको छ । अहिले गर्मीको मौसममा भारतको आगरामा भइरहेको र आगामी हिउँदमा अमेरिकाको उत्तर पश्चिमी ठण्डी भू-भागमा गरिने भारत-अमेरिकी संयुक्त सैनिक तालिम पनि वस्तुतः चीनतर्फ लक्षित हुनसक्ने संभावनामा पर्याप्त आधार भेटिन्छन् ।

त्यो स्थितिमा नेपाल चीनविरोधी खेलभूमि बन्ने निश्चित छ । भारतको धर्मशाला र बैंगलोरमा जस्तो खुल्ला देखिए पनि नेपालमा पनि केही तिब्बती शरणार्थी शिविरका अलावा गुम्बा, विद्यालय, व्यापारिक गृह आदिमा प्रशस्त तिब्बती गतिविधि देखापर्छ । यदाकदा त स्वतन्त्र तिब्बतका नाममा चीनविरोधी प्रदर्शन नै यहाँ आयोजना गरिन्छन् । र, नेपाल तिब्बतीहरूलाई चीनबाट बाहिर निकाल्ने नाकाको रूपमा देखापरिरहन्छ ।

यस अतिरिक्त नेपालले चीनसँग सिमाना जोडिएका संवेदनशील रणनीतिक महत्त्वका हिमाली भूभागहरूमा विदेशीहरूको आवागमनलाई खुकुलो पारेपछि थप सहयोग पुग्ने देखिन्छ । मन्त्रीपरिषदको गत वैशाख १२ गतेको निर्णयअनुसार ताप्लेजुङ्ग, दार्चुला, हुम्ला, रसुवा, मनाङ्ग, सोलुखुम्बु, संखुवासभा, मुगु र बझाङ्ग गरी ९ जिल्लाका २३ वटा निषेधित क्षेत्र पर्यटकहरूका लागि खुला गरिएको छ । मुस्ताङ्ग, डोल्पाजस्ता संवेदनशील क्षेत्रहरू पहिले खुला रहेका थिए ।

ती क्षेत्रमात्र खुला नगरी ती क्षेत्रमा जाने पर्यटकहरूका साथ सरकारी सम्पर्क तथा वतावरण अधिकृत रहने पुरानो व्यवस्था समेत सोही बैठकबाट खारेज गरी खुफियाको उद्देश्यले घुम्ने विदेशीहरूलाई स्वतन्त्र




**अमेरिकी साम्राज्यवादको गिद्देदृष्टि**

*अमेरिकाको 'वर्कर्स वर्ल्ड' पार्टीको पत्रिका 'वर्कर्स वर्ल्ड'ले प्रकाशित गरेको यो नक्सामा एशियामाथि गिद्देदृष्टि लगाइरहेका अमेरिकी सैनिक अखडाहरुको चित्र प्रस्तुत गरिएको छ ।*

# कहाँ किन भइरहेको छ अमेरिकी सैन्य चलखेल ?

❑ विश्वकै सबैभन्दा शक्तिशाली राष्ट्र ❑ आर्थिक-राजनैतिक-सैनिक शक्तिहरूमध्ये सबैभन्दा बेसी बलियो मुलुक ❑ सैन्य क्षेत्रमा सबैभन्दा बेसी लगानी गर्ने र अन्तर्राष्ट्रिय हात-हतियार बिक्री गर्ने कार्यमा अग्रणी देश ❑ यो पृथ्वी र यहाँका अरबौं जनतालाई कैयौं पटक खरानी पार्न सक्ने हात-हतियारले लैश महाशक्ति राष्ट्र !

कुन चाहिं हो- त्यस्तो राष्ट्र ?

हो, अमेरिका, जसले सन् १९४५ देखि यता आफ्नो सैन्य-शक्तिलाई दुई-चारवटा मुलुकमा बाहेक सर्वत्र तैनाथ गर्ने, त्यसमार्फत् हस्तक्षेप र चलखेल गर्ने कार्यलाई ७० प्रतिशतको दरले बढाएको छ । जसले आफ्नो गुप्तचर संस्था- सीआईएमार्फत् अनगिन्ती संख्यामा विद्रोह-प्रतिविद्रोहका अभियानहरू संचालन गरी विश्वका अधिकांश मुलुकमा सरकार फेर्ने र स्थापित गरिराख्ने कार्य गर्दै आइरहेको छ, जसले सैनिक सहयोग, हात-हतियारको बिक्री, सैनिक प्रशिक्षण र आर्थिक सहयोग दिने नाममा सैनिक हस्तक्षेप र चलखेलको क्रमलाई सर्वव्यापी बनाउँदै आइरहेको छ ।

सन् १९९० सम्म विश्वभरि सैन्यशक्तिको विस्तार र हस्तक्षेपका लागि अनि स्वदेशी सैनिक उद्योगको हात-हतियारको नाफादायक व्यापारका लागि अमेरिकासँग सोभियत संघको साम्यवादको विनाश गर्ने निहुँ र नारा थियो । सोभियतसंघको विघटनपछि साम्यवादसँगको शीतयुद्ध समाप्तिको घोषणा भएपछि उसले अनेकौं नयाँ नयाँ निहुँ र नाराहरूको खोज र प्रयोग गर्दै आइरहेको छ । उसले कहिले लागू-पदार्थविरोधी युद्ध, मानवीयतापूर्ण हस्तक्षेप, प्रजातन्त्रको स्थापनाजस्ता नाराहरू प्रयोग गरिसकेपछि केही समय अगाडिसम्म इस्लाम र चिनियाँ सभ्यताविरूद्ध पश्चिमी 'सभ्यताको युद्ध' र 'दुष्ट राज्यविरोधी कारवाही'को निहुँ र नारा आविष्कार गरिसकेको छ । र, अहिले उसले साम्यवादविरोधी संघर्ष जत्तिकै प्रभावशाली नारा आविष्कार गरेको छ- 'आतंकवादविरोधी युद्ध !'

चाहे जस्तोसुकै युद्ध वा संघर्ष किन नहोस्- ती सबैबाट उसका लागि फाइदै फाइदा मात्रै छ । विश्वमाथि प्रभुत्व जमाउन र आफ्ना एकाधिकारी पूँजीपतिहरूको नाफा सुरक्षित गरी दुवै हातमा लड्डू नहुने भए उसले किन युद्धमाथि युद्ध छेड्दै बस्छ ?

खसोखास भन्ने हो भने ऊ युद्धविना बाँच्नै सक्दैन, किनकि ऊ युद्धलाई आफ्नो अक्सिजन ठान्ने साम्राज्यवादी शक्ति हो । युद्ध, संघर्ष,



चित्र : द इकोनोमिस्ट

## अमेरिका र नेटोका सैन्य अखडाहरूको विस्तार

*अमेरिकाको प्रभुत्वमा रहेको युद्धखोरहरूको सैनिक गठबन्धन नेटो (NATO) को सैन्य-गठबन्धनको फैलावट*

- ❑ अमेरिका ❑ ब्रिटेन ❑ बेल्जियम ❑ क्यानाडा
- ❑ चेक गणतन्त्र ❑ डेनमार्क ❑ फ्रान्स ❑ जर्मनी
- ❑ ग्रीस ❑ हंगेरी ❑ आइसल्याण्ड ❑ इटाली
- ❑ लक्जम्बर्ग ❑ नर्वे ❑ नेदरल्याण्ड ❑ पोल्याण्ड
- ❑ पोर्चुगल ❑ स्पेन

*बाल्कन क्षेत्रमा अमेरिकी र नेटोका सैनिक अखडाहरू र सैन्य-उपस्थिति*

- ❑ अल्बानिया ❑ बोस्निया ❑ बल्गेरिया ❑ क्रोएशिया
- ❑ कोसोभो ❑ मेसिडोनिया ❑ रोमानिया

*पश्चिम एशियामा अमेरिकी सैनिक अखडा र अपरेशनहरू*

- ❑ इजिप्ट ❑ इजरायल ❑ जोर्डन ❑ कुवेत
- ❑ लेबनान ❑ ओमान ❑ कतार ❑ साउदी अरब
- ❑ यमन

*मध्य र दक्षिण एशियालगायत ककेशस क्षेत्रमा अमेरिकी सैनिक अखडा र अपरेशनहरू*

- ❑ अफगानिस्तान ❑ अजरबैजान ❑ जर्जिया ❑ कजाखस्तान
- ❑ किर्घिजिस्तान ❑ पाकिस्तान ❑ ताजिकिस्तान
- ❑ तुर्कमेनिस्तान ❑ उज्बेकिस्तान ❑ उक्रेन

*स्रोत : वर्कर्स वर्ल्ड, जनवरी ३१, २००१*

हस्तक्षेप, हतियार बिक्री, सैन्य प्रशिक्षण, काउन्टर इन्सर्जेन्सी अपरेशन आदि जुनसुकै कामबाट पनि नाफा र प्रभुत्वको फाइदा नभएको भए ऊ विश्वको एक नम्बरको साम्राज्यवादी बन्नै सक्दैन । केही वर्षअगाडिदेखि आर्थिक मन्दीले ग्रस्त अमेरिकी अर्थतन्त्रलाई ११ सेप्टेम्बरको आक्रमणपछिका प्रत्याक्रमण र आतंकवादविरोधी विश्वव्यापी युद्धले कति खर्ब डलरको अक्सिजन प्रदान गरिरहेको छ भन्ने कुरा बुझ्न युद्ध-प्रतियुद्धबाट आर्थिक रूपमा फाइदा नै फाइदा हुन्छ भन्ने 'वाल स्ट्रीट जर्नल' पल्टाए पुग्छ ।

आतंकविरूद्ध चलाइएको प्रतिआतंकको बाढीमा मोती टिपिरहेको अमेरिकी साम्राज्यवादले 'आतंकवादविरोधी युद्ध'लाई अफगानिस्तानबाट फिलिपिन्ससम्म फैलाइसकेको छ । र, यही मौकामा आफ्नो भूतपूर्व प्रतिद्वन्दी सोभियतसंघका अधिकांश राष्ट्रहरूमा उसले आफ्नो सैनिक अखडा र सैनिक हस्तक्षेपलाई विस्तार गरिसकेको छ । कहीं अखडाको निर्माणद्वारा, कहीं सैनिक प्रशिक्षण र आर्थिक सहयोगद्वारा, कहीं संयुक्त युद्ध अभ्यासद्वारा उसले गरिरहेको आफ्नो प्रभुत्वको विस्तार नेपालसम्म पनि फैलाउन थालेको छ । नेपालको सन्दर्भमा उसले चीन र माओवादीको सन्दर्भसँग जोडेर हेर्दा 'साम्यवादविरोधी संघर्ष'देखि 'आतंकवादविरोधी युद्ध'को सम्मिलित निहुँ र नारा एकसाथ पाएको छ ।

चाहे जुनसुकै निहुँ र नारामा युद्ध थोपरिएको भए पनि, सैनिक हस्तक्षेप र चलखेलको क्रमलाई बढाएको भए पनि अमेरिकाको नियत र व्यवहार अरू देशको विकास र प्रजातन्त्रको सुदृढीकरण-भन्दा कोसौं-कोस टाढा हुन्छन् । साम्राज्यवादी स्वार्थभन्दा माथि उठेर अमेरिकाले सैन्य-प्रशिक्षण, हात-हतियार र बन्दोवस्तीका सामान तथा आर्थिक सहायता दिने कल्पना गर्नु भनेको सुस्त मनस्थितिको संकेतबाहेक अरू केही हुन सक्दैन । अमेरिकाको 'काउन्सिल अन फरेन रिलेसन्स'का रिचर्ड बटलरले अफगानिस्तानमा चलाइएको आतंकवादविरोधी युद्धको सफलताले मध्यएशियाली तेल र ग्याँसको पाइपलाइन अफगानिस्तान हुँदै पाकिस्तानसम्म ल्याउन पहिलोपटक राजनैतिक रूपमा संभव भएको खुसी व्यक्त गरेको केही पक्षलाई कसैले नजरअन्दाज गर्न मिल्दैन । त्यसको समयपछि तालिवान सरकार बनाउन र ध्वस्त पार्न ठूलो सहयोग गर्ने तेल र ग्याँससम्बन्धी अमेरिकी बहुराष्ट्रिय कम्पनी 'उनोकल'का सल्लाहकार जालमय खलिलजादलाई नै अमेरिकाले अफगानिस्तानका लागि विशेषदूत नियुक्त गरेको सन्दर्भले उसको साम्राज्यवादी स्वार्थको अक्टोपसको-जस्तो हात-खुट्टाको फैलावटतिरै स्पष्ट संकेत गरिरहेको छ । यस्तै खालको स्वार्थ लिएर आफ्नो प्रमुख प्रतिद्वन्दी चीनलाई चारैदिशाबाट घेराउ गर्ने बृहत् रणनीतिअन्तर्गत नेपालको भू-स्थिति र भू-राजनीतिक स्थितिलाई दुरूपयोग गर्न अमेरिकाले अत्यधिक रूपले यहाँ चलखेल र हस्तक्षेपकारी कार्यलाई तीव्रता दिइरहेको होइन भनी कसरी भन्न सकिन्छ ?

❑ **राजेन्द्र महर्जन**



## विश्वमा अमेरिकी सैनिक उपस्थिति

| राष्ट्र र क्षेत्र. \ आर्थिक वर्ष | १९८७ | १९८८ | १९८९ | १९९० | १९९१ | १९९२ | १९९३ | १९९४ | १९९५ | १९९६ | १९९७ | १९९८ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जर्मनीमा | २५१ | २४९ | २४९ | २२८ | २०३ | १३४ | १०५ | ८८ | ७३ | ४९ | ६० | ७० |
| अरु यूरोपीय राष्ट्रहरु | ७३ | ७४ | ७१ | ६४ | ६२ | ५४ | ४४ | ४१ | ३७ | ६२[e] | ४८ | ४२ |
| यूरोपीय जल क्षेत्रमा | ३१ | ३३ | २१ | १८ | २० | १७ | १७ | ९ | ८ | ४ | ३ | ४ |
| दक्षिण कोरियामा | ४५ | ४६ | ४४ | ४१ | ४० | ३६ | ३५ | ३७ | ३६ | ३७ | ३६ | ३७ |
| जापानमा | ५० | ५० | ५० | ४७ | ४५ | ४६ | ४६ | ४५ | ३९ | ४३ | ४१ | ४० |
| प्रशान्त क्षेत्रका अन्य राष्ट्रमा | १८ | १७ | १६ | १५ | ९ | ३ | १ | १ | १ | १ | १ | १ |
| प्रशान्त महासागरमा (दक्षिण पूर्वी एशियासहित) | १७ | २८ | २५ | १६ | ११ | १३ | १७ | १५ | १३ | १५ | १४ | १८ |
| ल्याटिन अमेरिका र क्यारिवियन क्षेत्रमा | १३ | १५ | २१ | २० | १९ | १८ | १८ | ३६[d] | १७ | १२ | ८ | ११ |
| अन्य विविध क्षेत्रमा | २७ | २९ | १३ | १६०[c] | ३९ | २३ | २५ | १५ | १४ | १७ | १५ | ३७ |
| जम्मा [c] | ५२४ | ५४१ | ५१० | ६०९ | ४४८ | ३४४ | ३०८ | २८७ | २३८ | २४० | २२६ | २६० |

*स्रोत : FAS Military Analysis Network*

यो तथ्यांक प्रत्येक आर्थिक वर्षको अन्त्यसम्मको हो । यसमा सैनिकहरुको संख्या हजारको दरमा दिइएको छ ।[a), b)]


a) सेप्टेम्बर ३०, सन् १९९८ सम्मको तथ्यांक

b) यी तथ्यांकहरुमा हजारभन्दा तलको चानचुने संख्या समावेश गरिएको छैन ।

c) अपरेशन डेजर्ट स्टोर्मको सहयोगार्थ खटिएका समुद्री तटमा अवस्थित १ लाख १८ हजार र समुद्रमा रहेका ३९ हजार सैनिकहरुसहित

d) पश्चिमी गोलार्द्धको समुद्रमा रहेका ४ हजार र हैटीमा रहेका १७ हजार ५ सय सैनिकहरुसहित

e) बोस्निया र हर्जगोभिनामा गरिएको अपरेशनको क्रममा हंगेरी र भूतपूर्व युगोस्लाभियाका गणतन्त्रमा रहेका २६ हजार सैनिकहरुसहित ।



जसले प्रयोग गरे पनि हतियार त आखिर विदेशी नै हुन् ।
*माओवादीबाट सरकारले खोसेका हतियारहरू*

घुमफीरको अवसर उपलब्ध गराईसकिएको छ । मुस्ताङ्ग, हुम्ला र दार्चुलाबाहेकका जिल्लामा त्यसअघि समूहगत पदयात्राको लागि खुला रहेका निषेधित क्षेत्रमा समेत संपर्क तथा वातावरण अधिकृत खटाउने व्यवस्था अब खारेज गरिएको छ । 'पदयात्रा कार्यक्रम मिलाउने सम्बन्धित ट्रेकिङ्ग एजेन्सीलाई वातावरण संरक्षणलगायत आवश्यक स्थलगत समन्वयसमेतका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पूर्ण जिम्मेवार बनाउने गरी समूहगत पदयात्राका लागि खुला गरिएको' तर्क राष्ट्रिय सुरक्षा र संवेदनशीलतालाई अज्ञानतावश बिर्सेर गरेको भन्नसक्ने स्थिति छैन । बरू खम्पा विद्रोहका नाइके गे-वाङ्गदी मारिएको दार्चुलाको टिंकरबाट भारतको जम्मु काश्मिर, पाकिस्तान हुँदै अफगानिस्तानका आतंककारीहरूसंग समेत नेपालका माओवादीहरूको हतियार ओसार्ने बाटो हुनसक्छ भन्ने नाममा नेपालमा ती नवघोषित निषेधित क्षेत्रसमेतमा विदेशी चलखेल र अनुगमनका प्रयासहरू हुने संभावना छ । भारतले दार्चुलाको कालापानीमा सैनिक अखडा नै खडा गरेको सन्दर्भमा अमेरिका पनि सूचना संकलन, अनुगमन र घूसपैठ गर्नेतर्फ अग्रसर रहन्छ भन्ने कुरा खम्पा काण्डमै पुष्टि भइसकेको हो ।

अर्कोतर्फ भारत पनि नेपालमा माओवादीहरूलाई पाकिस्तानी गुप्तचर संस्था- आईएसआईसँग जोडेर प्रचार गर्न चाहन्छ, ता कि त्यो निहुँमा नेपालको मामलामा हस्तक्षेपकारी भूमिका निर्वाह गर्न सकियोस् । आईएसआई पनि मूलतः मुस्लिम कट्टरपन्थकै पक्षपाती भएकोले त्यसविरूद्ध पनि भारत र अमेरिकाको स्वार्थ मिल्छ । तर, भारतले नेपालमा हुने सबै कार्यहरू आफूमार्फत् मात्रै होस् भन्ने चाहना राख्ने हुनाले सोभै अमेरिका यहाँ हावी भएको मन पराउने कुरै भएन, जुन अन्तरविरोध पिटर बर्लीको भनाइबाट पनि प्रकट भएको छ ।

माओवादीविरूद्ध लड्न अमेरिकाले आफ्नो सैनिक नल्याई भूतपूर्व ब्रिटिश गोर्खा सैनिकलाई प्रयोग गर्न ज्यादै संभव छ भन्ने कुरा पनि विभिन्न सूत्रहरूले यतिबेलै बताइरहेछन् । यो संभव छ, किनकि उनीहरूको अनुहार, वर्ण, रगत नेपाली सैनिकभन्दा भिन्न छैन, परन्तु विद्रोही दबाउन उनीहरू ज्यादा तालीम प्राप्त र दक्ष छन् र युनीफर्म लाइदिएपछि दुईबीच भिन्नता नै छुट्टिँदैन । उनीहरूलाई नेपाली भूगोलबारे ज्यादा ज्ञान र अनुभव पनि छ ।

नेपालको राजनीतिमा अमेरिका सैन्य हस्तक्षेपका साथ उपस्थित हुन चाहेको सन् १९७४ देखि नै हो । त्रिभुवन विश्वविद्यालयमा समर इन्स्टिच्यूट अफ लिङ्ग्वीस्टिक खोलेर बुद्धिजीवी वा भाषाविज्ञमार्फत् नेपालमा घुम्ने काम शुरू गरियो । यो इन्स्टिच्यूटले नेपालमा दुर्गम ठाउँमा बोलिने भाषाहरूको अध्ययन गर्ने नाममा दुई वटा पिलाटस पोर्टर हवाइजहाजमा गाउँ गाउँमा मान्छेहरू पठाउँथ्यो । यसका लागि काठमाण्डौ, स्यूचारमा विमानस्थल खडा गरिएको थियो र रेडक्रसको चिन्ह प्रयोग गरेर ती विमानले तिब्बतीहरूलाई हतियार आपूर्ति गरेको स्मरण गर्दै वरिष्ठ पत्रकार तथा वाम बौद्धिक मल्ल के सुन्दर भन्नुहुन्छ- "त्यसबारे चीनले थाहा पाएर गम्भीर आपत्ति जनाएपछि सो संस्थाका प्रमुख डा. अष्टिन हेललाई नेपालबाट फिर्ता पठाइएको थियो ।"

भण्डै हिन्द महासागरमाथिको भू-उपग्रहले जति काम घरमै एउटा एण्टिना राखेर गर्न सकिने भएकोले नेपालको हिमालपारिको तिब्बती पहाडको उचाइ अहिले पनि अमेरिकाको निम्ति चीनको गुप्तचरीको लागि चर्को आकर्षणको विषय रहिआएको छ । चीनमा अमेरिकी जासूसी विमान भ्करिइसकेको अवस्थामा चीनविरोधी तिब्बती गतिविधिका लागि नेपालभन्दा अर्को उपयुक्त थलो हुन पनि सक्दैन । शायद् यही अमेरिकी चाहना र भारतीय स्वार्थ दुवैतर्फ लक्षित गर्दै हालै चीन अध्ययन केन्द्रले आयोजना गरेको एक कार्यक्रममा चीन सरकारको धारणा सार्वजनिक गर्दै चीनियाँ प्रोफेसर वाङ्ग व्होङ्गयूले भनेका थिए- 'नेपाललाई चीनको राजनीतिक र आर्थिक सहयोग आवश्यक पर्छ । तटस्थता र असंलग्नताको परम्परागत नीति त्याग्नुले नेपालको राष्ट्रिय हितमा नोक्सान नै पुऱ्याउनेछ ।'

वर्तमान प्रजातन्त्रको संरक्षण गर्नुसँग अमेरिकाको खासै चाखो नहुन पनि सक्छ । प्रजातन्त्र संरक्षणको नाममा सन् १९५० देखि सैनिक अखडा खडा गरेर अमेरिकाले स्थापित गरेका राष्ट्रपति पार्क चुङ् हिले दक्षिण कोरियामा करिव १५ वर्ष एकछत्र राज्य गर्दा, च्याङ् काइ सेकले ताइवानमा सन् १९४९ देखि २० वर्ष शासन चलाउँदा, फिलिपिन्समा मार्कोस्, इण्डोनेशियामा सुहार्तो र पाकिस्तानमा अयूब खाँले निरंकुशतापूर्वक शासन गर्दा पनि अमेरिकालाई ती ठाउँमा प्रजातन्त्रको कुनै चिन्ता भएन किनकि ती शासकहरू उसका अनुचर थिए । नेपालमा पनि त्यही सोच अमेरिकाले नराखेको होला भन्न सकिन्न । आखिर प्रजातन्त्रको परिभाषाको कुरा त हो !

हालै काठमाण्डौमै आएर लामो अध्ययन गरेका बोस्टन विश्वविद्यालयका अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक डा. स्कट पाल्मर र राजीतिक जोखिमका विशेषज्ञ तथा सुरक्षा मामलाहरूमा सरकारहरूलाई सल्लाह दिने डा. टम मार्क्सले पनि यतिबेला आएर नेपालमा माओवादीहरूका बारेमा धेरै कुराहरू संकलन गरेका छन् । पेरूमा शाइनिङ पाथका नेता गोञ्जालो पक्राउ पर्नुअघि त्यहाँ गएरसमेत काम गरेका उनीहरू हालै एक सार्वजनिक कार्यक्रममा पनि प्रकट भए । पेरू, चिली, इक्वेडरजस्ता देशमा काम गरेको अनुभव संगालेका, पेरूको राजनीति, छापामार आन्दोलन, नागरिक-सैनिक सम्बन्ध, संयुक्त राज्य- दक्षिण अमेरिकाका सम्बन्धका ज्ञाता डा. पाल्मर तथा एशिया, ल्याटिन अमेरिका तथा उत्तरी आयरल्याण्डका विद्रोहहरूको प्राज्ञिक र पत्रकारको हैसियतले समेत काम गरका डा. मार्क्सले माओवादी आन्दोलनबारे त्यस कार्यक्रममा धेरै कुरा बताए । नेपाली माओवादीलाई मूलतः आतंककारीकै रूपमा परिभाषित गर्ने, उनीहरूमाथि सैनिक दमनमात्र नभएर जनपरिचालनका कार्य पनि एकसाथ लगेमात्र सरकार सफल हुने बताए । यसप्रकार अमेरिकी हित पूरा गर्न यसरी खुला वा गोप्य रूपमा बुद्धिजीवीदेखि सैनिकसम्म निर्वाध नेपाल चहारिरहेका छन् ।

यसरी संकटकाल लागु भएपछि अमेरिकीहरू नेपाललाई प्रत्यक्षतः आफ्नो क्षेत्राधिकारभित्र पारेर चलखेल गरिरहेका छन् । विश्वराजनीतिक स्वार्थमा, खास गरी चीनलाई घेर्ने नीतिमा नेपाल रणनैतिक दृष्टिले महत्वपूर्ण ठाउँ पनि छँदैछ । त्यसमाथि पनि संकटकाल लागू गरेपछि प्रधानमन्त्री देउवाले नै आमन्त्रण गरेको स्थितिमा आउन पाउनु त भन् उनीहरूमा ठूलो अवसरको विषय पनि हो । परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठको शब्दमा सरकार सवल र सक्षम नभएपछि अरूको प्रभाव थोपरिन्छ र देश विदेशी क्रिडास्थल बन्छ, नेपालमा पनि त्यही भएको हो ।' ❑

**वर्तमान प्रजातन्त्रको संरक्षण गर्नुसँग अमेरिकाको खासै चाखो नहुन पनि सक्छ । फिलिपिन्समा मार्कोस्, इण्डोनेशियामा सुहार्तो र पाकिस्तानमा अयूब खाँले निरंकुशतापूर्वक शासन गर्दा पनि अमेरिकालाई ती ठाउँमा प्रजातन्त्रको कुनै चिन्ता भएन ।**

# के नेपालमा भारतीय सैनिक आउलान् ?


- हरि रोका

**भीमदत्त पन्त** ले गर्नुभएको विद्रोहलाई दबाउन २०१० सालतिर तत्कालीन प्र.म. मातृकाप्रसादको निमन्त्रणामा भारतीय सेनाको एउटा टुकडी नेपाल आयो । विद्रोह दबाइएपछि नेपालको प्रकृति, नदीको वेग र हिमाली क्षेत्रमा हुने वर्षा आदिको सर्वेक्षण र भेल-बाढीको सूचना प्रदान गर्ने नाममा हिमाली क्षेत्रहरूका विभिन्न चेकपोष्टहरूमा रहन थाले । वास्तवमा तिनको नेपाल बसाई जलवायु मापन र सूचना प्रशारणभन्दा पनि उत्तरतिरबाट हुने वा हुनसक्ने सम्भावित खतराको मापन गर्नु थियो । तिनको बसाईको लम्बाई बढ्दै गयो । आखिरमा उत्तरी चेकपोष्टमा रहेका भारतीय सेनाहरू पंचायती कालका तत्कालीन प्रधानमन्त्री कीर्तिनीधि बिष्टले २८ जून १९६९ मा हटाउने वक्तव्य दिएपछि लगभग एक वर्षभित्रमा उनीहरू हटे ।[१]

सन् १९७४ मा सिक्किम भारतमा गाभिएपछि नेपालका राष्ट्रवादी तथा वामपन्थीहरूको बीचमा भारतलाई लिएर एक खालको आशंका उब्जन थाल्यो । भारतीय राष्ट्रवादको चरम स्थितिको त्यो बेला भारतले नेपालमाथि पनि सद्धे नजरले हेर्दैन भन्ने धारणा खास गरेर ती शक्तिहरूमा छाएकै थियो । त्यसै भएर जनतालाई सचेत गराउन सिक्किम विलयको घटनाको विरोधमा त्यसबेला प्रतिबन्धित रहेका विद्यार्थी शक्तिहरूले विरोध जुलुस र सभाहरू आयोजना गरेका थिए । तर भारतभित्रै तत्कालीन सत्ताविरूद्ध आन्दोलनहरू थालिए र ती आन्दोललाई नियन्त्रण गर्न आपतकाल लगाइएपछि विस्तारै त्यो आशंका पातलिँदै गयो, सेलाउँदै गयो ।

नेकपा (माओवादी)ले जनयुद्ध शुरू गरेपछि, त्यो दलले आफ्नो दस्तावेज तथा लेखनहरूमा नेपाल सरकारको मातहतमा रहेका प्रहरी र सेनालाई पराजित गरेपछि भारतीय सेनासंग भिड्नु पर्ने तर्कलाई शुरूका वर्षहरूमा अगाडि सारेका थिए । तर त्यो दलका पछिल्ला दस्तावेज तथा लेखनहरूमा ती कुराहरू ओझेल पर्दै गएका छन् ।

गएको वर्षको मंसिरमा दाङ ब्यारेकमाथि आक्रमण भएपछि भारतीय अखवारहरूले माओवादीको



एक भारतीय दैनिक

**नयाँ र पुराना यी कुराहरूले नेपाली गृहयुद्धमा भारतीय सेनाको प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग उपलब्ध हुने कुरामा कुनै शंका छैन । तर नेपालको यो युद्धलाई समाप्त पार्नका लागि भारतीय सेना सैनिक कार्यवाहीका लागि आउँने, वा एक्लै आउने संभावना ज्यादै कम छ ।**

सफलताको बारेमा व्यापक रूपमा लेखे । नेपालविद् मानिनु हुने प्रोफेसर एस.डि. मुनीले **प्याट्रोयट** अखवारमा आफ्नो प्रतिक्रिया व्यक्त गर्दै नेपाली सेनाको तुलनामा माओवादी छापामारहरू तगड़ा भएको र माओवादीले जित्दै लगेमा त्यसको असर भारतमा पनि पर्ने भएकोले भारत सजग हुनुपर्ने बताउनुभएको थियो । त्यसको भित्री मनसाय नेपालमा भारतीय सेनाको हस्तक्षेपकारी भूमिका 'खोजेको' त्यो पत्रिकाको अभिव्यक्तिबाट प्रष्ट हुन्थ्यो । अछामको साँफेबगर र सदरमुकाम मङ्गलसेनमा माओवादीहरूले चढाई गरेपछि गोर्खा बटालिएनका भूतपूर्व मेजर तथा रक्षा विशेषज्ञ अशोक मेहताले शाही सेनाको कमजोरीलाई औंल्याउँदै नेपाली सेनालाई 'काउण्टर इन्सरजेन्सी तालिम र लजिष्टीक सपोर्टको आवश्यकतालाई औंल्याउनुभएको थियो । र, त्यस सहयोगका लागि भारतीय सेनाको भूमिकालाई अप्रत्यक्ष रूपमा वर्णन गर्नुभएको थियो ।


गत वैशाख महिनामा भारतीय थल सेनाध्यक्षको नेपाल भ्रमण हुँदा, सेनाध्यक्षले भू.पू. सैनिकहरू (पेन्सनर)लाई माओवादी जनयुद्ध छिट्टै समाप्त हुने बताउँदै भारतीय सेना नेपाली सेनालाई औषधी उपचार र लजिष्टीक सपोर्टका लागि छिटै आउने औपचारिक घोषणा गर्नुभएको थियो ।

नयाँ र पुराना यी कुराहरूले नेपाली गृहयुद्धमा भारतीय सेनाको प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग उपलब्ध हुने कुरामा कुनै शंका छैन । तर नेपालको यो युद्धलाई समाप्त पार्नका लागि भारतीय सेना सैनिक कार्यवाहीका लागि आउँने, वा एक्लै आउने संभावना ज्यादै कम छ । किनभने भारतको राजनीति सैन्य विज्ञानले भन्दा राजनीतिक विज्ञानले अगाडि बढिरहेको छ । यही राजनीतिलाई हेर्ने हो भने भारतीय सरकारले सैनिक हस्तक्षेपको स्थितिलाई अगाडि बढाउँछ भन्ने लाग्दैन ।

भनिन्छ, साउथ ब्लकले निर्देशन नदिउन्जेलसम्म स्वतन्त्र भारतका स्वतन्त्र अखवारहरूले आफ्नो विवेक र सत्य विश्लेषणका आधारहरूलाई आफ्ना अखवारहरूमा ठाउँ दिँदैनन्, दिन सक्दैनन् । भारतीय परराष्ट्रमन्त्रीले नेकपा (माओवादी)-लाई आतंकवादी घोषणा गरे तापनि भारतीय ठूला अखवारहरूमध्येको एउटा प्रमुख अखवारले (जनवरी २२, २००२ को टाइम्स अफ इण्डियाको सम्पादकीयले) माओवादी जनयुद्धलाई जन विद्रोह (Insurgency) भनेर किटान गरिदियो । भारतीय भूमिमा नेकपा (माओवादी)ले नेपालका वामदलहरूको सर्वदलीय बैठक सम्पन्न गऱ्यो र के पनि किटानका साथ आशा व्यक्त गऱ्यो भने, गणतन्त्रको स्थापनाका लागि गरिएको नेपालको जनयुद्ध र जन-विद्रोहमा गणतन्त्र भारतले हस्तक्षेप गर्ने छैन । भारतीय भूमिमा रहेर नेकपा (माओवादी)का नेताहरूले त्यहाँका अखवारहरू र अन्तर्राष्ट्रिय संचार माध्यममा अन्तर्वार्ता दिइरहनु, संगठन गर्न स्वतन्त्र ढंगले त्यहाँ विचरण गर्नु आदि घटनाले बाहिर आतंककारी भने तापनि माओवादीलाई भित्र राजनीतिक शक्ति ठहऱ्याएको त्यहाँका राजनैतिक विश्लेषणकर्ताहरूको ठम्याई छ ।

अर्कोतिर, कालान्तरमा भारतीय सेनासित लड्नुपर्छ भन्ने शुरूका





भारतीय प्रधानमन्त्री वाजपेयीसँग प्र.मं. देउवा

**नेपालमा कमजोर राज्यसत्ता हुँदा भारतलाई नेपाली पानी तथा उर्जा प्राप्त गर्न सजिलो हुन सक्ला, कठपुतली सरकार बन्दा लेनदेनलाई पनि सजिलो पर्ला.....**

वर्षमा माओवादीहरूको तर्फबाट राखिएको आफ्नो पुरानो मान्यताबाट ऊ अब पछि हटेको कुरा प्रष्ट हुन्छ । माओवादीका तर्फबाट जनयुद्ध शुरू भएपछि भारतीय बिस्तारवादको नारा नलगाइनु, महाकाली एकीकृत सन्धिको विरोध नगर्नु, कालापानीमा भारतीय सेनाको उपस्थितिको विषयलाई लिएर नेपालमा आन्दोलन हुँदा पनि विरोध नगर्नु, कपिलवस्तु तथा बाँकेको सिमानामा बग्ने नदीहरूमा बाँध बाँधिदिएर नेपालको जमिन तथा एतिहासिक विश्व धरोहरसमेत खतरामा पर्दा एक शब्द नबोल्नु आदिले नेकपा माओवादीहरूको पुरानो राजनीतिक विश्लेषण र अडान फेरिएकोमा नेपाली राजनीतिक जन-मानसमा ठूलै अन्यौल र भ्रमहरू सृजना भएका छन् । केही भारतीय परराष्ट्र विशेषज्ञहरूले त खुलेर भन्ने गरेका छन्, "नेपालमा प्रत्येक राजनीतिक आन्दोलन भारतीय भूमि भएरै भएको इतिहास राजा त्रिभुवन, नेपाली कांग्रेस, नेपाली कम्युनिष्टहरूले विगतमा भारतलाई नै आफ्नो आश्रय बनाएर नेपालमा आन्दोलन गरेका हुनाले अहिले माओवादीहरूको हकमा, उनीहरूको राजनैतिक उद्देश्य प्राप्तिको आन्दोलनलाई कसरी एउटा प्रजातान्त्रिक मुलुकको हैसियत राख्ने भारतले रोक्न मिल्छ र ?"

वर्तमान जनयुद्धले नेपालको सामाजिक संरचनामा ठूलो हलचल मच्चाइदिएको छ । यो जनयुद्धका नाममा ध्वस्त गरिएका आर्थिक-सामाजिक संरचनाहरूका कारण भारतप्रति नेपालको परनिर्भरता बढाउने कार्य नै भइरहेको छ । शैक्षिक संस्थाहरूको संरचना भत्काउदा नेपाली विद्यार्थीहरू भारत पढ्न जानुपर्ने बाध्यता, विजुली भत्काउँदा भारतसँगै विजुली किन्नुपर्ने बाध्यता, नेपालका उद्योगधन्दा भत्किँदा भारतीय उत्पादनमाथि नै निर्भर हुनुपर्ने बाध्यता, संचार र यातायात भत्कदा भारतमाथि नै निर्भर हुनुपर्ने बाध्यता आदिले नेपालको राजनैतिक-आर्थिक अस्थिरताले भारतीय बजारको वर्चस्व रहने कुरामा कुनै शंका छैन । यसरी राजनीतिक उद्देश्य र बजारको उद्देश्य एक अर्कामा परिपूर्ति भएका कारणले नेपालको स्थापना पक्षमा माओवादी र भारतीय परराष्ट्र मन्त्रालयबीच साँठ गाँठ त छैन ? कतै भारतले दोहोरो भूमिका निर्वाह गरिरहेको त छैन ? - शंका गर्ने प्रशस्त ठाउँ दिएको छ ।

नेपालमा कमजोर राज्यसत्ता हुँदा भारतलाई नेपाली पानी तथा उर्जा प्राप्त गर्न सजिलो हुन सक्ला, कठपुतली सरकार बन्दा लेनदेनलाई पनि सजिलो पर्ला, नेपालमा हुने आर्थिक विध्वंश र जनहत्याले नेपाललाई मात्र प्रभाव पार्दैन, त्यसको प्रभाव स्वभावतः भारतलाई पनि पर्नेछ । यसबाट भारतीय मूलखण्ड (Main Hinterland) उत्तर प्रदेश, विहार बंगाल तथा उत्तराखण्डका राजनैतिक वा युद्धजनित प्रभाव पर्छ । सामरिक हिसावले अत्यन्त महत्वपूर्ण ठाउँमा रहेको नेपाललाई उपेक्षा गर्न पनि निक्कै अपठ्यारो छ भारतलाई । चीनलाई घेराउ गर्ने उद्देश्यले नेपालमा अस्थिरता उत्पन्न गराउने अन्तरराष्ट्रिय षडयन्त्र हावी हुने हो भने पनि त्यसको पहिलो चपेटामा दक्षिण एशियाली राष्ट्रहरू नै पर्नेछन् र भारत त्यसबाट जोगिनसक्ने अवस्थामा रहने छैन । त्यस्तै अहिलेको विश्व शक्ति राष्ट्र अमेरिका र त्यसका मतियार पश्चिमा राष्ट्रहरू कुनै पनि हिसावले नेपालमा उनीहरूको सकृय सैनिक उपस्थिति भारतीय स्वीकृति वा सद्भाव वेगर संभव छैन, हुन सक्दैन । भारतको भू-राजनीतिक बनोट, उसको अर्थतन्त्र र बजार र उसको आफ्नै सैन्यशक्तिलाई उपेक्षा गरेर कुनै पनि शक्ति राष्ट्र नेपाल आउन सक्तैनन् । त्यसैले अमेरिकी तथा बेलायती विदेश सचिवहरू, राजनैतिक पदाधिकारीहरू तथा आर्मी जनरलहरू नेपाल भ्रमण गर्नुअघि भारतीय साउथ ब्लक तथा इर्दगिर्दका नेपाल विशेषज्ञहरू र राजनीतिज्ञहरूसँग सर-सल्लाह लिएरमात्र नेपाल आउने गरेकोले यो कुरा पुष्टि हुन्छ ।

अर्कोतर्फ, कुनै पनि सैन्यशक्तिको सकृय उपस्थितिले नेपालमा ठूलो ध्रुवीकरण हुनेछ । श्रीलंकामा भारतीय सेनाको उपस्थितिको अनुभव र अफगानिस्तानमा विगतमा भएका घटनाक्रमहरूलाई नजिकैबाट नियालेको भारतले नेपाल र नेपालीको मानसिकतालाई अरूहरूले भन्दा बढ्ता बुझेको हुनुपर्छ र कुनै पनि अप्ठ्यारो निर्णयले बुमऱ्याङ्गको स्थिति आइपर्छ भन्ने पनि ठानेको हुनुपर्छ । त्यसैगरी भारतीय सेनामा नेपाली मूलका र नेपालीहरूको ठूलो संख्या रहेकोलाई पनि उसले नजरअन्दाज गर्न मिल्दैन । यस अर्थमा पनि नेपालको वर्तमान राजनीतिक अन्यौल र अप्ठ्यारो भू-राजनैतिक एवं सामाजिक अवस्थामा भारतीय सेनाको हस्तक्षेपकारी भूमिका हुने संभावना कम छ ।

यसरी हेर्दा नेपालको वर्तमान राजनैतिक संकटमा नेपालको स्थापना पक्ष र जनयुद्ध गरिरहेको माओवादी पक्षमात्र होइन, धेरै अर्थमा यो संकट भारतसँग पनि जोडिएको छ । उसका लागि नेपालमा बाह्य सेना रहँदा उसको राजनीतिक प्रतिष्ठामात्र होइन, क्षेत्रीय शक्तिको रूपमा उठ्ने उसको चाहना धूमिल बन्न सक्छ । त्यस अर्थमा पनि नेपालमा शान्ति बहाल गर्न आपसी सद्भाव र विश्वासको वातावरण सृजना गर्न, नेकपा माओवादी र नेपाली राजनीतिक दलहरूबीच राजनीतिक वार्ता गराउन भारतीय राजनीतिक पक्षको महत्वपूर्ण स्थान रहनसक्छ । अमेरिका र बेलायतलाई गुहारेर भारत विपक्षमा रहिरह्यो भने वा भारतीय जनता विपक्षमा रहिरहे भने नेपालको वर्तमान संकट कदापि हल हुँदैन । त्यसैगरी, आफूमात्र नआई साम्राज्यवादी बहुराष्ट्रिय सेनाको साथ लागेर भारतले नेपाल प्रवेश गर्ने संभावना ज्यादा छ । उसले यो माध्यम खोज्यो भने पनि दीर्घकालीन रूपमा उसका लागि त्यो हितवर्धक भने हुँदैन । ❑

*[1] भू.पू. प्रधानमन्त्री कीर्तिनिधि बिष्टसँगको टेलिफोन वार्ताबाट जानकारी प्राप्त भएको ।*

◄ अर्थतन्त्र

## सन् २००२ को अमेरिकाको बजेट कस्तो छ ?

### बजेटको आम्दानीको स्रोत

| कहाँबाट | कति |
| --- | --- |
| ◆ व्यक्तिगत आयकरबाट | ४९ प्रतिशत |
| ◆ सामाजिक सुरक्षा र अरू पे-रोल करबाट | ३३ प्रतिशत |
| ◆ कर्पोरेट आयकरबाट | १० प्रतिशत |
| ◆ अन्तशुल्कबाट | ३ प्रतिशत |
| ◆ अन्यबाट | ४ प्रतिशत |

### बजेटको खर्च जाने ठाउँ

| कहाँ | कति खर्च |
| --- | --- |
| ◆ सामाजिक सुरक्षामा | २० प्रतिशत |
| ◆ मेडिकेएर र मेडिकेएडमा | १७ प्रतिशत |
| ◆ गैर-प्रतिरक्षा खर्च | १७ प्रतिशत |
| ◆ राष्ट्रिय प्रतिरक्षामा | १४ प्रतिशत |
| ◆ खूद ब्याजमा | ८ प्रतिशत |
| ◆ अरू अत्यावश्यक क्षेत्रमा | १२ प्रतिशत |
| ◆ बचतमा | ११ प्रतिशत |

*स्रोत : Facts on File, USA, April 12, 2001*



# संयुक्त सरकार र नयाँ संविधान बन्नुपर्छ

**शम्भुराम श्रेष्ठ**

संविधानको दायराभित्रै रहेर समस्याको समाधान गर्नुपर्छ भनी यथास्थितिवादी अडान लिने देउवा सरकार र सरकारी अडानकै पक्षमा उभिने राजनीतिक पार्टीहरू पनि उत्तिकै जिम्मेवार छन् । यो सङ्गीन स्थितिले के कस्तो मोड लिने हो, किटान साथ अहिल्यै भन्न नमिलेता पनि प्रतिगमनतर्फ मोड्ने बढी सम्भावना देखिएको छ । त्यसकारण सबै कम्युनिष्ट समूहहरूले र प्रतिगमनविरोधी राजनैतिक दलहरूले सतर्क भएर अहिलेदेखि नै सम्भावित खतराको सामना गर्न तयार हुनुपरेको छ ।

**मैले उमेर र बिमारीले गर्दा सक्रिय पार्टी जीवनबाट अवकाश लिएको मात्र हो, राजनीति छाडेको होइन**

**◆ तपाईंले नेकपा एमालेको सल्लाहकार समितिको संयोजकबाट राजीनामा गर्नुभयो । के राजनीतिबाटै सन्यास लिन लाग्नुभएको हो ?**

– सोखले राजनीतिमा लागेको मानिसले मात्र सोख पूरा भएपछि अथवा थाकेपछि राजनीतिबाट सन्यास लिनेगर्छ । म त्यसरी राजनीतिमा लागेको मानिस होइन । म त स्कूले केटा छँदै राणा शासकहरूले ९७ सालमा अत्यन्तै क्रूरतापूर्वक प्रजापरिषद्को आन्दोलनलाई दबाएको सहन नसकेर सन् १९९८ सालको शुरू शुरूमै राणा शासनलाई खत्तम नगरीनछाड्ने अठोट गरी राजनीतिमा लागेको र राणा शासन खत्तम भएपछि पनि नेपाल र नेपाली जनता देशी-विदेशी प्रतिक्रियावादी शक्तिहरूको शोषण र उत्पीडनबाट मुक्त नभएकोले तिनको मुक्तिको लागि राजनीतिलाई जीवनमरणको सवाल बनाएर कम्युनिष्ट आन्दोलनमा लागि आएको मानिस हुँ । अतः मैले राजनीतिबाट सन्यास लिने प्रश्नै उठ्दैन । मैले त आफ्नो ८१ वर्ष नाघेको उमेर र मुटु एवं छातीको बिमारीले गर्दा सक्रिय भएर पार्टीको गहन जिम्मेदारी बहन गर्न नसक्ने अवस्था भइदिएकोले सक्रिय पार्टी जीवनबाट अवकाश लिएको मात्र हो, राजनीति छाडेको होइन । एक दुई वर्षजति बाचुंला, तबसम्म मैले आफूलाई नेपाली कम्युनिष्ट आन्दोलनलाई पुनःएकीकरण गर्ने र नेपालको पूर्णराष्ट्रिय स्वाधिनता हासिल गर्ने कामहरूमा आफ्नो बल र बुद्धिले भ्याएसम्म लागिरहने छु ।

**◆ एमालेको राजनीतिक कार्यक्रमसँग असहमत भएर नै तपाईंले राजीनामा गर्नुभएको त होइन ?**

– मैले नेकपा एमालेको सदस्यताबाट राजीनामा गरेको छैन । जहाँसम्म एमालेसितको मेरो राजनीतिक मतभेदको सवाल छ, मलाई शुरूदेखि नै त्यसको 'जनताको बहुदलीय जनवाद'को कार्यक्रम र त्यसले अपनाई आएका नीतिहरू मन पर्दैनथे । किनभने तिनीहरू पूँजीवादी संसदवादी र संशोधनवादी कार्यक्रम र नीति हुन् । त्यसैले गलत छन् । तर पनि त्यो कारणले मैले सक्रिय पार्टी जीवनबाट अवकाश लिएको चाहिँ होइन ।

**◆ नेपालको राजनीतिमा अहिले ज्यादै खतरनाक घटनाहरू घट्न थालेका छन् । यी घटनाहरूले देशलाई कुन दिशातिर लैजालान् भन्ने तपाईंलाई लागेको छ ?**

– देउवा सरकारले संसद विघटन गरेबाट हाल देशमा जुन खतरनाक तथा सङ्गीन राजनैतिक स्थिति उत्पन्न भएको छ, त्यो श्री ५ को सरकार र माओवादी पार्टीबीचको तीन चरणसम्म भइसकेको शान्तिवार्ता असफल हुनाको स्वाभाविक तथा अवश्यम्भावी परिणाम हो । यसको लागि सैद्धान्तिक तथा व्यावहारिक दुवै दृष्टिकोणले गलत संविधानसभाको माग प्रस्तुत गर्ने तथा एकतर्फी वार्ता भङ्ग गर्ने माओवादी पार्टीमात्र जिम्मेवार छैन, बल्की मौजुदा

**◆ अहिले नेपालमा भइरहेको माओवादी आन्दोलनको समाधान कसरी गर्न सकिएला जस्तो लागिरहेको छ ?**

–नेपालको आजको सबभन्दा मुख्य समस्या भनेको कथित माओवादी समस्या हो । किनकि यसको समाधान हुनु-नहुनुमा नै नेपालका राजनैतिक, सामाजिक तथा आर्थिक आदि समस्याहरूको समाधान हुने-नहुने कुरा निर्भर भएको छ । अतः यस समस्याको समाधानप्रति सम्बन्धित सबै पक्षहरू गम्भीर र इमान्दार हुनु जरूरी छ । यो मूलतः राजनैतिक समस्या भएकोले यसको समाधान पनि सोहीअनुसार राजनीतिक रूपले नै गरिनु पर्दछ, अर्थात् वार्ताको माध्यमबाट शान्तिपूर्ण रूपले गरिनु पर्दछ । जहाँसम्म माओवादी पक्षको सवाल छ, पहिले त्यसले जे-जस्तो गरेको भए तापनि अहिले त्यो पनि वार्ताद्वारा नै समस्याको समाधान गर्नुपर्ने आवश्यकतालाई महसूस गरेर त्यसको अनुकूल वातावरण तयार गर्न आग्रह गर्दै संसदमा भएका सबै राजनीतिक पार्टीहरूलाई पत्र लेखी एकदमै लचिलो भएर आएको छ । यो राम्रो र स्वस्थ कुरा हो । यस्तो स्थितिमा देउवा सरकार पनि सोहीअनुसार आफू पनि वार्ताको निम्ति ढोका खोलेर अगाडि आउनु पर्नेमा उल्टै त्यसले संकटकाललाई अरू लम्ब्याउने प्रस्तावलाई अघिसार्दै माओवादीहरूले हतियार बुझाएमात्र वार्ता हुनसक्ने अडान जो लिएको छ, त्यो बिल्कुलै गलत र वार्ताविरोधी अडान हो । त्यसको सबैले विरोध गर्नुपर्छ । देउवा सरकार पनि माओवादी पार्टीजस्तै निःशर्त वार्ताको लागि अगाडि आउनुपर्छ । आवश्यक परे त्यसको निम्ति देउवा सरकारमाथि जनदवाब सिर्जना गर्नुपर्ने पनि हुन्छ ।

जहाँसम्म श्री ५ को सरकार र माओवादी पार्टीबीचको वार्तालाई सफल गराउने सही माध्यम वा उपाय के हो र के हुनसक्छ भन्ने कुराको सवाल छ, त्यो उपाय वा माध्यम हुन्छ- वार्ताका दुवै पक्षले पहिले आफूहरूले लिएका 'मेरो गोरूको बाह्रै टक्का' भन्ने अडानलाई छाडेर नेपाल र नेपाली जनताले हालसम्म भोग्नु परिरहेका मुलभूत राष्ट्रिय, प्रजातान्त्रिक तथा सामाजिक समस्याहरू के के छन्, तिनको सही पहिचान गरी तिनीहरूलाई समाधान गर्ने कुरामै आफूहरूलाई केन्द्रित गरेर संयुक्त रूपले समस्याहरू नेपाली मात्रकै साझा समस्या भएको हुनाले तिनीहरूको समाधान पनि अनिवार्यतः संयुक्त रूपले नै हुनुपर्ने हुनआउँछ । अर्थात् ती सबै समस्याहरू समाधान गर्ने राष्ट्रिय कार्यक्रम तर्जुमा गरी त्यसलाई कार्यान्वित गर्न माओवादी पार्टीसमेत समावेश भएको संयुक्त सरकार गठन गर्ने र सोहीअनुरूपको नयाँ संविधान बनाउनु नै सही उपाय हुन्छ । यो संविधान त्यही नव गठित संयुक्त सरकारले नै आफ्नो निर्देशनमा मसौदा आयोग बनाएर तयार गर्न लगाउने छ । आवश्यक भएको खण्डमा म यस उपाय वा माध्यमलाई विस्तृत रूपमा पेश गर्न तयार छु । ❑

# अर्जेन्टिना : डिसेम्बर जनविद्रोह

● राजेन्द्र महर्जन

के अर्को सुन्दर संसारको सिर्जना गर्न संभव छ ? के न्याय, स्वतन्त्रता, समानता र शान्तिले भरिपूर्ण वैकल्पिक संसारको निर्माण गर्न सकिन्छ ?

बीसौं शताब्दीमा भएका उत्पीडित वर्गको संघर्ष र क्रान्तिको प्रकाशमा भइरहेका एक्काइसौं शताब्दीका आन्दोलनहरूले देखाइरहेका छन्- हो, साँच्चै नै संभव छ- अर्को सुन्दर संसारको सिर्जना !

यसका लागि पुराना खालका पार्टीहरू, संगठनको ढाँचा, संघर्षका प्रक्रिया र तौरतरिकाहरू आदिबारे नयाँ ढंगले सोचविचार गर्नु जरूरी हुन्छ । अर्जेन्टिनाजस्तो जन-क्रान्तिको संघारमा पुगिरहेको देशको सन्दर्भमा विचार गर्ने हो भने पार्टी, संगठनको ढाँचा र आन्दोलनका प्रक्रिया र प्रकृतिहरूबारे पुनर्विचार गर्न पर्याप्त ऊर्जा र तथ्य फेला पर्न सक्छन् ।

विगतमा पूँजीवादको विश्वव्यापीकरण र उदारीकरणविरूद्ध संघर्षरत वामपन्थी पार्टीहरू जब सुधार र संसदीय राजनीतिको गोलचक्करमा फस्छन्, ट्रेड यूनियनहरू सम्झौता र बाँडीचुँडी खाने दाउमा मात्रै लिप्त हुन्छन्, तब सचेत उत्पीडित जनताले जुझारू, क्रान्तिकारी र जनमुखी संगठन वा पार्टी निर्माण गर्न जरूरी हुन्छ । यसको ज्वलन्त उदाहरण हो- अर्जेन्टिनाका सुधारवादी र संसदीय वामपन्थी पार्टीहरू र सम्झौतावादी ट्रेड यूनियनहरूको विकल्पमा बेरोजगार मजदूरहरूको आन्दोलन (MTD) को निर्माण । परम्परागत ढंगले सोच्ने मार्क्सवादी पार्टी र संगठनहरूद्वारा संगठित गर्नै नसकिने तप्काका रूपमा आरोपित बेरोजगार श्रमिकहरूलाई संगठित गरी जुझारू संघर्षमा सफलतापूर्वक उतारिरहेको 'बेरोजगार मजदूरहरूको आन्दोलन'को सांगठनिक ढाँचा, संघर्षको प्रक्रिया र प्रकृति जुनसुकै देशका उत्पीडित वर्ग र क्रान्तिकारी शक्तिहरूका लागि पनि विचारणीय देखिन्छ ।

अल्जेरियादेखि अर्जेन्टिनासम्मका बेरोजगारहरूको बारेमा एउटै धारणा पाइन्छ- यिनीहरू एउटै कार्यस्थलमा कार्यरत नहुने र सामूहिक कारवाहीप्रति विश्वस्त नहुने हुनाले यिनीहरूलाई संगठित र संघर्षशील बनाउन अत्यन्त कठिन छ । पूंजीवादी विश्वव्यापीकरण र नव-उदारीकरणको परिणामस्वरूप बेरोजगारहरूको फौज जतिसुकै



बढे पनि परम्परागत ढंगले सोच्ने वामपन्थी पार्टी र ट्रेड यूनियनहरूको पुरानो धारणामा कुनै परिवर्तन आएको छैन । वस्तुगत स्थितिले नराम्ररी घच्घच्याउँदा पनि नचेतेका यस्ता पार्टी र संगठनहरूलाई एकातिर पन्छाएर 'बेरोजगार मजदूरहरूको आन्दोलन' गठन भएको देखिन्छ । र, अहिले यो आन्दोलन साल्ता, जुजुये, माताञ्जासदेखि कोर्दोबा, रोसारियो र ब्यूनस आयर्सका वस्ती-वस्तीमा विस्तार भई, अर्जेन्टिनाकै सबैभन्दा सशक्त र जुझारू भुइँतहको संगठन (ग्रासरूट अर्गनाइजेशन) भइसकेको छ ।

यस आन्दोलनका संगठनहरूको अभूतपूर्व विस्तारले बेरोजगार मजदूरहरूसम्बन्धी पुरानो धारणामाथि ठूलो प्रश्नचिन्ह उठाइदिएको छ । र, यसले सबैलाई के देखाइदिएको छ भने बेरोजगार मजदूरहरू पनि संगठित हुनसक्छन्, सामूहिक कारवाहीमा जुझारू भएर लागिपर्न सक्छन्, संघर्ष, सम्झौता, वार्ता सहमति गर्न अनि राज्यबाट छुट र सुविधा प्राप्त गर्न सक्षम छन् । र, यिनीहरू नवउदारवादी सरकारी यन्त्रदेखि पूँजीवादी अर्थतन्त्रसमेत ठप्प गर्न सबल छन् । सबैभन्दा सचेत, संगठित र संघर्षशील भनिएका वामपन्थी पार्टी र ट्रेड यूनियनहरू यस्ता संघर्षहरू संचालन गर्ने र ठोस ठोस उपलब्धिहरू हासिल गर्ने कार्यमा केही वर्ष अगाडिदेखि असक्षम भइरहेको स्थितिमा यस आन्दोलनको क्षमता र सफलतालाई कदापि कम आँक्न सकिँदैन ।

यसले के संकेत दिइरहेको छ भने बेरोजगारहरूको बारेमा पार्टी र ट्रेड यूनियनहरूको



आर्थिक संकटविरूद्ध ब्यूनस आयर्समा आक्रोश व्यक्त गरिरहेका २ लाख ५० हजार जनताबीच आमाहरू नारा लगाउँदै

परम्परागत धारणा वस्तुसम्मत छैन र तिनका दृष्टिकोण, सांगठनिक ढाँचा, नेतृत्व र संघर्षको शैली धेरै हदसम्मका मक्किसकेका छन् । तिनीहरूले जतिसुकै ठूल्ठूलो स्वरमा मार्क्सवादको दुहाई दिए तापनि तिनीहरूको दृष्टिकोण द्वन्द्वात्मक भौतिकवादी छैन ।

भुइँफुट्टे नेतृत्ववर्गको नोकरशाही तन्त्रमा फेरिएका तिनका सांगठनिक ढाँचाहरू भऱ्याङजस्तै तहगत (सोपानात्मक) छन्, । जति जति माथिल्लो तहमा पुगिन्छ, त्यति-त्यति सत्ता, शक्ति र सम्पत्तिको मालिक हुन पाइने सांगठनिक ढाँचा र सोपानात्मक संस्कृतिले ती पार्टी, यूनियन र तिनको नेतृत्ववर्गलाई क्रान्तिकारी र जनमुखी बन्न नै दिँदैनन् ।



*आफ्ना भुप्रा बस्तीहरूमा वैकल्पिक जनसत्ताको अभ्यास गरिरहेका संगठित बेरोजगार मजदूरहरू*

**यिनीहरू सबै खुला जनसभाहरूमा खुलेआम छलफल र वादविवाद गर्छन् र ठोस नीति-निर्णय पनि गर्छन्, समान हैसियतका साथ । यस आन्दोलनभित्र माथिल्लो तहका नेताहरू नेतृत्व नोकरशाहजस्ता हुँदैनन् ।**

तर यस आन्दोलनको ढाँचा भने समतल खाले (Horizontal structure) छ, तह र तह अनुसारको नोकरशाहीतन्त्र छैन । यसको संरचनाको निर्माण पार्टी र ट्रेड यूनियनहरूको जस्तो 'टप टु बटम' होइन, 'बटम अप' हुन्छ । तलबाट चुनिएर गएपछि मात्रै माथि पुग्न पाइन्छ, माथिबाट छानिने वा टीका लगाएर तान्ने काम हुँदैन । र, चुनिएका व्यक्तिलाई छान्ने मतदाताहरूले उसको चिन्तन र कर्म चित्त नबुझेमा फिर्ता बोलाउन सक्छन् । कार्यकर्ताहरूको भर्ना पनि काम र संघर्षको क्रममा 'फेस-टु-फेस' गरेर, चिन्तन र कर्म हेरेरमात्रै गरिन्छ । यसको नेतृत्ववर्ग, कार्यकर्ता र समर्थकहरू एउटै वर्गबाट आउँछन् । यिनीहरू सबै खुला जनसभाहरूमा खुलेआम छलफल र वादविवाद गर्छन् र ठोस नीति-निर्णय पनि गर्छन्, समान हैसियतका साथ । यस आन्दोलनभित्र माथिल्लो तहका नेताहरू नेतृत्व नोकरशाहजस्ता हुँदैनन् । उनीहरूप्रति कार्यकर्ताहरू जवाफदेही हुनु पर्दैन, बरू यसको ठीक उल्टो हुन्छ । जनता र कार्यकर्ताप्रति नेतृत्व जवाफदेही हुनुपर्छ । यसका नेता-कार्यकर्ताहरू पार्टी र ट्रेड यूनियनका नोकरशाह वा जागिरेहरूले जस्तै तलबमा काम गर्ने गर्दैनन् । बरू यिनीहरूलाई संगठन र जनसमुदायले नै पाल्ने काम गर्छन् । पार्टी र ट्रेड यूनियनहरूले तलबमा पालेर राखेका 'होल टाइमर' र 'प्रोफेशनल'हरू खटाएर संगठित गर्न खोज्छन् । परिणामस्वरूप जनता र संगठनबीच प्रेम र विश्वासको अटूट धागो कस्सिन नै पाउँदैन । तर यस आन्दोलनले जनतासँग जिउने-मर्ने बचनबद्धता व्यक्त गर्ने कार्यकर्तालाई संगठित गर्ने जिम्मा दिन्छ, जसको परिणामस्वरूप जनताबीच संगठन एकाकार भइरहेको हुन्छ ।

## हार्दिक र औपचारिक नेतृत्व

पार्टी र ट्रेड यूनियनहरूको नेतृत्व संरचना, विधि-प्रक्रिया र कार्यशैली औपचारिक छन्, परन्तु यस आन्दोलनको चाहिँ धेरै हदसम्म अनौपचारिक छन् । पार्टीहरूमा औपचारिकता कति हदसम्म हावी छ भने संघर्षहरूसमेत औपचारिक हुन्छन्, सांकेतिक विरोधमै सीमित हुन्छन् । र, तिनीहरूले बेसीभन्दा बेसी सरकारसँगको सम्झौता र बन्द कोठाभित्रका सहमतिहरूमै आफ्नो ध्यान केन्द्रित गर्छन् । जनता र मजदूरहरूका आवश्यकता र चाहनाहरूलाई लत्याएर गरिने यस्ता सम्झौता र सहमतिहरू आफ्ना समूहगत र व्यक्तिगत स्वार्थ विस्तारका लागि प्रयोग गर्नु नै तिनको नेतृत्वको विशेषता भइसकेको छ, जुन जनता र मजदूरवर्गबाट अलग्गिनुको एउटा प्रमुख कारण भइरहेको छ । तिनीहरू आफ्नै क्षेत्रमा कार्यकर्ता र जनताबीच शासक या मालिकका रूपमा स्थापित छन् र नवउदारवादी सरकारका मित्र र सहयोगी भएका छन् ।

तर यस आन्दोलनका नेता र कार्यकर्ताहरू भने आफ्ना क्षेत्र, आफ्नो जनाधार र आफ्ना सहयोगीहरूको विश्वास, प्रेम र सहयोगको आधारमा मात्रै टिकिरहेका छन् । पार्टी र ट्रेड यूनियनका मालिकहरूभन्दा ठीक उल्टो ढंगले यसका नेता-कार्यकर्ताहरू गरीबहरूको झुप्रे बस्तीमै बसी हिलो, धूलो, धुँवाबीच बेरोजगारहरूसँग घुलमिल भई संगठन र संघर्षको सिर्जना गर्छन् । मुटु काम्ने जाडो र अनुहार नै डढाउने गर्मीबीच पनि यिनीहरू खानाका लागि रोइरहेका बच्चाहरू, बच्चाहरूलाई खाना ख्वाउन नपाएर आक्रोशित भइरहेका आमाहरू, रोजगारी नपाएर रन्थनिएका युवा-युवतीहरूसँग घुलमिल हुने अनि उनीहरूकै आत्मविश्वास र प्रेमको आधारमा संगठन र संघर्षको विस्तार गर्ने कार्यमा संलग्न छन् । जनता र कार्यकर्ताहरूको काँधमा काँध मिलाएर राजमार्गहरूमा चक्काजाम गर्ने र तातो गोली खान पनि तयार हुने नेतृत्व पंक्ति भएकै कारणले आज यो आन्दोलन सबैजसो परम्परागत पार्टी र ट्रेड यूनियनहरूका लागि चुनौती भएको छ ।

जनताप्रतिको प्रतिबद्धता र भरोसाकै परिणामस्वरूप यस आन्दोलनले अचेल लाखौं मानिसहरूलाई सक्रिय पार्न सकिरहेको छ । यसको एउटै आह्वानमा दशौं हजार संगठित बेरोजगारहरू ज्यान फालेर चक्काजाम गर्न पुग्छन्, ट्रेड यूनियनहरूका हजारौं हजार कार्यकर्ताहरू गाउँ-बस्तीहरूमा खटिएर झुप्रेहरूलाई परिचालित गर्न

# बेरोजगार मजदूरहरूको आन्दोलनको गाथा

# विभाजन र संकीर्णताले ग्रस्त छ वामपन्थ

## अर्जेन्टिनाका वामपन्थी पार्टीहरूको आवाज

*● वर्कर्स पार्टी (PO) ● यूनाइटेड लेफ्ट (कम्युनिष्ट पार्टी र सोशलिष्ट वर्कर्स मुभमेन्ट) (MST) ● रिभोल्यूशनरी सोशलिष्ट लीग (LSR) र ● सोशलिष्ट वर्कर्स फ्रन्ट (FOS) को वक्तव्य :*

अर्जेन्टिनाका जनता र मजदूरहरूले *डि ला रूआ र कावालो*को सरकारलाई सडकमै ध्वस्त पारेका छन् । यो संकटको त्यस्तो घडीमा जनताको महान विजय साबित भएको छ, जुन बेला मानिसहरूको तलब जाम गरिँदै थियो, मानिसहरूको बचत जफत गरिँदै थियो र सार्वजनिक वित्त (पब्लिक फिनान्स) को दिवालियापनलाई आम परिघटना बनाईंदै थियो ।

*डि ला रूआ र कावालोहरू, मेनम र दुहाल्डेहरू, रूकफ, प्लेटो र रोड्रिग्ज सा* जस्ता व्यक्तिहरू नै यस्तो सामाजिक महाविनाशका लागि जिम्मेवार छन् । उनीहरू नै त्यस्तो सामाजिक विघटनका लागि जिम्मेवार छन्, जुन विघटनले दशौं लाख अर्जेन्टिनावासी जनताको जीवनलाई तहस-नहस गरिरहेको छ ।

जुन जुन पार्टीहरू संसदमाथि नियन्त्रण कायम गरेर बसिरहेका छन्, ती सबै पार्टीहरू पनि यस्तो भीषण विपत्तिका लागि त्यत्तिकै जिम्मेवार छन् । यस्ता भीषण विपत्तिका जिम्मेवार पार्टीहरूसँग न सरकार बनाउने क्षमता छ, न उनीहरूको सरकार बनाउने हक छ ।

वास्तवमा यस्तै महाविनाश र भीषण विपत्तिविरुद्ध जनता सडकमा उभिएका हुन्, अहिले सडकमा उनीहरूकै अधिकार छ, राजमार्गहरूलाई उनीहरूले अलग्याएका छन्, काम गर्ने स्थानहरूमाथि उनीहरूले कब्जा जमाएका छन् र सत्ताका हरेक केन्द्रहरूमाथि उनीहरूले आफ्नो निशाना केन्द्रित गरिरहेका छन् ।

अर्जेन्टिनाको बैंकिङ्ग व्यवस्था र ठूलो पूँजी दिवालिया भइसकेको छ । यथार्थमा यो उत्पीडनको प्रणालीको, त्यस्तो उत्पीडनकारी सामाजिक-आर्थिक-राजनैतिक संरचना र संगठनको अन्तिम मुकाम आइसकेको छ, बस अब अचाक्ली भो !

हामी के घोषणा गर्छौं भने यस्तो महाविनाशबाट बच्ने एकमात्र बाटो चाहिँ अझै बाँकी छ । परन्तु यो बाटो त्यस्ता मानिसहरूको चरित्र र व्यवहार विपरीत छ, जसले आत्मसमर्पणका लागि, वित्तीय पूँजी र देशी-विदेशी एकाधिकारी पूँजीवादको फाइदाका लागि समाजमा हिंसा र उत्पीडन थोपर्छन् । सत्य कुरा यही हो । शासक तप्काले गरिरहेको मुद्राको डलरीकरणले मुद्रा-अवमूल्यन गरिरहेको छ, जसबाट हामी अर्जेन्टिनाबासीहरूलाई यो संकटको दुश्चक्रबाट मुक्त हुन पटक्कै सहयोग हुनेवाला छैन । यी सबै उपक्रमहरू हाम्रो श्रमको दोहन गर्ने खालका नयाँ नयाँ उपायहरूमात्रै हुन् ।

यी सबै चीजहरूलाई खतम गर्नुपर्छ । हामीले *डि ला रूआ-कावालो*को सरकारलाई मात्रै नष्ट गरेर पुग्दैन, *रोड्रिग्ज सा*को सरकार र अन्य त्यस्ता सबै पार्टीहरूलाई धूलोपीठो पार्नुपर्छ, जसले अन्तर्राष्ट्रिय मुद्राकोषका लुटेराहरूसँग सम्झौता गर्ने बाटो हेरिरहेका छन् । ती सबै पार्टी र व्यक्तिहरूले, बैंकपति र ठूला पूँजीपतिहरूका निगमहरूले र निजीकरणमा लिप्त एकाधिकारीहरूले नै यो महासंकटको मूल्य चुक्ता गर्नुपर्छ, जसले राज्यलाई आफ्नो बपौती बनाइराखेका छन् ।

अतः बैंकको राष्ट्रियकरण गर्नु जरूरी भइसकेको छ, मजदूरहरूको तलब तथा स-साना उत्पादकहरू र खुद्रा व्यापारीहरूका बचतहरूमाथि राखिएको प्रतिबन्ध हटाउनु आवश्यक भइसकेको छ । त्यसको सट्टा ठूल्ठूला हाकिमहरूका दशौं लाख डलरको कोषलाई जाम गर्नु जरूरी छ, किनकि अहिलेसम्म उनीहरूले १५० अरब डलर रकम देशबाट बाहिर पठाइसकेका छन् ।

जुन जुन सेवाहरूको निजीकरण गरिएको छ, ती सबैलाई सरकारले आफ्नो हातमा लिनुपर्छ र विदेशी ऋणको ब्याज चुक्ता गर्ने काम तुरुन्त रोक्नुपर्छ ।

यसै आधारमा श्रमिकहरूको राष्ट्रिय योजनाअन्तर्गत अर्थतन्त्रको पुनर्गठन जरूरी छ, ता कि पंगु भएका उत्पादनहरू पुनः सुचारू रूपले चलाउन सकियून् ।

अब जनतालाई सोच-विचार गर्ने र संगठित हुने अधिकार दिइनुपर्छ । वर्तमान सत्ताविरूद्ध उभिरहेका जनसत्ताको पुनर्गठनका लागि यो अति आवश्यक शर्त हो । आजको आवश्यकता हो : एउटा नयाँ अर्जेन्टिनाको, जुन जस्टिशियालिष्ट पार्टी वा अलाएन्स पार्टीको नेतृत्वमा संभव छैन । हो, आजको आवश्यकता हो- मजदूरहरूको अर्जेन्टिनाको, त्यस्ता मजदूरहरूको, जसले हामीमाथि शोषण-उत्पीडन गर्ने मानिसहरूको मालिकत्व खोसेर लिनेछन् ।

यो वक्तव्य हेर्दा अर्जेन्टिनाका वामपन्थी पार्टी र संयुक्त वाममोर्चाहरू नेपालका संसदीय वामपन्थी पार्टीहरूको तुलनामा धेरै नै क्रान्तिकारी देखिन्छन् । डिसेम्बर जनविद्रोहपछि यिनीहरूले संयुक्त रूपमा संघर्ष गर्ने वचनवद्धताका साथ घोषणा गरेका थिए- 'अर्जेन्टिनाको महासंकटको हल संविधानसभाको चुनाव या सर्वपक्षीय राष्ट्रिय सम्मेलनबाट मात्र संभव छ । त्यस्तो चुनाव वा सम्मेलनमा रोजगार र बेरोजगार मजदूरहरू, जस्तो- पिकेतेरोस मुभमेन्ट, लडाकू ट्रेड यूनियन र अन्य सामाजिक आन्दोलनदेखि लिएर सम्पूर्ण वामपन्थी पार्टीहरूको प्रतिनिधित्व हुनुपर्छ । मूल रूपमा वर्तमान आर्थिक व्यवस्थाविरूद्ध संघर्षरत सबै संगठनहरूको प्रतिनिधित्व हुनु जरूरी छ ।'

पूँजीवादी विश्वव्यापीकरण र विश्व बैंक- मुद्राकोष निर्देशित नव-उदारवादी शासनविरूद्ध संघर्ष गर्न खोज्नु तथा महासंकटको हल संविधानसभा वा सर्वपक्षीय राष्ट्रिय भेलामा खोज्नु अर्जेन्टिनाको सन्दर्भमा कम क्रान्तिकारी कुरा होइनन् । तर व्यवहारमा भने यी पार्टीहरूको भुइँफुट्टेपना, मनतातो र छिपछिपे संघर्ष, आपसी विवाद र फूट एवं संकीर्णताको रोगले गर्दा यी पार्टीहरू डिसेम्बरको अभूतपूर्व जन-आन्दोलनलाई पनि क्रान्तिको चरणसम्म विस्तार गर्न असफल भइरहेका छन् ।

ल्याटिन अमेरिकासम्बन्धी विशेषज्ञ तथा इन्टरनेशनल सोशलिष्ट रिभ्यूको सम्पादक मण्डलका सदस्य टम लेविसका अनुसार अर्जेन्टिनाका वामपन्थीहरूलें पनि टूट, फूट, विभाजन र संकीर्णताको रोगले ग्रस्त इतिहास अहिले समेत सकी-नसकी बोकिरहेका छन् । माथिको संयुक्त वक्तव्यमा हस्ताक्षर गर्ने ४-५ वटा वामपन्थी पार्टीहरूको मोर्चाबन्दी र



**आफ्ना संगठनको पुराना ढाँचा, सोचाइ, नेतृत्व संघर्षको स्वरूप र शैली फेर्ने हो भने मात्रै यस्ता वामपन्थी पार्टीहरूले अर्जेन्टिनाको महासंकटको समाधान गर्न सकिन्छ ।**

जेम्स पेट्रास

संयुक्त संघर्षबाट अलिकति सकारात्मक संकेत पाइएकोमा खुसी व्यक्त गर्दै उनी लेख्छन्- 'नव-उदारवादी शासन सत्ताविरूद्ध श्रमिक-सत्ता निर्माण गर्न आगामी दिनहरू निक्कै अनुकूल हुनेछन् । सडक-सडकमा ज्यू-ज्यानको बाजी लगाएर संघर्ष गरिरहेका रोजगार र बेरोजगार मजदूरहरूलाई अब पनि सही नेतृत्व दिन सकिएन, क्रान्तिको संघारमा टेकिरहेको अर्जेन्टिनाको विस्फोटक स्थितिलाई अहिले पनि सही मार्ग निर्देशन दिन सकिएन भने अर्जेन्टिनाका क्रान्तिकारी भनिएका वामपन्थीहरूको भीरबाट लड्ने प्रक्रियालाई कसैले पनि काँध थाप्ने संभावना छैन ।'

बेरोजगार मजदूरहरूको आन्दोलन (MTD) वर्कर्स पोल, कम्ब्याटिभ वर्कर्स फ्रन्ट र क्लास कन्सियस एण्ड कम्ब्याटिभ करेन्टजस्ता संगठनहरूका स-साना जनसत्ताहरूले श्रमिक-सत्ताका लागि मार्ग प्रशस्त गरिरहेको र अर्जेन्टिनाको पूँजीवादलाई फ्यांक्न वैकल्पिक सोचसहित संघर्ष गरिरहेकोमा टम लेविसदेखि जेम्स पेट्रासम्म आशावादी छन् ।

देशका वामपन्थी र मध्यवामपन्थी पार्टीहरू समाचारपत्रको प्रकाशन-वितरण गर्ने र नपुंसक संसदको चुनावमा आफ्ना हाकिमहरूलाई चुनेर पठाइने काममा मात्रै लिप्त रहेकोमा जेम्स पेट्रासले पनि निक्कै गुनासो गरेका छन् । आफ्ना संगठनको ढाँचा, सोचाइको परम्परागत ढंग, नेतृत्वको नोकरशाही व्यवहार र शासकीय प्रवृत्ति, संघर्षका जुझारूपनाविहीन स्वरूप र शैली फेर्ने हो भने मात्रै यस्ता वामपन्थी पार्टीहरूले अर्जेन्टिनाको महासंकटको समाधान गर्न सक्ने कुरामा दृढ छन् ।

उनी लेख्छन्- "प्रत्यक्ष र फलदायी कारवाही, जनाधारयुक्त संगठन र जुझारूपनासहित अगाडि बढिरहेका बेरोजगार मजदूरहरूको आन्दोलन (MTD) लगायत मेक्सिकोको जापातिस्टा, रूरल ल्याण्डलेस वर्कर्स अफ ब्राजिल (MST), पाराग्वेको नेशनल पिजेन्ट फेडरेशन, रिभोल्यूशनरी आर्म्ड फोर्सेज अफ कोलम्बिया (FARC), इक्वेडरको आदिवासी किसानहरूको संगठन (CONAIE) जस्ता वामपन्थी शक्तिको बहुआयामिक नेतृत्वबाट मात्रै अबको सामाजिक परिवर्तन संभव छ ।"

❑

तम्सिन्छन् । र, सबैभन्दा महत्वपूर्ण कुरो, महिला र किशोर-किशोरीहरू जुझारू संघर्षमा समेत वीरतापूर्वक सहभागी हुन्छन् । यहाँ उल्लेखनीय कुरा के हो भने जुझारू खालका संघर्षहरूमा सहभागी हुने महिलाहरूको उपस्थिति ६० प्रतिशतभन्दा बेसी हुन्छ । यो हदसम्मको सहभागिता भुइँतहको जनाधारयुक्त संगठन, ठोस ठोस मागमा हुने जन-संघर्ष, उपलब्धिमूलक सम्झौता, संगठन र नेतृत्वप्रतिको अदम्य जनविश्वास र प्रेमविना कदापि संभव हुँदैन । यी सबै पक्षहरू यस आन्दोलनको सफलताका महत्वपूर्ण कारकहरू हुन्, जुन अरूहरूका लागि चाहिं चुनौती भइरहेका छन् ।

यो आन्दोलन औपचारिक संगठन, सोपानात्मक संरचना र मालिकजस्तो नेतृत्व भएका परम्परागत पार्टी र ट्रेड यूनियनहरूका लागि चुनौती हुनुको अर्को मजबूत कारण पनि छ- त्यो हो : ढीलो नगरिकन गरिने प्रत्यक्ष कारवाही (direct action) ।

यस आन्दोलनसँग काँधमा काँध मिलाई काम गरिरहेका विख्यात विद्वान जेम्स पेट्रासका अनुसार, प्रत्यक्ष कारवाही यस आन्दोलनको प्रमुख जनआकर्षण हो । अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैंकद्वारा निर्देशित संरचनागत समायोजन कार्यक्रम (SAP)को कारणले वाक्कदिक्क भएका अर्जेन्टिनावासीहरूका लागि बजेट कटौती, रोजगारी र ज्यालामा कटौती, प्रशासनमा व्याप्त भ्रष्टाचार, सरकारको कुशासन, संसदको नपुंशकता र नोकरशाहहरूको अभिजातवर्गीय निरंकुशताविरूद्ध यस आन्दोलनको प्रत्यक्ष कारवाही ठूलो आकर्षणको विषय हो । किनकि यस्ता सम्पूर्ण कुकर्महरूको प्रतिरोधमा यो आन्दोलनबाहेक अरू कोही पनि डटेर लागेका छैनन् । प्रत्यक्ष कारवाहीमा संलग्न अरू संगठनहरूको अस्तित्वसमेत छैन । जबसम्म न्यूनतम माग पूरा हुँदैन, तबसम्म राजमार्गहरू अवरूद्ध गर्ने साहस र कौशल भएको यस आन्दोलनको प्रत्यक्ष कारवाही सम्पूर्ण खाले कुकर्महरूको एउटा सशक्त प्रतिरोध हो ।

औद्योगिक मजदूरहरूले मेशिन नचलाइकन, उत्पादन नगरिकन र कल-कारखाना बन्द गरिकन देशी-विदेशी पूँजीपतिवर्गलाई अत्यावश्यक मूल्य (Value) निर्माण गर्न रोकेजस्तै यसका बेरोजगार मजदूरहरूले कच्चापदार्थ र उत्पादित वस्तुको आवत जावत रोक्ने क्रममा राजमार्ग बन्द गरेर पूँजीपतिवर्गको नाफा (Profit) निर्माणमाथि प्रत्यक्ष कारवाही गर्दै आएका छन् ।

यसले पूँजीपतिको स्वार्थ, नव-उदारवादी सरकारको कुकर्म र पूँजीवादी विश्वव्यापीकरणमाथि समेत स्थानीय स्तरमा सफतापूर्वक प्रतिरोध गरिरहेको प्रतीत हुन्छ । यसले देखाइरहेको छ- जुजुये र नेउक्वेनजस्ता मृत शहरका छाप्रेहरूको स्थानीय संघर्ष पनि राष्ट्रव्यापी आन्दोलनको प्रमुख अंग भएमा त्यसले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रभाव पार्नसक्छ, स्थानीय संघर्ष पनि राष्ट्रिय-अन्तर्राष्ट्रिय संघर्षको अंग हुनसक्छ र राज्य, राज्यलाई उपयोग गर्ने देशी-विदेशी पूँजीपतिवर्ग र तिनीहरूको अन्तर्राष्ट्रिय संगठनलाई समेत आच्छु आच्छु पार्न सक्छ ।

१० दिनभित्र ४ जना राष्ट्रपतिहरूलाई कुर्सीबाट फ्यांक्न सफल भएको अर्जेन्टिनाको डिसेम्बर जनविद्रोहको केन्द्रमा रहेको यो आन्दोलन स-साना स्थानीयस्तरमा सुधारका संघर्षहरूदेखि लिएर सरकारविरूद्ध जुझारू र क्रान्तिकारी संघर्षमा व्यस्त छ । अत्यन्त उन्नत

- ❑ जुझारु संघर्षमा ६० % महिलाहरुको वीरतापूर्ण सहभागिता
- ❑ ढीलो नगरिकन गरिने प्रत्यक्ष कारवाही यस आन्दोलनको प्रमुख जनआकर्षणको केन्द्र,
- ❑ छाप्रेहरुको स्थानीय संघर्षले पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रभाव पार्नसक्छ

*जनसत्ताको अभ्यास : ब्यूनस आयर्समा भेला भएका ८० वटा स्थानीय समितिका प्रतिनिधिहरू प्रजातन्त्रको प्रयोग गर्दै*





*बैंकमा बचत गरी राखिएको आफ्नो रकम फ्रीज गरिएपछि बैंक तोडफोड गर्दै एक मध्यमवर्गीय महिला*

ढंगले सुसंगठित बेरोजगार संगठनहरूको राष्ट्रव्यापी परिचालनद्वारा तीन सयवटा राजमार्गहरू एक्कैपटक बन्द गरी सरकार र सिंगो अर्थतन्त्र ठप्प पार्नु भनेको यसको लागि सामान्य भइसकेको छ । यस्ता संघर्षहरूको क्रममा हुने सरकारी दमन र राज्य-हिंसाविरूद्ध सशक्त र जुझारू ढंगले प्रतिरोध गर्ने क्षमता र शैली यसले विकसित गरिसकेको छ । अर्कोतिर स्थानीय स्तरमा दवाव, धर्ना, जुलूस र सम्झौताद्वारा सरकारबाट ज्याला बृद्धि, अस्थायी जागिर खाद्यान्नको सुविधा र अन्य छूटहरू प्राप्त गर्ने खालका सुधारका काममा पनि यो आन्दोलन क्रियाशील छ ।

दुवैथरी संघर्षका उपायहरूको सही संयोजन र क्रियान्वयनकै कारणले आज यो आन्दोलन यति शक्तिशाली र व्यापक हुनसकेको हो भन्दा अत्युक्ति नहोला । यसै सन्दर्भमा यस आन्दोलनभित्रको प्रजातान्त्रिक प्रक्रिया, यसले अभ्यास गरिरहेको वैकल्पिक जनसत्ता र राजमार्ग बन्द गर्ने नौलो फलदायी संघर्षको पद्धतिलाई पनि कसैले बेवास्ता गर्न मिल्दैन ।

### *समीकरण र नारा फेर्ने आन्दोलन*

यस आन्दोलनको शक्ति, जुझारूपना र संघर्षको कौशलको कारणले अचेल अर्जेन्टिनाको राजनीतिक समीकरणमै फेरबदल आउन थालेको छ । हिजोसम्म राष्ट्रको मूलधारमा रहेका सरकार र पार्टीहरूको भुइँफुट्टेपना बढ्दै बढ्दैजानाले ती शक्तिहरू मूलधारको किनारातिर लागेका शक्तिहीनमा परिणत हुनथालेका छन् भने केही वर्षसम्म अस्तित्वमै नभएको यस आन्दोलनको शक्ति, संघर्ष र नारा आदि मूलधारमा प्रवेश हुनथालेका छन् । डिसेम्बर विद्रोहभन्दा एकदुई महिना अगाडिसम्म यस आन्दोलनका नाराहरू 'अतिवामपन्थी नारा' मानिन्थे । तर आज यस आन्दोलनद्वारा गरिएको गम्भीर जनपरिचालनपछि तिनै नाराहरू सडकमा उत्रने प्रत्येक विद्रोहीका युद्धघोष भएका छन् । हिजोसम्म देशको १४० अर्ब डलर ऋण तिर्न अस्वीकार गर्नुपर्छ भन्ने यसको नारा उग्रवादी खालको विचार मानिन्थ्यो, तर आज ती नाराहरू सबैजसो जन-प्रदर्शनमा सबैभन्दा जोड्दार रूपले घन्किन थालेका छन् ।

सन् २००१ को सेप्टेम्बरपछि यस आन्दोलनले गरेका दुईवटा राष्ट्रिय भेलाहरूद्वारा पारित नाराहरू अचेल घर-घरमा घन्किन थालेका छन् । राजधानी ब्यूनस आयर्स शहरछेउको वस्ती- ला मान्ताजा र ब्यूनस आयर्सबाट दक्षिण पूर्वस्थित एक घण्टाको दूरीमा रहेको ला प्लाटामा राष्ट्रिय भेलाहरूमा विभिन्न फाँटबाट २ हजार जना प्रतिनिधिहरूको सहभागिता थियो । ती सहभागीहरूमध्ये पिकेतेरोस मुभमेण्ट (पिकेटिङ गर्ने आन्दोलन) लडाकू ट्रेड यूनियनहरू, मानवअधिकार संगठनहरू, गैर-सरकारी संगठनहरू, वामपन्थी पार्टीहरू, विद्यार्थी संगठनहरू, लेखक-कलाकारहरूका प्रतिनिधिहरू बेसी थिए । ती राष्ट्रिय भेलाहरूले आ-आफ्ना पार्टी र संगठनका कार्यहरूलाई संयोजित गर्ने, विचार-विनिमय गर्ने, राष्ट्रिय योजना तर्जुमा गर्ने, एकीकृत संघर्षको कार्यक्रम तय गर्ने र साझा नाराहरू तयार गर्ने उद्देश्य पूरा गरेका थिए । स्थानीय र तत्कालीन मागहरूभन्दा माथि उठेर यस आन्दोनलले भेलाको क्रममा तय गरेका मागहरू उल्लेखयोग्य छन्-

(१) संरचनात्मक समायोजनसम्बन्धी नीति र कार्यक्रमलाई नष्ट गर्नु-गराउनु,
(२) सामाजिक क्षेत्रको लगानी कटौती गर्ने बजेट फिर्ता गर्नु-गराउनु,
(३) सार्वजनिक सेवामा रोजगारी वृद्धि गर्ने र १६ वर्षभन्दा माथिका बेरोजगारहरूका लागि खाद्यान्न बाँड्ने कार्यक्रमको रक्षा र विस्तार गर्नु-गराउनु,
(४) बेरोजगारहरूको संगठनको अगुवाइमा बेरोजगोरहरूको नाम दर्ता गर्ने प्रक्रियालाई व्यापक पार्नु,
(५) साना र मध्यम स्तरका किसानहरूका लागि आ-आफ्ना खेतबारीका लागि आवश्यक बीउ-विजन किन्न १ सय डलर प्रतिहेक्टरका दरले सहयोग दिनु-दिलाउनु,
(६) कामबाट निकाल्ने कामलाई प्रतिबन्ध लगाउनु,
(७) जनरल मास्कोनी शहरमा तैनाथ गरिएका सैनिकहरू फिर्ता गर्न लगाउनु र,
(८) गिरफ्तार गरिएका र अन्य सरकारविरोधी कार्यमा लागेका मानिसहरूमाथि भइरहेको अवैधानिक कारवाही रोकी कानूनी प्रक्रिया संचालन गर्न दवाब दिनु ।

यसका साथै यस आन्दोलनले राष्ट्रिय भेलामार्फत् ५ वटा रणनीतिक लक्ष्यहरू तय गरेको थियो -

१) भ्रष्टाचारले भरिपूर्ण अवैध विदेशी ऋण नतिर्ने,
२) पेन्सन कोषमाथि जनताको सार्वजनिक नियन्त्रण कायम गर्ने,
३) बैंक र रणनैतिक महत्वले भरिएका इन्टरप्राइजेजहरूलाई पुनः राष्ट्रियकरण गर्ने,
४) साना किसानहरूको टाउकोमाथि बोझ बनिरहेको ऋण मिनाहा गर्ने र उनीहरूको उत्पादनको उचित मूल्य दिलाउने,
५) रोग, भोक र शोक बृद्धि गर्ने सरकारलाई सत्ताच्यूत गर्ने र राजनीतिक समीकरणमा पुनर्गठिन गर्ने

विश्व बैंक- मुद्राकोष निर्देशित-नियन्त्रित नव-उदारवादी नीतिविरूद्ध धावा बोल्ने क्रममा यस आन्दोलनका नारा, संघर्ष र रणनीतिक लक्ष्य जब व्यवहारमा अनुवाद हुनथाले, तब थुप्रै सरकारहरू सत्ताच्यूत् भए, राजनीतिक समीकरणसमेत बदलियो । जनविरोधी राजनीतिमाथि सशक्त हस्तक्षेप गर्ने क्रममा गत सेप्टेम्बरदेखि राखिएका ३६ घण्टे आम हडताल र राष्ट्रव्यापी चक्काजाम एवं व्यापक जनप्रदर्शनको




**जनआक्रोशः सरकार र बैंकप्रति पोखिएको जनआक्रोश कहिलेसम्म थामिने हो, थाहा छैन !**

लहरले राजनीतिक ध्रुवीकरणलाई तीव्र बनाए ।

यस आन्दोलनको साख्यिक वृद्धि र प्रत्यक्ष कारवाहीहरूको अभिवृद्धिसँगै अन्य वर्ग र तप्काका संगठन र शक्तिहरूसँगको मोर्चाबन्दी र कार्यगत एकता पनि निक्कै बढेको छ । विश्वविद्यालयका विद्यार्थी संगठनहरू, विद्रोही ट्रेड यूनियनहरू, मानवअधिकार संगठनहरू र स-साना वामपन्थी पार्टीहरूसँगको मोर्चाबन्दी निक्कै कस्सिएको छ । सार्वजनिक सेवाका रोजगारहरूका यूनियन (ATE) र शिक्षक संगठनसँगको कार्यगत एकता, *सेन्ट्रल डि त्राबाजादोरेस अर्जेन्टिनोस* नामक विद्रोही ट्रेड यूनियनसँगको मोर्चाबन्दी, *माद्रेज डि ला प्लाजा डि मायो* नामक संगठनको नैतिक समर्थन र कार्यकर्ताहरूको परिचालन तथा विश्वविद्यालयका वामपन्थी विद्यार्थी संगठनहरूसँगको गठबन्धनले यस आन्दोलनको रणनीतिक लक्ष्य, संघर्षको रणनीति र नाराको सार्थकतालाई समयोचित ठहऱ्याइरहेका छन् । मोर्चाबन्दी र कार्यगत एकताले भरिपूर्ण संघर्ष र जनपरिचालनको क्रममा पनि यस आन्दोनलले आफ्नो स्वतन्त्रता र स्वायत्ततालाई बलियो गरी बचाइराखेको छ ।

यस आन्दोलनको आह्वान र संयोजनमा हुने संघर्ष र प्रत्यक्ष कारवाहीहरूमा शासकवर्गदेखि असन्तुष्ट भएको मध्यमवर्गको सहभागिता पनि एउटा उल्लेख नगरी नहुने पक्ष हो । पसले, पेन्सनवाला, स्वास्थ्यकर्मी, स्कूले शिक्षकदेखि सैनिक शासन (सन् १९७६-१९८६) ताका वावु र श्रीमान् हराएका-मारिएकाहरूका परिवारजनहरूको 'प्लाजा डि मायोका आमाहरू' आन्दोलनका महिला र बाल-बालिकाहरूको सहभागिता झन् झन् बढ्दो छ । खाई नखाई बैंकमा राखिएको आफ्ना लाखौं लाख डलर 'फ्रीज' गरिएपछि मध्यमवर्गका सदस्यहरू यस आन्दोलनसँग हातेमालो गर्दै प्रदर्शनमा सहभागी हुने, प्रहरी-सेनासँग हिंसात्मक संघर्षमा भिड्ने र असंगठित रूपमा लूटपाटमा संलग्न भएका थिए ।

शक्ति र प्रभावको विस्तारसँगै यस आन्दोलनलाई निल्न खोज्ने र यसभित्र घुसपैठ गर्न खोज्ने परम्परागत संसदीय राजनीतिक पार्टीहरूको चलखेल निक्कै बढेको छ । सोशल पोलजस्ता वामपन्थी पार्टीहरूसँगको सहकार्यको क्रममा दुवै पक्षका कार्यकर्ताहरूबाट एक-आपसका पदीय जिम्मेवारी लिने काम हुनथालेको छ । तर पनि संसदीय राजनीतिको आहालमा डुबिरहेका वामपन्थी पार्टीहरूको घुसपैठको संभावनाबाट भने यो सतर्क छ ।

अर्कोतिर, दक्षिणपन्थी अवसरवादी पार्टीहरूले पनि यस आन्दोलनलाई निल्न अचम्म-अचम्मका कलाबाजी देखाइरहेका छन् । तिनीहरूले यस आन्दोलनका जनमुखी र क्रान्तिकारी नाराहरू अपहरण गर्ने, रोजगारीका लागि सरकारसँग वार्ता गर्न दवाब दिने तथा यस आन्दोलनभित्र घुसपैठ गर्न निकै कसरत गरिरहेका छन् । अहिलेसम्मको स्थिति हेर्दा आफ्नो बढ्दो शक्ति र प्रभावलाई निल्न खोज्ने परम्परागत संसदीय पार्टीहरूको अवसरवादी हस्तक्षेपबाट आफूलाई मुक्त गर्न यो आन्दोलन सक्षम भइरहेको दृश्य नै देखिन्छ । ❑

*अन्तिम अंश अर्को अंकमा*

# जब आस्थाको शालिक पुनः स्थापित गरियो



**चार** दशकभन्दा अगाडि जुन स्थानमा विश्वका गरीखाने जनताका नेता जोसेफ स्तालिनको भव्य शालिक उखेलेर ध्वस्त पारिएको थियो, ठीक त्यही ठाउँमा उहाँको शालिक पुनःस्थापना गर्न पाउँदा त्यहाँका जनताहरू कति खुसी भए होलान्, यहाँ बसेर कल्पना गर्न धेरै गाह्रो हुने रहेछ ।

लगभग ४० वर्षभन्दा अगाडि सोभियत संघमा क. स्तालिनपछि शासनसत्ता कब्जा गर्न सफल संशोधनवादी नेता ख्रुश्चेभको प्रशासन र उनका समर्थकहरूद्वारा उत्तरी रूसको ओस्सेनियास्थित क. स्तालिनको भव्य शालिक ध्वस्त पारिएको थियो । क. स्तालिनको ऐतिहासिक योगदानविरूद्ध धावा बोल्ने क्रममै रूसको ओस्सेनिया प्रान्तको बेस्लेन (Beslane) शहरको मुटुमा रहेको उहाँको शालिक ध्वस्त पारिएको थियो । ख्रुश्चेभको शासनकालमा देशभक्त वृद्ध वृद्धाहरूदेखि लिएर कोम्सोमोल नामक संगठनका युवा र किशोर सदस्यहरूसमेत उहाँको शालिकका अगाडि झुकेर क. स्तालिनका ऐतिहासिक योगदानहरूप्रति सम्मान व्यक्त गर्दथे । तर ख्रुश्चेभको प्रशासनले त्यस्ता मानिसहरूलाई गिरफ्तार गर्ने, बाटैमा पिट्ने र लामो अवधिसम्म जेल-नेलको यातना दिने काम गर्दथ्यो । क. स्तालिनप्रति जनताको आस्था र सम्मानदेखि चिढिएरै, उसले आफ्ना प्रशासनिक यन्त्र र केही मण्डलेहरूलाई लगाएर जनविरोधका बावजूद सो शालिक ध्वस्त पार्न लगाएको थियो ।

तर कस्तो अचम्म भने, जनताको चित्तमा कुँदिएको आस्थाको शालिक तोड्न धेरै गाह्रो हुने रहेछ । ख्रुश्चेभ प्रशासनले ढुंगाको शालिक तोडेपछि ओस्सेनियाका जनताको मन-मस्तिष्कमा रहेको शालिक तोड्न दुस्प्रचारको लर्को नै लगायो । तर, ओस्सेनियाका जनताले हरेक हिसाबले उसको दुस्प्रयत्नको प्रतिरोध गरे । उनीहरूले 'स्तालिन स्ट्रीट'लाई अर्को नामाकरण गर्ने, अर्कै शालिक स्थापना गर्ने र सडकमा अरू नै प्रतिकात्मक चिन्हहरू राख्ने प्रयत्नको प्रतिरोध गरे । सरकारी अधिकारीहरूले स्तालिनको नामोनिशान नै मेटाउन खोज्दा उनीहरूले चाहिँ सो सडकमा कहिले स्तालिनको फोटो राख्ने, कहिले उहाँको चिन्ह वा प्रतीकहरू झुण्ड्याउने, नारा लेख्ने काम गर्दै आएका थिए, छापामार शैलीमा ।

सामूहिक खेती गर्ने किसानहरूदेखि लिएर कोइला खानीका मजदूरहरू र अन्य सामान्य बेस्लेनबासीहरूले विगत चार दशकभन्दा बेसी समयमा स्तालिन स्ट्रीटको अर्को नामाकरण गर्न दिँदै दिएनन् । साथै स्तालिनप्रति सम्मान व्यक्त गर्दै पहिले उहाँको शालिक रहेको स्थानमा फोटो राख्ने, बत्ती बाल्ने, फूल अर्पण गर्नेलगायत अन्य यस्तै कामलाई जारी राखेका थिए ।

सोभियत संघको विघटनपछि बेस्लेनका जनताहरू विशेषतः सामूहिक खेती गर्ने किसान र खानी-मजदूरहरूको चर्को मागबमोजिम बेस्लेन शहरको केन्द्रमा रहेको सो सडकलाई औपचारिक रूपमा फेरि एकपटक 'स्तालिन स्ट्रीट' नामाकरण गरिएको छ । Northstar compass, 2000 का अनुसार, केही समयअगाडि मात्रै त्यहाँका नागरिकहरूको मागअनुसार नगरप्रशासनले क. स्तालिनको शालिक पनि पुनर्स्थापित गरेको छ । स्तालिन स्ट्रीटमा स्तालिनको भव्य शालिक पुनःस्थापित गर्न पाउँदा बेस्लेनबासीहरू खुशीले गदगद् भएका छन् । उनीहरूले भनेका छन्- यो हाम्रो जनताको विजयको प्रतीक हो, त्यस्तै यो घटना आविस्मरणीय भएको छ । सिंगो मानवतामाथि संकट आइलागेको बेला समाजवादको निर्माणको सपनालाई साकार पार्न खोज्ने महान नेता क. स्तालिनको शालिक पुनर्स्थापना गर्न हामी सफल भएका छौं । यसको अर्थ हो : समाजवादको तेजिलो नक्षत्र क. स्तालिनको समाजवादी सपना अहिले झन् बेसी अर्थपूर्ण भएको छ । ❑

# मिथिलाको सङ्घर्षमाथि छरिएको पारिजात

■ धीरेन्द्र प्रेमर्षि





मरनीदेवी साह



रोशन जनकपुरी

प्रत्येक वर्ष वैशाखको अन्तिम शनिवारका दिन नेपाली प्रगतिशील साहित्य फाँटकी एक आधारस्तम्भ पारिजातको नाममा स्थापित पुरस्कारहरू केही प्रतिभालाई प्रदान गरिंदारहेछन् । यस वर्ष पनि वैशाख २८ गते ती पुरस्कारहरू प्रदान गरिए । सामान्यतया पारिजात स्मृति केन्द्रबाट वर्षैपिच्छे पुरस्कारहरू बाँड्नु भनेको त्यस केन्द्रको 'रूटीन वर्क'जस्तै हो । यस वर्षको पुरस्कार वितरण पनि उसो त 'रूटीन वर्क'भित्रै भएको थियो, तर यसले महत्व भने ऐतिहासिक किसिमको राखेको थियो । सम्भवतः तथाकथित रूपमा नेपालको एकीकरण भएपछि पहिलोपटक यस्तो भयो, जब राष्ट्रको सर्वाधिक महत्वपूर्ण क्षेत्रको रूपमा रहेर पनि राष्ट्रको मूल धारबाट टाढै रहन बाध्य भएको क्षेत्रका दुई सङ्घर्षशील योद्धाहरू राष्ट्रियस्तरको कुनै पुरस्कारबाट सम्मानित गरिए । यस वर्ष एकैपटक 'पारिजात सङ्घर्षशील नारी पुरस्कार' र 'पारिजात सृजन पुरस्कार' नेपालको मिथिलाञ्चल क्षेत्रकै दुई जुझारू व्यक्तित्वलाई प्रदान गरेर पारिजातको नाममा स्थापित ती पुरस्कारले स्वर्गीय पारिजातको सङ्घर्षशीलताको इतिहासलाई जीवन्त तुल्याइदियो ।

पारिजात संघर्षशील नारी पुरस्कारबाट पुरस्कृत हुने मरनीदेवी साहमाथि गत वर्ष बोक्सीको नाउँमा गरिएको अमानवीय व्यवहारबारे नेपाली जनमानस अनभिज्ञ छैन । त्यस्तो असह्य शारीरिक र मानसिक यातना सहेर उनले जुन साहस देखाइन्, त्यो मात्र पनि चानचुने संघर्ष होइन । मरनीदेवी त एक मानव वा उदाहरणमात्र हुन् । मिथिलाञ्चल वा तराईका अन्य भागमा हुने गरेका सामाजिक उत्पीडनबाट ग्रस्त हुनेहरूको, जहांको शासन-सत्ताले नै त्यस क्षेत्रलाई फगत भोटको उर्वर फाँट र कर असुल्ने गतिलो भाँडोभन्दा बढ्ता केही बुझ्न सकेको छैन, त्यहाँ खोजीपस्ने हो भने हजारौं मरनीदेवीहरू अहिले पनि भेटिन सक्छन्, दिनदिनै मारिने गरेको अवस्थामा । यस्तो विकट परिस्थितिमा कुनै गैरसरकारी संस्थाले मरनीदेवीको जिजीविषा र आँटलाई पुरस्कृत गरेर पिल्सिएर बसेका, अपमानको घुट्कोलाई नियति भन्दै निल्ने गरेका लाखौं मैथिलानीहरूलाई संघर्ष-पथमा अग्रसर हुन हौस्याएको हुनुपर्दछ भन्ने मेरो विश्वास रहेको छ ।

यसका साथै यस वर्ष 'पारिजात सृजन पुरस्कार'बाट पनि एक मैथिली साहित्यकार नै सम्मानित गरिए । मैले जानेसम्म यो पुरस्कार प्रगतिशील साहित्यिक फाँटमा विशेष योगदान पुऱ्याउने युवा प्रतिभालाई प्रदान गर्ने गरिन्छ । उसो त मैथिली साहित्यको प्रवृत्तिबारे कुरा गर्ने हो भने सर्जक जुनसुकै विचारधाराको भएतापनि उसको रचनाधर्मिता भने मूलतः प्रगतिशीलताकै बाटोमा हिंडिरहेको देखिन्छ । किनकि आम मैथिलको जीवन भोगाइ प्रायः आम-नेपालीको भन्दा पनि तल्लो स्तरको रहेको हुन्छ । मैथिलीमा साहित्यकारहरूको सक्रियताको ध्येय प्रज्ञा-प्रतिष्ठानमा पुग्ने वा लाखौं लाख रूपियाँका पुरस्कारहरू हत्याउने हुँदैनन् । उनीहरूको लेखन प्रायः सोद्देश्य हुने गरेकाले त्यसमा सामाजिक जीवनका यथार्थहरू नै प्रतिबिम्बित हुने गर्दछन् । त्यसमा सामाजिक जीवनका यथार्थहरू प्रतिबिम्बित हुने गरेबाट नै त्यसमा प्रगतिशीलताको छनक प्रचूर मात्रामा पाइने गर्दछ । यस्तो विशिष्ट साहित्यिक पृष्ठभूमि भएका मैथिली भाषामा मार्क्सवादी विचारधारामै प्रवाहित भएर कलम चलाउने रोशन जनकपुरीका रचनाहरू झन् प्रगतिशीलतामा चुर्लुम्म डुबेको हुनु स्वाभाविकै पनि हो । त्यसैले पारिजात सृजन पुरस्कारले रोशन जनकपुरीका माध्यमबाट मैथिलीमा शोषित-पीडितहरूका पक्षमा कलम चलाउने समस्त सृजनशील्पीहरूलाई सम्मानित गरेको अनुभव मेरो छ । रोशन जनकपुरीको कलमले मात्र शोषण-उत्पीडनको विरोध र श्रमशीलताप्रति आस्था एवं निष्ठा प्रकट गर्दैन, रोशन जनकपुरीको व्यक्तित्व पनि आफ्नो कलमकै प्रतिबिम्बका रूपमा रहेको अनेकौं उदाहरण मैले देखेको छु । मैथिली साहित्यिक क्षेत्रमा उत्कर्षका कवि भनेर चिनिन लागिसक्दा उनी एक मध्यमस्तरको जागीरे थिए । तर आफ्नो आस्थाका कारण जागिरे संस्थानका कतिपय कुराहरूसँग असहमत भएर उनले अनेकौं पटक जागीर रूपी गुलामीलाई लत्याउने काम गरे । र, त्यसपछि पनि सम्झौतावादी वा याचक बनेर कसैकहाँ जागीर माग्न नगई आफैंले साइकलमा पत्रिका राखेर बेच्न थाले । साथै आफ्नी सहधर्मिणीलाई सडकमा पत्रिका फिँजाएर बेच्न लगाउन थाले । यतिसम्म त मैले देखेकै थिएँ, तर जनकपुरी स्वयं भने जीवनका विशेष संघर्षमय ती दिनहरूमा आफूले टोकरीमा आलु राखेर पनि डुल्दै बेच्ने गरेको बताए ।

रोशनको वर्तमान दिनचर्या पनि कम संघर्षपूर्ण छैन भन्ने कुरा

**मैथिली साहित्यको प्रवृत्तिबारे कुरा गर्ने हो भने सर्जक जुनसुकै विचारधाराको भएतापनि उसको रचनाधर्मिता भने मूलतः प्रगतिशीलताकै बाटोमा हिंडिरहेको देखिन्छ**

जनकपुरधाममा एक दैनिक पत्रिकाको सम्पादक भएर पनि उनी जुन स्तरमा रहेर आफ्नो जीवनयापन गरिरहेका छन्, त्यसले छर्लङ्ग्याउँछ । उनी आफ्नो रचनाधर्मिताप्रति इमान्दार तथा आस्थाप्रति दृढ छन् । उनको भनाइमा- उनलाई फूलमा कुनै किसिमको सौन्दर्य दृष्टिगोचर हुँदैन, ठेला परेका हात अनि कठोर श्रमको पिल्साइमा परेर चाउरिएका गालामा उनी सौन्दर्यको अजस्र-स्रोत देख्दछन् । यस्तो सौन्दर्य, जसले सृजनको मार्ग पहिल्याउँछ, परिवर्तनको मार्ग-निर्देश गर्दछ । आफ्ना यिनै वैचारिक परिपक्वतामा रूमल्लिएर शासन-पद्धति, प्रजातन्त्र र समाजको विद्रुपतातर्फ लक्षित गर्दै उनी भन्छन् -

*"दर्द किछु आओर बढि जाइए-*
*भौंकहिवला पुछए जखन दुखाइए ?*

*देल जकरा घरके कुञ्जी अपन*
*उएह घरक ईटतक ल ऽ जाइए ।"*

अर्थात् पीडा त्यतिखेर अझ बढ्छ, जब घाउ लाउनेले नै 'दुख्यो ?' भनेर प्रश्न गर्छ । जसलाई आफ्नो ठानी घरको साँचो सुम्प्यो, त्यसैले घरको ईंटसमेत उखेलेर लाने गर्दछ ।

जेहोस्, आफ्नो कलम चलाएर अहिलेसम्म मैथिल श्रोता, पाठकहरूको मात्र मन-मस्तिष्क हुँडल्दै आएका जनकपुरीको श्रमसंघर्षप्रति निष्ठावान कलमलाई यसपालि पारिजात स्मृति केन्द्रले पुरस्कृत गरेर पहिलोपटक राष्ट्रको मूलधारमा ल्याउने सफल प्रयत्न गरेको छ । उसो त यसअघि केही सरकारी राष्ट्रिय स्तरका पुरस्कारबाट मैथिल प्रतिभाहरू सम्मानित नभएका होइनन्, तर तराईका मानिसहरूलाई पनि पुरस्कार दिएजस्तो गर्नुपर्छ भन्ने मनसायबाट प्रायः ती सबै नै पुरस्कारहरू प्रेरित देखिन्थे । यस वर्ष एकैचोटि मिथिलाका दुई व्यक्तित्वहरूलाई सम्मानित गरेर पारिजात स्मृति केन्द्रले समस्त मिथिलाञ्चललाई निश्छल हृदयले पुरस्कृत गरेको छ, विभिन्न थरिका प्रतिकूलताहरूसँग जुझेर पनि आफ्नो सृजनशीलतालाई जोगाइराखेको मिथिलाको संघर्षशील चरित्रलाई पुरस्कृत गरेको छ । ❑

# बोक्सी काण्डहरूबारे आयोग नै बनाइनु पर्छ


फोटो : एबीसी फोटोज्

**- हरिगोविन्द लुइँटेल**

*गत जेठ २० गते काठमाण्डौंमा आयोजित एक सार्वजनिक ऐक्यबद्धता कार्यक्रममा मरनीदेवी साह, सुदामादेवी यादव र मनिषा दर्जी । मरनीदेवी र सुदामादेवी बोक्सीको आरोपमा महोत्तरीमा कुटपीटमा परेका महिलाहरू हुन् । मनिषा दर्जी भने पर्वतमा अइन्द्र के.सी. लगायतका व्यक्तिहरूद्वारा बलात्कृत महिला हुन् । पीडकहरूविरुद्ध लड्ने क्रममा उनलाई सम्पूर्ण न्यायप्रेमीहरूको सहयोग र समर्थनको खाँचो छ ।*

**गत साउन** महिनामा मरनीदेवी साहमाथि महोत्तरीको सिमरदही ठाउँमा बोक्सीको आरोपमा भएको जघन्य कुटपीट काण्डको अघि र पछि पटक पटक त्यसै जिल्लामा यस्तै घटनाहरू घटित भएका छन् । सोही जिल्लाको पर्सा देवाड गाउँमा यही महिनामा बोक्सीको आरोपमा सुदामादेवी यादव ताडनाको शीकार हुनु यसको पछिल्लो उदाहरण हो । सुदामादेवीलाई गाउँलेहरू सबैले, पार्टीहरू समेतले र गा.वि.स.का पदाधिकारीहरूसम्मले पनि साथ दिएका छैनन् । उनी नितान्त एक्लो परेकीछिन् । असहाय भएकी छिन् ।

केही समययता सो जिल्लामा १३ वटा यस्ता चर्चित घटनाहरू भए । ती घटनाहरूमध्ये केहीमा जनदवावपछि प्रशासनले अपराधीलाई कारबाही गर्ने तर स्पष्ट कानूनको अभावको कारण ती अपराधीहरू छिट्टै छुट्नेसमेत गरेका र छुटेपछि उनीहरू पुनः डुक्रँदै हिंड्ने र पीडित नारीमाथि रीसइवी साध्ने खेलमा संलग्न हुनेगरेका छन् । छिमेकीको छोरो रोगका कारण अनेक उपचारपछि पनि मरेकोमा सुदामादेवी यादवहरूले उसलाई आन्द्रा जलाएर मारेको आरोप खेप्नु परेको र गाउँमा नजीकको धारामा पानी थप्नसमेत नपाएको स्थिति भोग्नु परिरहेको जस्तो शारीरिक यातनाको पक्षबाहेक ठूलो मानसिक यातना पनि खप्नु परिरहेछ ।

गाउँका सोझा, अनपढ, गरीब, बेसहारा नारीहरूले यसरी समाजमा व्याप्त रूढीवादको शिकार हुनुपर्ने स्थिति समाजका लागि र देशकै लागि पनि दुःखद् र लाजमर्दो स्थिति हो । बोक्सी, डायन, धामीझाक्री आदिमाथिको अन्ध र उन्मादी विश्वासले एकदमैसंग जरो गाडिरहेका तराईका गाउँहरूमा यसरी चर्चामा नआउने काण्डहरू अनगिन्ती हुने गरेको कुरा तराईका सचेत नागरिकहरूले बताएका छन् । उत्पादनशील र रचनात्मक काममा लाग्नुपर्ने हाम्रा सोझा गाउँले जनताहरू रोग र प्राकृतिक रहस्यका वैज्ञानिक कारणहरू थाहा नपाएर निर्दोष छिमेकीलाई नै तिनको कारण मान्दै कालोमोसो दल्ने, गोवर र मानव मलमूत्र खुवाउने जस्ता घटिया कुरामा व्यस्त भएका छन्, र, पीडक बनेका छन् । सुदामा देवीले हालै काठमाण्डौमा पत्रकारहरूका माझ दिएको जानकारी अनुसार उनको भेकमा त कतिपय मन नपरेको मान्छेको गोठका बाखा र भैंसीलाई समेत मान्छेहरू बोक्सी-डायन भन्ने गर्छन् रे ।

यस्तो लाजमर्दो अन्धविश्वासको स्थिति समाजमा विद्यमान छ भन्ने कुरा सरकारलाई र राजनीतिक पार्टीहरूलाई राम्ररी नै थाहा छ । तर पनि किन उनीहरू यसबारे कुनै ठोस कदम चालिरहेका छैनन् ?- ठूलै चिड्चिडाहट सहित आज सचेत जनताको दिमागमा यो प्रश्न पैदा भएको छ ।

महोत्तरी जिल्लाले देखाएको प्रवृत्ति मात्रैका आधारमा पनि केही ठोस काम नगरिनहुने भएको छ । यी ठोस कामहरू यस्ता हुन सक्छन् :

**- सरकारले तत्काल मैथिली भाषा लगायतका स्थानीय भाषाहरुमा रेडियो-टि.भि.मा बोक्सी-डायन भन्ने कुरा झूठो र भ्रमपूर्ण कुरा हो भन्ने व्यापक प्रचार गर्ने । आकर्षक पोस्टरहरु गाउँगाउँमा टाँस्ने ।**

**- सरकारको पहलमा सम्बन्धित गाउँमै सर्वदलीय बैठक र कोणसभा गर्ने ।**

**-पार्टीहरुका महिला विभाग र सांस्कृतिक विभागहरुले गैरसरकारी संस्थाहरुलाई समेत सामेल गरेर प्रभावकारी माइक र अन्य प्रचार सामग्रीहरुसहित भएर गाउँ गाउँ वा मुख्य गौंडाहरुमा आमसभा गर्ने ।**

**-अन्धविश्वास र महिला उत्पीडनविरुद्ध सर्वदलीय कमिटी बनाई सो कमिटीमार्फत् स्थानीय जनप्रतिनिधिहरुका लागि वैज्ञानिक चेतनामूलक गोष्ठी, कार्यशालाजस्ता प्रशिक्षण कार्यक्रमहरु गर्ने ।**

यी तात्कालीक कार्यक्रमहरू बाहेक दीर्घकालीन उपायहरूको खोजी गर्न सरकारले एउटा 'अन्धविश्वासविरूद्ध कार्यक्रम तर्जुमा आयोग' नै बनाएर त्यसमार्फत् समस्याको सांगोपांग अध्ययन गरी आवश्यक कदमहरू चाल्ने ।

यदि सरकार र पार्टीहरूले अव पनि यस मामलामा विशेष ध्यान नदिने हो भने 'मरनदेवी यातना काण्ड' जस्ता काण्डहरू पटक पटक दोहोरिरहने संभावना प्रष्ट छ । ❑



- निर्मल लामा -

# बूढो मान्छेले भन्यो भन्दैमा गलत कुरा त मान्नु भएन नि !

गणेशमानसँगको बैठक उहाँकै निवास चाक्सीबारीमा भएको थियो । त्यस बैठकमा संयुक्त वाम मोर्चामा रहेका सात वामका नेताहरू र नेपाली कांग्रेसका नेताहरू सहभागी थिए । त्यहाँ कांग्रेसका कार्यकर्ताहरू पनि थुप्रै थिए ।

जब मैले 'लोकेन्द्रसँग किन कुरा गर्ने ? कुरा त हामी राजासँग नै गर्छौं' भन्दा बैठकमा उपस्थित नेपाली कांग्रेसका कार्यकर्ताहरूले ताली पिटे । उनीहरू करिब २०-२५ को संख्यामा थिए ।

त्यसपछि भट्टराईले भन्नुभयो-



*गणेशमान सिंह*



*कृष्णप्रसाद भट्टराई*



*माधवकुमार नेपाल*



*साहना प्रधान*



*लिलामणि पोखरेल*



*पद्मरत्न तुलाधर*

'गणेशमानजी सर्वमान्य नेता, बूढो नेता हुनुहुन्छ, अहिलेको लागि एकचोटि उहाँको कुरा मान्दिनुहोस् ।'

मैले भनें-'बूढोमान्छेले भन्यो भन्दैमा गलत कुरा त मान्नु भएन नि ! पञ्चायतलाई- सिध्याउन लोकेन्द्रसँग कसरी कुरा हुनसक्छ ?'

त्यसपछि गणेशमानजीले आफैं बोल्नुभयो-'लामाजी, हामी सात सालदेखि सँगै आन्दोलनमा काम गर्दै आइरहेका छौं । अहिले हामी अलग अलग छौं । त्यो अर्कै कुरा हो । तर लोकेन्द्रसँग कुरा गर्नुपर्छ भनेर म राजासँग प्रतिबद्ध छु । यसो गरिनुमा मैले गल्ती गरेको हुन सक्छु । तर यो एक चोटिलाई मान्दिनुस् । कुरा मिल्यो भने ठीकै भयो, कुरो मिलेन भने भोलिदेखि म सडकमा तपाईंको साथमा हुनेछु । आज चाहिं मेरो कुरालाई मान्दिनु होला ।'

उनको अनुहारले पनि अनिर्णित अवस्था बतायो । त्योभन्दा अगाडि उनको अनुहारमा निर्णायक अभिव्यक्ति झल्कन्थ्यो । एकछिन मैले मनमनै सोचें-'अब कहीं न कहीं त मिल्नु नै पर्‍यो । आन्दोलन टुक्रिन दिनु त भएन ।'

'ठीक छ, त्यसो भए राजासँग सिधा कुराकानी गर्न हाम्रो तर्फबाट पहिलो श्रेणीका नेताहरू जान्छन् । गणेशमानजी, भट्टराईजीहरू जानु हुन्छ ।' -मैले भनें । त्यतिखेर त्यहाँ गिरिजा थिएनन् ।

त्यसपछि फेरि मैले भनें-'लोकेन्द्रसँग कुराकानी गर्न हाम्रा दोश्रो श्रेणीका नेताहरू जान्छन् ।'

'भएन कुरा ? सहमतिको कुरो आयो नि ! होइन र ?' -भट्टराईले सन्तोष मानेर भने ।


त्यसपछि त्यो कुरालाई सबैले ठीक माने । र, त्यही अनुरूप वामपन्थीहरूको तर्फबाट निलाम्बर आचार्य र नेपाली कांग्रेसको तर्फबाट सायद दमननाथ ढुंगाना होलान्, लोकेन्द्रबहादुर चन्दसँग कुराकानी गर्न जाने भन्ने कुरो भयो । त्यस्तैगरी राजासँग कुराकानी गर्न प्रथम श्रेणीका नेताहरूको रूपमा नेपाली कांग्रेसको तर्फबाट गणेशमान सिंह र अर्को एक जना र वामपंथीहरूको तर्फबाट साहना प्रधान र राधाकृष्ण मैनाली जाने भन्ने कुरो भयो ।

भोलिपल्ट लोकेन्द्रसँग वार्ता गर्न जानेहरू गए । उता हामी विभिन्न वाम पार्टीका नेताहरू सिद्धिलाल सिंहको घरमा बैठक बस्यौं । बैठक बस्दै गरेको बेला अचानक खबर आयो- 'काठमाडौं कमलादीस्थित एकेडेमी हलमा वार्ता हुँदैछ, भित्र वार्ता चल्दैछ, बाहिर जनताले हललाई घेरिरहेछन् । त्यस्तैगरी एकातिर त्यहाँ जनता ओइर्‍याओइरै छन् भने अर्कोतिर ठूलो संख्यामा आर्मीहरू ट्रकबाट त्यतातर्फ जाँदै छन् ।'

तर त्यस खबरप्रति बैठकमा रहेका कसैले पनि केही प्रतिक्रिया जनाएनन् । मलाई अचम्म लाग्यो । त्यसपछि फेरि 'गोली चल्ने संभावना भयो' भन्ने खबर आयो । तैपनि कोही बोल्दैन । त्यसछि म जुरूक्क उठें । 'भएन ! गोली चल्न दिनु त भएन ।' -मैले ठूलो स्वरमा भनें ।

लिलामणिजीले मलाई पुलुक्क हेर्नुभयो । उहाँलाई हेरी मैले फेरि भनें- 'के गर्ने ?'

'खोइ, के गर्ने भन्ने ?' -लिलाजीले आफ्नै तालले प्रश्नमै जवाफ दिनुभयो । त्यसपछि मैले भनें- 'के गर्ने भन्ने कुरै छैन । त्यहाँ हामी जाने हो । लिलाजी !



*आन्दोलनको आमसभामा विशाल जनसहभागिता ।*

तुलाधरजी ! तपाईंहरू दुई जना तुरून्त एकेडेमी जानुस् । एउटा जीपमा शक्तिशाली माइक राखी त्यसलाई लिएर जानुहोस् । तपाईंहरू घटनास्थलमा पुग्नुहोस्, जनता र आर्मीको बीचमा जीप राखेर खबरदार गर्नुहोस् । तपाईंहरूले आर्मीलाई गोली नचला र जनतालाई तोडफोड नगर् भन्नुहोस् ।

साहनाजी, तपाईं तुरून्त गणेशमानजीकहाँ जानुहोस् र उहाँलाई दरबारमा फोन गर्न लगाई गोली चलाउन पाइँदैन भन्न लगाउनुहोस् !'

अचानक मैले त्यस्तो आदेश दिएको देखेर साहना र तुलाधर दुवै जिल्ल परे । तैपनि फेरि मैले भनें -'तपाईंहरू तयारीको लागि ठाउँमा पुग्नुहोस् र त्यहाँबाट मलाई फोन गर्नुहोस् । म पनि त्यहाँ आउँछु । म पनि जीपमा बस्न आउँछु । गोलीको अगाडि हामीहरू बार भएर बस्नुपर्छ । जनतालाई गोली लाग्न दिनु हुँदैन ।'

मैले सिद्धिलाललाई पनि आदेश दिएँ- 'तपाईं पाटनका जनताहरूको जुलुस लिएर उतैतिर जानुहोस् ।'

उहाँले पनि सजिलै 'हुन्छ । ल त जुलुस लिएर जानको लागि म गएँ पनि' भनेर त्यहाँबाट उठ्नु भयो । त्यसपछि साहना पनि 'म पनि हिडें' भनेर त्यहाँबाट उठेर हिँडिन् । साहना हिँडेपछि झलनाथ खनालले 'म कता जाऊँ त ?' भने । मैले भनें- 'तपाईं जीपमा बस्नुस् । म पनि जीपमा बस्छु ।'

तुलाधरले भन्नुभयो- 'होइन, तपाईंहरू सम्पर्कमा बस्नुहोस् । मलाई थाहा छ, तपाईंहरूको चारैतिरबाट सम्पर्क आउँछ । त्यसैले सम्पर्कको लागि तपाईंहरू बाहिर जानु हुँदैन ।'

'ठीक छ, त्यसोभए मलाई क्षेत्रपाटीमा लिन आउनुहोस्' भनेर मैले त्यहाँको घरको ठेगाना र फोन नम्बर दिएर त्यहाँबाट क्षेत्रपाटी हिडें । भरे त कुर्दा कुर्दा हैरान भइसकें, तर केही खबर नै आउँदैन ! मलाई कसैले लिन पनि आउँदैन । त्यसपछि बल्ल बल्ल लिलामणिको फोन आयो ।

'किन मलाई कोही लिन आउँदैन ?' -मैले जङ्गिएर बोलें ।

'हैन दाइ, तुलाधरजी मान्दै मान्नु भएन । अहिलेलाई हामी भए पुग्छ, दाइलाई अर्को स्टेपमा मात्र बोलाइनु पर्छ भन्नुहुन्छ उहाँ ।' -लिलाजीले उताबाट स्पष्टीकरण दिनुभयो ।

एकछिनपछि फेरि फोन आयो । फोनबाट 'जनताहरू ढोका फोरेर वार्तास्थल एकेडेमीभित्र पसे' भन्ने खबर आयो ।

त्यसपछि राती १२ बजेभित्रमा एकेडेमी वरपरबाट सबैलाई लखेटियो । नेपाली कांग्रेसका कार्यकर्ताहरूले आफ्नै छुट्टै जुलुस लिएर हिंडे । उता वामपंथीहरूले पनि छुट्टै जुलुस लिएर हिंडे ।

एकेडेमीबाट जनसमुदायलाई हटाइए पनि वार्ता त सफल हुन सकेन नै । वार्तामा बसेकाहरू सबै भागे । वास्तवमा एकेडेमी घेर्ने काम जनता आफैले गरेका हुन् । सरकारी पक्षले हामीले गराएको भनी सोच्यो होला । तर यथार्थ त्यस्तो थिएन ।

त्यसपछि वार्ताको लागि राजाकहाँ जाने काम भयो । हामी सबै गणेशमानजीकहाँ कुरेर बस्यौं । राजाकहाँबाट फर्केर आएपछि हाम्रो अगाडि गणेशमानजीले घोषणा गर्नुभयो- 'भट्टराईजी प्रधानमन्त्री हुनुभयो, अब उहाँले अन्तरिम सरकार बनाउनु हुन्छ' ।

एकेडेमीको त्यो घटना नभएको भए लोकेन्द्रको नेतृत्वमा सरकार चल्थ्यो । त्यो संघर्षपछि अन्तरिम सरकार बनाउने तयारी चल्न थाल्यो ।

अन्तरिम सरकारमा वामपंथीहरूको तर्फबाट को जाने भन्ने सवाल उठ्यो । बैठकमा कोही बोल्दैन । उसलाई सोध्छु, ऊ बोल्दैन, अर्कोलाई सोध्छु, त्यो पनि बोल्दैन । मलाई झोंक चल्यो र कड्केर बोलें- 'तपाईंहरूले यो बेकारको के गरिराख्नु भएको ? अब मोर्चाको संयोजकको नाताले साहनाजी एक जना त जाने भइनै हाल्यों । बाँकी रह्यो अब दुई जनाको कुरो । दुई जनाको लागि अब बोलूँ न !'

तैपनि कोही बोल्दैन । अनि मैले भनें- 'त्यसो भए एकछिनको लागि कमरेड साहना माथि जानुस् ! र, सोचेर आउनु भई तपाईंले दुई जनालाई मनोनित गर्नुहोस् । संयोजकले बोलेपछि सबैले मान्नु पर्छ ।'

मेरो प्रस्तावलाई सबैले माने । तर साहनालाई साह्रै गाह्रो पर्‍यो । तैपनि मेरो प्रस्ताव अनुसार एकछिन माथि गएर आई उहाँले दुई जनालाई मनोनित गर्नुभयो । उहाँले बोल्दा 'एक जना नेकपा(माले)बाट झलनाथ खनाल र अर्को........' भन्नुभयो । त्यसपछि उहाँ अड्किनुभयो । सबैलें त्यसपछि उहाँले मेरो नाम लिनुहुन्छ भन्ने सोच्या रहेछन् । तर उहाँले बिस्तारै अर्कोमा नीलाम्बर आचार्यको नाम लिनु भयो ।

अर्कोमा नीलाम्बरको नाम आउनासाथ त्यहाँ कोही एक जनाले 'पर्खनुस्...' भनेर केही बोल्न खोज्यो । मैले उसलाई बीचैमा रोकेर 'उहाँलाई भन्न दिनुहोस्' भनें । मैले भनें- 'हामीले उहाँलाई मनोनित गर्न अधिकार दिइसकेपछि अरू कुरा बोल्नु हुँदैन, उहाँले ज-जसलाई भन्नु हुन्छ, त्यही नै सदर हुन्छ ।'

'होइन, पार्टीगत र संघर्षमा काम गरेको हिसाबमा पनि त सोच्नु पर्‍यो नि !' -कोही एक जनाले त्यसरी बोले । त्यो कसले बोलेको हो, अहिले मलाई सम्झना हुन सकेन ।

त्यसछि मैले भनें- 'सायद तपाईंहरूले मलाई इङ्गित गर्न खोज्नु भएको होला । तर शाहनाजीले मेरो नाम ल्याउनु नै भएको भए पनि म मेरो सट्टामा अर्कोको नाम लिइदिन्थें । किनकि मेरो पार्टीले मलाई अनुमति दिँदैन । तर म अर्को चीज भन्छु । म संविधान सुधार आयोगमा अवश्यै जान्छु ।'

पछि संविधान सुधार आयोगमा जानका लागि मतदान भयो । त्यसमा पहिलो मत मेरो भयो, दोश्रो मत भरतमोहन अधिकारीको भयो, तेश्रो मतमा माधव नेपाल र रोहितको बीच प्रतिस्पर्धा भयो । त्यसछि फेरि मतदान भयो । रोहितको अनुहार प्रफुल्ल देखिन्थ्यो । किनभने जित्छु भन्नेमा उनी ढुक्क थिए । उनलाई मैले मत दिन्छ भन्ने कुरामा विश्वास रहेछ । तर मैले त्यसबेलाको राजनीतिक स्थितिलाई हिसाब गर्दा रोहितलाई व्यक्तिगत रूपमा मनपर्दा पर्दै पनि आफ्नो मत माधव नेपाललाई दिनुपर्‍यो ।

त्यसबेलादेखि रोहित मदेखि आगो भए । किनकि मत गोप्य भए पनि कसको मत कता गयो भन्ने कुरा त थाहा पाइनै हालिन्थ्यो नि !


❑ *प्रस्तुति : तुल्सीदास महर्जन*


*झलनाथ खनाल*


*सिद्धिलाल सिंह*


*रोहित*

**मैले त्यसबेलाको राजनीतिक स्थितिलाई हिसाब गर्दा रोहितलाई व्यक्तिगत रुपमा मनपर्दा पर्दै पनि आफ्नो मत माधव नेपाललाई दिनुपर्‍यो**



**क्षेत्रपाटीमा लिन आउनुहोस्' भनेर मैले त्यहाँको घरको ठेगाना र फोन नम्बर दिएर त्यहाँबाट क्षेत्रपाटी हिडें । भरे त कुर्दा कुर्दा हैरान भइसकें, तर केही खबर नै आउँदैन**

# बुद्ध दर्शनमा द्वन्दवाद र भौतिकवाद

प्रज्ञानरत्न



ईशापूर्व ५६३ मा नेपालको लुम्बिनीमा जन्मनु भएका सिद्धार्थ गौतम बुद्ध नेपालले विश्वसमक्ष प्रस्तुत गरेर गौरव गर्न सक्ने प्राचीन समयका महानतम चिन्तक हुनुहुन्थ्यो । ईशापूर्व ३८४ मा ग्रीसमा जन्मेका अरिस्टोटललाई कार्ल मार्क्सले 'प्राचीन समयका सबैभन्दा महान चिन्तक'को संज्ञा दिनुभएको छ । मार्क्सले बुद्धलाई राम्ररी पढ्न पाउनुभएको भए सायद् उहाँको यो धारणा तुरून्तै बदलिन्थ्यो होला । उहाँ संभवतः यो संज्ञा बुद्धलाई दिन ज्यादा रूचाउनुहुन्थ्यो होला । सारा पश्चिमेलीहरू ग्रीसका अर्का ठूला दार्शनिक हेराक्लिटसलाई प्राचीन समयका महानतम् द्वन्दवादी चिन्तक भनेर प्रचार गरिरहेछन् । परन्तु सत्य के हो भने, बुद्ध हेराक्लिटस्भन्दा पनि अगाडिका र १९ वर्षले जेठा- विश्वकै महानतम प्रारम्भिक द्वन्दवादी विचारक हुनुहुन्थ्यो ।

तथापि, बुद्ध सही अर्थमा दार्शनिकभन्दा ज्यादा नैतिक गुरू हुनुहुन्थ्यो । अरू दार्शनिकहरूभैं अस्तित्व र चेतना, पदार्थ र आत्माको प्राथमिकता र सम्बन्धको सम्बन्धमा तर्क र बहस गर्नुमा उहाँको कुनै रूचि नै थिएन । उहाँको निम्ति मानव जातिलाई दुःखबाट मुक्ति दिलाउनुसिवाय अर्को महत्वपूर्ण र जरूरी कामै थिएन । संसारमा आत्मा भन्ने कुरा अस्तित्वमा छ कि छैन ? प्रकृति प्राथमिक हो कि आत्मा ? के संसार चिरस्थायी छ ? के संसारमा ईश्वर भन्ने कुरा छ ? यी र यस्ता प्रश्नहरू र तिनीहरूमा केन्द्रित बहसलाई बुद्ध बुद्धिविलास र बेकारमा समय खेर फाल्ने धन्दा ठान्नुहुन्थ्यो । यस्ता प्रश्नमा तर्क-वितर्क गरेर न त संसारमा व्याप्त दुःख हट्छ, न दुःखी मानव जातिले त्यसबाट तुरून्तै त्राण पाउँछ भन्ने उहाँको विचार थियो । बुद्धको भनाइ थियो- "एउटा मान्छेलाई विषयुक्त बाण लाग्यो र त्यसले गर्दा ऊ पीडाग्रस्त भएर छट्पटिदैछ भने हामीले उसलाई गर्नुपर्ने पहिलो कुरो भनेको तुरून्तै उसको शरीरबाट बाण झिकीदिनु र घाउको उपचार गर्नु हो, न कि त्यो बाण कहाँबाट आयो, कसले हान्यो र किन हान्यो र बाणको प्रकृति कस्तो थियो भनेर बहस-छलफल गरिराख्नु । *(हेर्नुहोस्- मज्झिम निकाय- ६३)*

संसारभरिका मान्छेहरू दुखको बाणले पीडाग्रस्त छन् । तिनीहरूको त्यो पीडाको तुरून्त उपचार गर्नु नै जागृत मान्छेको मुख्य काम हुनुपर्छ भन्ने बुद्धको विचार थियो । यही हुनाले बुद्धलाई दार्शनिकभन्दा ज्यादा सांसारिक दुःखको 'महावैद्य' भन्ने गरिन्छ । त्यसो भन्नुको तात्पर्य बुद्धसित कुनै उन्नत दर्शन नै थिएन भन्ने होइन । बुद्धसित यो संसार र त्यसका यथार्थ र समस्याहरूलाई हेर्ने एउटा निश्चित ढंग थियो र जातीय छूवाछूत, ब्राम्हणवाद र पुरोहितवादले ग्रस्त तत्कालीन सामन्ती समाजको समय र परिवेशमा बुद्धको शिक्षा र दृष्टिकोण निक्कै प्रगतिशील, क्रान्तिकारी र वैज्ञानिक थियो । यथार्थमा बुद्धको शिक्षा तत्कालीन जातीय छूवाछूत, ब्राम्हणवाद वा पुरोहितवादले त्यतिखेरको मानव समाजमा सर्वसाधारण मान्छेले पैदागरेको अतिशय दुःख र उत्पीडनका विरूद्ध मुक्तिदायी विद्रोह थियो । यही हुनाले धेरै उत्पीडित जनसमुदायहरू र पछौटे जातहरू बुद्धको शिक्षाबाट प्रभावित भएका थिए । बुद्धको संघमा जात, जाति, लिङ्ग र वर्णको सवाललाई लिएर कुनै भेदभाव थिएन । तत्कालीन समयमा उत्पीडनकारी यथास्थितिवादी सोचका विरूद्ध यो ज्यादै ठूलो विद्रोह थियो । र, यो विद्रोहमा बुद्धसित एउटा निश्चित उन्नत अघोषित दर्शन थियो ।

अहिलेसम्म आइपुग्दा विश्वमा बौद्ध दर्शनका अनेकौं चिन्तनधारा र मतहरू पैदाभएका छन् । म शुरूमै के प्रष्ट पार्न चाहन्छु भने म यहाँ ती धाराहरू र मतहरूका बारेमा छलफल गर्न लागेको छुइन । म यहाँ केवल प्रारम्भिक बुद्ध दर्शनका बारेमा मात्र चर्चा गर्न गइरहेको छु, जसलाई 'बुद्ध' भइसकेपछिका सिद्धार्थ गौतम स्वयमले प्रतिपादन गर्नुभएको थियो । मेरो लेखको यो सीमा हो ।

### *चार आर्य सत्यहरूमा भौतिकवाद र द्वन्दवाद*

बुद्धको शिक्षामा 'चार आर्यसत्य'को महत्वपूर्ण स्थान छ । बुद्धले आफ्नो साधनाको उपलब्धिका रूपमा यी सवालहरूलाई चार आर्यसत्यका रूपमा प्रस्तुत गर्नुभएको छ :

१. जीवन दुःख हो
२. दुःखको कारण छ
३. दुःख विनाश गर्न संभव छ
४. दुःख विनाशको उपाय छ

**मार्क्सले बुद्धलाई राम्ररी पढ्न पाउनुभएको भए सायद् उहाँको धारणा तुरून्तै बदलिन्थ्यो होला**

यद्यपि बुद्ध दर्शन भौतिकवादी दर्शन होइन, परन्तु बुद्धले पत्ता लगाएको 'चार आर्यसत्य'मा भौतिकवादको अंश भेटिन्छ । 'आर्यसत्य'मा बुद्ध के धारणा अघि सार्नुहुन्छ भने संसारमा दुःख छ र दुःखको कारण छ । बुद्धका अनुसार पुरोहितहरूले प्रचार गरेभैं भाग्यले गर्दा, परमात्माले गर्दा दुःख आइलागेको होइन । दुःखको त निश्चित ठोस कारण छ र मान्छेले कोशिस गऱ्यो भने त्यो कारण थाहा पाउन संभव छ । थाहा पाएर दुःखको कारण नै खत्तम पारियो भने दुःख नाश गर्न सकिन्छ । बुद्धका यी विचारहरूमा वस्तु अकारण पैदा हुँदैन, भाग्य वा आत्माले त्यो पैदा गर्दैन, निश्चित ठोस कारणले कुनै वस्तु वा घटना पैदा हुन्छ भन्ने कार्य-कारण सम्बन्ध सम्बन्धी प्रस्थापनालाई स्वीकारिएको भेटिन्छ र यो प्रस्थापना सारमा भौतिकवादी प्रस्थापना हो । बुद्ध, आदर्शवादीहरूभन्दा ठीक विपरीत, दुःखको कारणलाई ज्ञेय अर्थात् मान्छेले कोशिस गऱ्यो भने थाहा पाउन सकिने ठान्नुहुन्छ । ज्ञेयवाद पनि भौतिकवादी चिन्तनकै अंश हो । आदर्शवाद सारमा अज्ञेयवादी हुन्छ, किनभने संसार र समस्यालाई कोशिस गरे पनि बुझ्न सकिन्न, थाहा पाउन सकिन्न भन्ने त्यसको धारणा हुन्छ । त्यसको उल्टो, भौतिकवादचाहिँ ज्ञेयवादी हुन्छ, अर्थात् प्रयत्न गऱ्यो भने संसारलाई र हरेक समस्यालाई बुझ्न, थाहा पाउन सकिन्छ भन्ने त्यसको धारणा हुन्छ । यस अर्थमा बुद्ध ज्ञानको सवालमा ज्ञेयवादीको कोटीमा आउनुहुन्छ ।

बुद्धको विचारमा जीवन दुःखले भरिपूर्ण छ । 'जुन समयदेखि संसार चल्दैछ, त्यसबेलादेखि यति आँशु बहेको छ कि त्यसको तुलनामा सम्पूर्ण समुद्रको पानीको राशी पनि कम हुन्छ' बुद्धको भनाइ छ । (हेर्नुहोस्- ओल्डेनवर्गको 'बुद्ध' पृष्ठ २१६-१७) दुःखको परिभाषा दिँदै बुद्ध भन्नुहुन्छ- "जन्म पनि दुःख हो, बूढेसकाल पनि दुःख हो । मरण, शोक, रोदन-मनको खिन्नता, हैरानी पनि दुःख हो । मन नपर्नेसित संयोग, मनपर्नेसित वियोग पनि दुःख हो, इच्छा गरेर कुनै कुरा

नपाउनु पनि दुख हो ।" (हेर्नुहोस्- महासतिपट्ठानसुत्त -दीघ-निकाय, २/९) यसप्रकार बुद्ध शारीरिक र मानसिक दुवै खालको पीडालाई दुःख ठहऱ्याउनुहुन्छ ।

महत्वपूर्ण कुरो के देखिन्छ भने बुद्धको दुःखवादी विचारमा संसारमा स्थायी भन्ने कुनै कुरा छैन, हरेक वस्तु अनित्य अथवा अस्थायी छ, अनित्यता अथवा अस्थायित्व नै जीवन र निर्जिव सम्पूर्ण वस्तुको आधारभूत विशेषता हो । यदि हामीले चारैतिर नियाल्यौं भने सबै वस्तु लगातार बदलिरहेको भेटिन्छ । मान्छेभित्र पनि र मान्छेबाहिर पनि कुनै पनि वस्तु चिरस्थायी भेटिंदैन । बुद्धका अनुसार यो बदलाहट्, यो अनित्यता र यो अस्थायित्व नै सम्पूर्ण दुःखको जग हो । दुःखलाई बुद्धले यसरी अनित्यता अर्थात् अस्थायित्वको आँखाबाट हेरेको देखिन्छ । (हेर्नुहोस्- आर, पुलीगंड्लाद्वारा लिखित 'Budhism', Fundamentals of Indian Philosophy, Newyork, 1975, पृष्ठ ५४) । बुद्धको यो अनित्यताको विचार बिल्कुलै द्वन्दवादी देखिन्छ, किनकि द्वन्दवादले पनि ब्रम्हाण्डका प्रत्येक वस्तुलाई निरन्तर रूपमा गतिशील अथवा परिवर्तनशील ठान्दछ । बुद्धका अनुसार कुनै पनि प्यारो वस्तु, सुख, सुविधा, जीवन, बाल्यावस्था, युवावस्था, रमाइलो क्षण, प्रियासितको मिलन स्थायी नहुनाले नै, त्यो नाशवान वा अनित्य हुनाले नै मान्छे दुःखी हुन्छ । यदि मान्छेले यी सबै नाशवान छन्, अस्थायी वा अनित्य छन् भनेर आफ्नै अनुभव अनुभूतिले दिलैदेखि बोध गऱ्यो भने मान्छे दुःखबाट मुक्त हुनसक्छ ।

त्यसैले बुद्धका अनुसार अनित्यताबारेको अज्ञानता नै सारा दुःखको जग हो, अनित्यताको ज्ञान नै सारा दुःखबाट मुक्तिको बाटो हो ।

जीवन दुःखपूर्ण छ भन्ने बुद्धको पहिलो आर्यसत्यबाट कैयन्लाई लाग्नसक्छ- बुद्ध निराशावादी छन्, बुद्ध वस्तुको अँध्यारो पक्षमात्र हेर्छन् । तर वास्तविकता भने त्यस्तो देखिंदैन । बुद्ध हरेक वस्तुको विपरीत पक्ष हेर्नुपर्छ भन्ने धारणा राख्नुहुन्छ । जस्तो- जहाँ जीवन हुन्छ, त्यहाँ मृत्यु अवश्य हुन्छ, जहाँ शुरू हुन्छ, त्यहाँ अन्त्य अवश्य हुन्छ, जहाँ मिलन हुन्छ, त्यहाँ वियोग हुन्छ हुन्छ नै, जहाँ पाउने कुरा हुन्छ, त्यहाँ गुमाउने कुरा पनि अवश्य हुन्छ, जहाँ विजय हुन्छ, त्यहाँ पराजय छँदैमा विद्यमान भइरहेकै हुन्छ । त्यसैले सुखको कुनै पनि क्षणलाई चिरस्थायी ठान्नु अदूरदर्शिता हो, मूर्खता हो, सुखको हरेक क्षणसँगै दुःखको बीउ साथसाथै विद्यमान हुन्छ । यही अर्थमा बुद्धले जीवन दुःखपूर्ण छ भन्नुभएको देखिन्छ । अनि बुद्धले जीवन दुःखपूर्ण छ मात्रै कहिल्यै भन्नुभएको देखिन्न, दुःखबाट मुक्त हुने उपाय छ भनेर पनि साथसाथै भनिरहनुभएको देखिन्छ । यसप्रकार पहिलो आर्यसत्यमा दुःखलाई जोड दिए पनि बुद्धको विचार निराशावादी र अन्धकारवादी देखिन्न । हरेक वस्तुको विपरीत पक्ष हेर्ने, हरेक सकारात्मक कुरो कुनै पनि क्षण नकारात्मकमा बदल्न सक्ने संभावना देख्ने बुद्धको दृष्टिकोण द्वन्दवादी देखिन्छ । ❑

*क्रमशः*


देशमा शान्ति र सुव्यवस्था कायम हुनसकेमा मात्र विकासको गति तीव्र हुनसक्छ । यसर्थ समाजमा शान्ति, सुव्यवस्था कायम राखी एकता र राष्ट्रिय हितको भावनाले विकास कार्यमा सहभागी हुनु सबै नेपालीहरूको प्रमुख कर्तव्य हो ।

श्री ५ को सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग



कृषि विकास बैंकले किसान, व्यापारी, उद्यमीहरुलाई ग्रामीण कृषि कर्जा, ब्यापार कर्जा र बैंकिंग सुविधाहरु प्रदान गर्दछ ।

अहिले,
- किसानहरुलाई आफूले तिर्नसक्ने जतिमात्र ऋण लिनको लागि उत्साहित गरिएको छ ।
- बैंक र किसानबीच बढी भेटघाट हुनसक्ने नयाँ व्यवस्था मिलाइएको छ ।
- बैंकिग कार्यालयहरुमार्फत् उत्पादनशील क्षेत्रमा जाने कर्जाहरुलाई प्रोत्साहित गरिएको छ ।
- ऋण र बचतलाई सँगसँगै लैजाने नीतिलाई जोडदार रुपमा कार्यान्वयन गरिएको छ ।
- बैंकले २०५४ सालमा लागू गरेको पहिलो चरणको सुधार कार्यक्रमबाट बैंकलाई सक्षम र भरपर्दो बनाउन सहयोग मिलेकोले २०५८ सालमा दोस्रो चरणको सुधार कार्यक्रम लागू गरी बैंकलाई दीर्घजीवी बनाउने पहल गरिएको छ ।

देशको समष्टिगत कृषि विकास कार्यलाई सघाउन
कृषि विकास बैंकको कार्यहरुमा सहभागी होऔं ।

कृषि विकास बैंक
मुख्य कार्यालय, रामशाहपथ, काठमाण्डौ
फोन: २६२८८५, २६२५९६, फ्याक्स: २६२६१६, २६२९२९
E-mail : agrbnk@infoclub.com.np, Web Site : www.adbn.gov.np



मकालु यातायात

फोन नं. २८१७०४

| जाने स्थान | छुट्ने समय |
|---|---|
| काठमाण्डौं - काकडभिट्टा | बिहान ५:०० बजे |
| काठमाण्डौं - भद्रपुर | बिहान ५:१० बजे |
| काठमाण्डौं - उर्लाबारी-मधुमल्ला | बिहान ५:२० बजे |
| काठमाण्डौं - विराटनगर | बिहान ५:४५ बजे |
| काठमाण्डौं - राजविराज | बिहान ६:०० बजे |
| काठमाण्डौं - सिरहा-माडर | बिहान ६:१५ बजे |
| काठमाण्डौं - मलंगवा | बिहान ६:३० बजे |
| काठमाण्डौं - विराटनगर दोस्रो | बिहान ६:४५ बजे |
| काठमाण्डौं - धरान | बिहान ७:०० बजे |
| काठमाण्डौं - जनकपुर | बिहान ७:२० बजे |
| काठमाण्डौं - गौर | बिहान ७:५० बजे |
| काठमाण्डौं - विरगंज | बिहान ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे |
| काठमाण्डौं - कलैया | बिहान ८:०० र १०:१५ बजे |
| काठमाण्डौं - बरहथवा | बिहान ८:३० बजे |
| काठमाण्डौं - भरतपुर | बिहान ८:३०, ९:१५ र ११:४५ बजे |
| काठमाण्डौं - गितानगर | दिउँसो १:३० बजे |
| काठमाण्डौं - पर्साढाप-मेघौली | दिउँसो १:५५ बजे |
| काठमाण्डौं - नारायणगढ-विशालचोक | दिउँसो २:२० बजे |
| काठमाण्डौं - विरगंज रात्री | बेलुका ८:१५ बजे |

आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस !

# काठमाण्डौको किसान आन्दोलन



● मुक्ता श्रेष्ठ ●

❑ २०१०/११ सालको समय थियो । त्यतिबेला काठमाण्डौको त्रिपुरेश्वरमा एउटा पनि घर थिएन । सबभन्दा पहिला तत्कालीन राजाका सेक्रेटरी हंसमानले त्यहाँ घर बनाएका थिए । उनले किसानहरूले कमाइरहेका जग्गाको मोहियानी हक नै नदिई घर बनाउन खोजे । जग्गा कमाइरहेका किसानहरूले अखिल नेपाल किसान संघमा उजुर गरे । उनको विरूद्धमा अखिल नेपाल किसान संघले ठूलो संघर्ष गऱ्यो ।

हंसमान सैनिकहरूलाई पहरा राखेर रातरातभर पर्खाल बनाउन लगाउँथे । दिउँसो दिउँसो क. निर्मल लामा, सानुदाइ, ककादाइ, देवनारायण आदिको नेतृत्वमा किसानहरू र विद्यार्थीहरू गएर पर्खाल भत्काईदिन्थे । यो क्रम पन्ध्रौं दिनसम्म चल्यो । आन्दोलनकारी–हरूमाथि लाठी चार्ज भयो र कैयौं आन्दोलनकारीहरू गिरफ्तार भए ।[१] हंशमानले त्यस जग्गाको बदलामा त्यति नै जग्गा अरू ठाउँमा नै सट्टा-भर्ना दिने भनेका थिए । पहिले त किसानहरू मानेनन् । पछि केही बढी पैसा लिएर मोही किसानहरूले त्यो जग्गा छाडिदिए ।[२]

❑ त्यही समयतिर त्रिचन्द्र कलेजको पछाडि वकिल कृष्णप्रसाद पन्त, अंगुरबाबा जोशी र बालचन्द्र शर्मालें मोही भएको जग्गा लिएर घर बनाउन थाले । मोहीहरू क. निर्मल लामासँग भन्न गए । निर्मल लामा पनि ५०/६० जना किसानहरू लिएर त्यहाँ पुगे । त्यहाँ तीनै जनासँग भेट भयो । उनीहरूसँग निर्मल लामाले भने- "चलनचल्तिअनुसार मोहियानी हक दिनुस् । झगडा नगरूँ । यदि तपाईंहरूले मोहीयानी हक दिनु भएन भने म तपाईंहरूले बनाउनु भएको घर भत्काउन बाध्य हुनेछु ।" त्यसपछि उनीहरूले तुरून्तै कानूनबमोजिम एक तिहाई जग्गाको मूल्य बराबर चेक लेखेर दिए ।[३]

यी माथिका दुईवटा घटनाहरू २००७ सालको आन्दोलनपछि काठमाण्डौमा भएको किसान आन्दोलनको समयमा घटेका घटनाहरू हुन् । २००७ सालदेखि करीव १०/११ सालसम्म काठमाण्डौमा तीव्र रूपमा किसान संघर्ष चलेको थियो । त्यसबेला किसानहरूको हक हितको लागि माथि उल्लेखित भएजस्ता घटनाहरू अन्यत्र पनि थुप्रै घटेका थिए ।

### *किन भयो किसान आन्दोलन ?*

२००७ साल अगाडि तथा पछाडिसम्म पनि नेपालका किसानहरूको जीवन दयनीय र पशुतुल्य थियो । अधिकांश किसानहरूसँग आफूलाई खान पुग्ने जग्गा थिएन । उनीहरूले आफ्नो जिविकाको लागि जग्गाधनीहरूको जग्गा कमाउनु पर्थ्यो । ती जग्गा कमाएवापत किसानहरूले जग्गाधनीले तोकेबमोजिमको बाली बुझाउनुपर्दथ्यो । धेरैजसो जग्गा शाह खलक, राणा खलक, राजगुरू, पुरोहित, काजी खलक, सुब्बा तथा सरदारहरूको विर्ता तथा मन्दिर, धार्मिक संस्थाहरूको अधिकारमा रहेका गुठी जग्गाहरू थिए । ती जग्गाहरूको कुनै पनि तिरो वा कर सरकारलाई बुझाउनु पर्दैनथ्यो । जग्गा धनी आफैं ती जग्गाहरू कमाउँदैनथे । ती जग्गाहरू किसानहरूलाई कमाउन दिइन्थ्यो ।

ती जग्गाहरू कमाएवापत किसानहरूले जग्गाधनीहरूलाई आधाभन्दा बढी बाली बुझाउनुपर्थ्यो । कहीं कतै त उत्पादनको चारभागको तीन भागसम्म पनि कूत बुझाउनुपर्थ्यो । उब्जनी नै नभएको समयमा पनि कूत मिनाहा हुँदैनथ्यो । त्यसले गर्दा किसानहरूले जति पसिना बगाएर खेतमा काम गरे पनि उनीहरूलाई खान पुग्दैनथ्यो । यदि किसानहरूले बाली तिर्न सकेनन् भने भूमिपतिहरूले आफ्ना लठैतहरू लगाएर उनीहरूलाई पक्रन लगाउँथे र सासना दिन्थे ।

अझ काठमाण्डौमा त यस्ता विर्ता तथा गुठीको जग्गा बढी थियो । रैकर जग्गा त धेरै कममात्र थियो । काठमाण्डौका धेरैजसो किसानहरूसँग कममात्र जग्गा थियो । आफूसँग भएको जग्गाले खान पुग्दैनथ्यो । त्यसैले उनीहरू धेरैजसो जग्गाधनीका जग्गाहरू कमाउँथे । जग्गा कमाएवापत उनीहरू जग्गाधनीको घरमा

**२००७ सालदेखि करीव १०/११ सालसम्म काठमाण्डौमा तीव्र रूपमा किसान संघर्ष चलेको थियो ।**

भोजभतेर वा अन्य समयमा विनाज्याला आफ्नो घरको कामसमेत छाडेर काम गर्न जानुपर्थ्यो । जग्गाधनीका छोरी, बुहारीलाई माइत वा घरमा पुऱ्याउन वा लिन जानुपर्थ्यो । त्यसरी पुऱ्याउन र लिन जाँदा उनीहरूको लुगा तथा केटाकेटीसमेत बोक्नुपर्थ्यो । अझ कहींकहीं त दिनदिनै तमाखुसमेत भर्न जानु पर्थ्यो ।[४]

यसबाहेक २००७ सालको क्रान्ति हुनुभन्दा अगाडिसम्म श्री ३ सरकार तथा उनका परिवारहरूको घर बनाउँदा विनाज्याला काठ ओसार्न जानु पर्ने, हात्तीको लागि घाँस पुऱ्याउनु जानु पर्ने, हात्ती तथा घोडाको तवेलाको भकारो सोहर्नु पर्ने र पानी ओसारीदिनुपर्ने व्यवस्था थियो । यदि कुनै घरबाट त्यो काम गर्न मान्छे गएन भने सरकारबाट खटाइएका मानिसहरू आएर घरमुलीलाई समातेर लाने, बाँधेर राख्ने गरिन्थ्यो । घरमुलीलाई उसको घरमा भेट्टाउन सकिएन भने ढोकाको खापा नै उखेलेर लगेर पोखरी तथा अन्यत्र फालिदिने गरिन्थ्यो ।[५]

यस्तो अन्याय र अत्याचारमा परेका किसानहरू त्यसबाट मुक्ति पाउन आतुर थिए । त्यसैले २००७ सालको आन्दोलनमा ठाउँ ठाउँबाट किसानहरू सहभागी भए । २००७ सालको आन्दोलनपछि जनताहरूले संगठित हुने अधिकार पाए । 'अखिल नेपाल किसान संघ' भ्याली कमिटी २००६ सालमै बनिसकेको थियो । त्यसको सभापति काठमाण्डौ ज्याठाका नाति महर्जन थिए । सचिव पद खालि नै थियो । २००७ सालमा क. शम्भुराम जेलबाट रिहा भएपछि उनलाई सचिव पदमा राखियो ।[६]


यही भ्याली कमिटीले काठमाण्डौ, पाटन र भक्तपुर तीनै जिल्ला हेर्नु पर्थ्यो । २००७ सालपछि अखिल नेपाल किसान संघको संगठन तीव्र रूपमा बढ्न थाल्यो । २००८ सालमा नेपालका ३५ जिल्लामध्ये २४ जिल्लामा यो संगठन पुगिसकेको थियो ।[७] काठमाण्डौमा पनि ३२ टोलमा संगठन पुगिसकेको थियो । प्रत्येक टोलमा अनेकिसंको टोल कमिटी बन्न थाल्यो । ती कमिटीहरू यति सक्रिय थिए कि कुनै दिन काठमाण्डौमा जुलुस गर्नु पऱ्यो भने अघिल्लो दिन बेलुकी टोल कमिटीको मिटिङ्ग बसेर खबर गरेपछि भोलिपल्ट पच्चिसौं हजारको जुलुस निस्कन्थ्यो ।[८]

किसान संघप्रति किसानहरूको ठूलो विश्वास थियो । उनीहरूलाई कुनै समस्या आइपऱ्यो कि उनीहरू किसान संघमा आएर उजुर गर्थे । किसान संघले पनि उनीहरूको समस्या समाधान गर्न आवश्यक कार्यहरू गर्थ्यो ।[९] २००८ सालदेखि जिल्ला जिल्लामा पनि अनेकिसंका जिल्ला कमिटीहरू बन्न थाले । यही किसान संघको नेतृत्वमा विभिन्न जिल्लाहरूमा किसान संघर्षहरू हुन थाले । कतै कतै त किसानहरूले स्वतःस्फूर्त रूपमै पनि संघर्ष गर्न थाले । २०१०/११ सालसम्ममा आइपुग्दा अनेकिसंको सदस्य संख्या ५ लाख पुगिसकेको थियो । अनेकिसंमा प्रत्येक घरबाट एकजनामात्र सदस्य हुन्थे । र, त्यो घरका अरू सदस्यहरू चाहिं समर्थक हुन्थे ।[१०]

त्यतिबेला भएको किसान संघर्षमध्ये रौतहटको किसान संघर्ष सबभन्दा सशक्त थियो । त्यहाँको आन्दोलनबाट काठमाण्डौका किसानहरू पनि निक्कै प्रभावित भए । त्यसैको फलस्वरूप काठमाण्डौमा पनि तीव्र रूपमा किसान आन्दोलन अघिबढ्न थाल्यो । यही आन्दोलनको सिलसिलामा किसानहरूको एकआपसी झै-झगडा मिलाउनको लागि अनेकिसंअन्तरगत एउटा 'मुद्दा-फाँट'को पनि व्यवस्था गरियो । धेरै किसानहरूको झै-झगडा त्यसै मुद्दा फाँटले मिलाउन थाल्यो । त्यसले छिन्न नसकेका झै-झगडाहरूमात्र सरकारी अड्डा अदालतमा जान्थे । यसरी आन्दोलन चर्किन थालेपछि काठमाण्डौ शहरबाहिर मनमैजु, विशालनगर, हाडिगाउँ, कीर्तिपुर, नगाउँ, पाँगा आदि ठाउँहरूमा पनि संगठन बन्नुको साथै संघर्ष शुरू भयो ।[११]

### आन्दोलनका मागहरू

काठमाण्डौको किसान आन्दोलनमा मुख्यतया पाँचवटा मागहरू राखिएका थिए ।



*वामपन्थी नेता शम्भुराम श्रेष्ठ*



*किसान नेता सानुदाइ*

## काठमाण्डौका किसान आन्दोलनलाई नेतृत्व गर्नेहरू

नाति महर्जन- ज्याठा, सानुदाइ- तःहाननी इटुम्बहाः, ककादाइ- मरू, मोतिलाल- तःननी, मोहनदाइ, बाबुकाजी- ज्याठा, चन्द्रदाइ, मचाकाजी, कोनेदाइ- कोने, न्हुँछेदाइ- ठमेल, भिन्चासानु, देवनारा- मरू, द्वारिका, पानबहादुर- नगाँ, गोपाल- पाँगा, दानबहादुर-कीर्तिपुर, कुमार- नगाँ, तीर्थबहादुर- हाडीगाउँ, बाबुकाजी- गोंगबुं, जुजुभाइ- मनमैजु, कान्छा मानन्धर- धर्मस्थली, मू सानुभाइ- धोबीचौर, न्हुँछेदाइ- किलागल, गोरेदाइ- चारढुंगे, कान्छाभाइ- असन, तुलसीदाइ- मखन, हाकुनारायण- तमुग गल्ली, सिखरभाइ- दमाइ टोल, सानुबाबुदाइ- यट्खा, चन्द्रमानदाइ- युटु टोल, तुयुदाइ- युटु टोल, बालदाइ- ब्रम्हटोल, पूर्णदाइ- ब्रम्हटोल ।

*स्रोत : क. शम्भुराम श्रेष्ठ*

काठमाण्डौका किसानहरूलाई तत्कालीन प्रधानमन्त्री चन्द्र शमशेरकै पालामा मोहीयानी हक दिने भन्ने घोषणा भएर कानून बनिसकेको थियो । तर त्यसलाई व्यवहारमा लागु गरिएको थिएन । जग्गाधनीसँग मोहीले बाली बुझाएको रसिद माग्दा उनीहरू आलटाल गर्थे र रसिद दिंदैनथे । त्यसैले काठमाण्डौको किसान आन्दोलनमा सबभन्दा पहिलो माग, चन्द्र शमशेरको पालामा लागु भएको मोहीयानी हक व्यवहारमा लागु गराउनु रह्यो ।[१२]

दोस्रो माग, कूत कम गराउनु रह्यो । यस मागअन्तर्गत मोहीले जग्गाधनीलाई अब्बल जग्गा एक रोपनीको २१ पाथी, दोयमको

१७ पाथी, सिमको १३ पाथी र चाहारको १०/११ पाथी धान कुत बुझाउने माग राखियो ।[१३]

तेस्रो माग, बेठवेगारी रोक्ने थियो ।[१४]

चौथो माग, जमिन जोत्नेकौ हुनुपर्छ भन्ने थियो ।[१५]

पाँचौ माग, गुठी र तिर्जा जग्गाको पनि रैकर जग्गाको जस्तै पाँच पाथी तिरो बराबरको भाउ कायम हुनुपर्छ र त्यो पनि धानको सट्टा पैसा तिर्न पाउनुपर्छ भन्ने थियो ।[१६]

यी मागहरू राखेर काठमाण्डौमा ००७ सालको लगत्तैपछि किसान आन्दोलन चलाइयो । १०/११ सालसम्म पुग्दा यो आन्दोलन तीव्र रूपमा अघि बढ्यो । त्यसको फलस्वरूप २००८ सालमा भूमिदारी अधिकार प्राप्ति कानून (मस्यौदा) तयार गरियो । यो मस्यौदा खास गरी जनताको राय लिन तयार गरिएको थियो । यो मस्यौदा कानून बन्न भने सकेन । तैपनि यस मस्यौदाले मोहीयानी हकको सुरक्षा गर्ने मनसाय शुरू गरेको देखिन्छ ।[१७]

त्यसै गरेर २००९ सालमा भूमिसुधार कमिशनको गठन भएको थियो ।[१८] त्यस कमिशनले २०१० साल असोज ४ गतेदेखि किसानहरूले राखेको माग सम्बन्धमा प्रक्रिया चलायो । त्यही साल कार्तिक १५ गते काठमाण्डौका किसानहरूले पहिला राखेका मागहरू पूरा गराउन दवाव दिने निर्णय गरे । तर सरकारले ती मागहरू पूरा गर्न आलटाल गरिरह्यो । त्यसैले मसिरदेखि किसानहरू मैदानमै उत्रेर आन्दोलन गर्न थाले । त्यस आन्दोलनमा पुष १९ गते १२ जना आन्दोलनकारीहरू पक्राउ परे । उनीहरू तीन महिनापछि मात्र रिहा भए । २०११ साल फागुनदेखि उपत्यकाभरि नै ठूलो किसान आन्दोलन भयो । त्यस आन्दोलनमा पनि ५५ जना किसानहरू १०/११ महिनासम्म जेल परे ।[१९]

त्यस्तै गरेर २०१४ सालमा एउटा अर्को भूमिसम्बन्धी ऐन, २०१४ बन्यो । यो ऐन उपत्यकाका किसानहरूको लागि केही प्रभावकारी रह्यो तर उपत्यकाबाहिरका किसानहरूलाई भने त्यस ऐनबाट केही फाइदा पुगेन ।[२०]

सबभन्दा पहिले काठमाण्डौमा आन्दोलनको शुरूवात मालपोत तिर्न बन्द गरेर गरियो । ५/६ वर्षसम्म

***त्यतिबेला काठमाण्डौमा भएको किसान आन्दोलनमा काठमाण्डौका किसानहरूले अधिकतम रूपमा भाग लिए । र, आन्दोलनबाट उनीहरूले अधिकतम रूपमा फाइदा पनि प्राप्त गरे ।***

किसानहरूले मालपोत नै तिरेनन् । किसान आन्दोलन चर्किरहुन्जेल सरकार पनि चुप लागेर बस्यो । तर जब रौतहट किसान आन्दोलनलाई दवाइयो, त्यसपछि काठमाण्डौको किसान आन्दोलन पनि शिथिल हुन थाल्यो । किसान आन्दोलन शिथिल भएको मौका पारेर सरकारले 'अहिलेसम्म नतिरेको मालपोत तिर्न ल्याउनू, नतिरेमा घर जग्गा नै सरकारले लिने' भन्ने टाँस पूर्जी घर घरमा टाँस्न थाल्यो । त्यस टाँस पूर्जीले किसानहरूमा हाहाकार नै मच्चायो । किनभने किसानहरूले मालपोत तिर्नुपर्ने सबै धानहरू खाइसकेका थिए । अब के तिर्ने भन्ने समस्या उत्पन्न भयो ।

यो समस्या समाधान गर्नको लागि अनेकिसंघले एउटा ठूलो संघर्ष गऱ्यो । त्यो संघर्ष थियो- सिंहदरवार घेराउ । तीन दिनसम्म सिंहदरवार घेरियो र मन्त्रीलाई समेत सिंहदरवारभित्र पस्न दिइएन । संघर्षमा एउटैमात्र माग राखिएको थियो । त्यो माग थियो- 'जतिबेलासम्म मालपोत तिरिएको थिएन, त्यतिबेलासम्मको मालपोत मिनाहा गरियोस् र त्यसपछिको मालपोतमात्र लिइयोस् ।' आखिर तीन दिनको घेराउपछि त्यो माग पूरा भयो ।[२१]

## किसानहरूको जीवनमा परिवर्तन

यस आन्दोलनले काठमाण्डौका किसानहरूको जीवनमा ठूलो हेरफेर ल्यायो । आन्दोलन हुनुभन्दा अगाडि मोहीहरूले तीन चौथाई भागसम्म पनि कूत तिर्नुपर्थ्यो । आन्दोलनपछि किसानहरूले निश्चित रूपमा मात्र कूत तिरे पुग्ने भयो । आधाभन्दा बढी कूत तिर्नुपरेन । पहिले धान तिर्नुपर्ने ठाउँमा पैसा नै तिरे पुग्ने भयो । यसबाट किसानहरू आफ्नो मेहनतअनुसार केही मात्रामा भए पनि बढी फल पाउन सफल हुन थाले । जग्गाधनीहरूबाट कूत बुझाएको रसिद पाउन थाले । तिर्जाको ५ पाथी भाउमा पैसा बुझाए पुग्ने भयो । पहिले १० मुरी धान बुझाउनु पर्नेमा ३०/४० रूपियाँ बुझाए पुग्ने भयो । पहिले मोहीहरू जग्गाधनीकहाँ सित्तैमा काम गर्न नगएमा जग्गा कमाउन नदिने डर हुन्थ्यो । अब त्यो डर भएन । यसले गर्दा किसानहरू अब त्यसरी तलसिङ्गकहाँ सित्तैमा काम गर्न जानु नपर्ने भयो । त्यतिबेला काठमाण्डौमा भएको किसान आन्दोलनको फलस्वरूप नै अहिले मोहीहरूले आधाभन्दा बढी मोहीयानी हक प्राप्त गर्न थालेका छन् र अहिले काठमाण्डौका किसानहरू पूँजीपति बन्न थालेका छन् ।[२२]

## आन्दोलनको कमजोरी

त्यतिबेला काठमाण्डौमा भएको किसान आन्दोलनमा काठमाण्डौका किसानहरूले अधिकतम रूपमा भाग लिए । र, आन्दोलनबाट उनीहरूले अधिकतम रूपमा फाइदा पनि प्राप्त गरे । त्यही आन्दोलनबाट पाठ सिकेर पंचायतकालमा राजा महेन्द्रले भूमिसम्बन्धी ऐन- २०२१ लागू गरे । त्यसले नेपालको अन्य भागमा जोतिरहेको जग्गाको एक तिहाई भाग मोहियानी हक वापत पाउने भएकोमा काठमाण्डौ उपत्यकामा आधा भाग मोहयानी हक अन्तर्गत मोही किसानले पाउने कानूनी व्यवस्था भयो । ठीक यही समयमा काठमाण्डौमा अत्यन्त तीव्रगतिले शहरीकरण शुरू भयो । यसले गर्दा यहाँको जग्गाको मूल्य निकै छिटो ज्यादा बढ्न थाल्यो । यस घटनाले काठमाण्डौ उपत्यकाका किसानहरूमा दुईवटा ठूला ठूला हेरफेर देखापऱ्यो । एक, तल्सीङ्गभन्दा मोहीहरू शक्तिशाली हुन थाले र भटाभट मोहियानीं हक पाउन





*निर्मल लामा र नरबहादुर कर्माचार्य : काठमाण्डौ उपत्यकाका एकताकाका किसान आन्दोलनका अगुवाहरु*

थाले । दुई, जग्गामा खेती गर्नुभन्दा घडेरीको रूपमा जग्गा बेच्नु र त्यसबाट पाएको रकमले घर बनाएर घर भाडामा दिनु । यसले गर्दा यहाँका मोही किसानहरू नयाँ पूँजीपति वर्गको रूपमा देखिन थाले । उनीहरूमा किसान चरित्र नै बाँकी रहेन । उनीहरूको वर्ग रूपान्तरण भयो ।

त्यसमाथि पंचायती व्यवस्थाको उदयले राजनीतिक पार्टीहरू तथा जनवर्गीय संगठनहरू प्रतिबन्धित भए । यसबाट किसान आन्दोलन पनि दवित भयो । त्यसैले गर्दा २०२१ सालको भूमिसम्बन्धी ऐन लागु भएपछि काठमाण्डौ उपत्यका बाहिरका मोही किसानहरूले पनि जति फाइदा पाउनुपर्ने हो, त्यति फाइदा प्राप्त गर्न सकेनन् । अधिकांश मोही किसानहरूको नाम मोहीमा दर्ता नै भएन । कैयौं वर्ष जग्गा कमाइरहेका किसानहरू मोहीको अधिकारबाट बन्चित हुनुपऱ्यो ।

यसो हुनुको कारण पार्टी र अनेकिसंकै कमजोरीलाई मान्न सकिन्छ । किनभने पहिलो कुरा, पार्टीले नयाँ परिस्थितिमा नयाँ माग लिएर काठमाण्डौ उपत्यकामा फेरि किसान आन्दोलन उठाउन सकेन । दोश्रो कुरा, पहिले पनि पार्टीले किसान आन्दोलन त गऱ्यो, तर त्यस आन्दोलनलाई कहाँसम्म पुऱ्याउने र त्यसपछि के गर्ने भन्ने कुराबारे पार्टीसँग नीति तथा रणनीति नै भएन । यो कुरा अफैसम्म जस्ताकोतस्तै छ ।[२३] अर्कोतिर आन्दोलनमा लागेका किसानहरूमा पार्टीले क्रान्तिकारी भावना ल्याउन सकेन । यदि उनीहरूमा क्रान्तिकारी भावना ल्याउन सकेको भए किसान आन्दोलनलाई अर्कै ढंगबाट अघि बढाउन सकिन्थ्यो । त्यो आन्दोलन खालि सुधारवादी आन्दोलनमात्र भयो । वास्तवमा कम्युनिष्ट पार्टीसँग क्रान्ति कसरी गर्ने भन्ने भावना नभएकोले नै यसो भएको हो ।[२४]

जेहोस् काठमाण्डौको किसान आन्दोलनले काठमाण्डौका किसानहरूलाई ठूलो लाभ प्राप्त भयो । तर नेपालभरिका अधिकांश किसानहरू अफैसम्म पनि उत्पीडित र शोषित छन् । हालै पास भएको भूमिसुधार ऐनले द्वेत स्वामित्व अन्त्य गर्ने कार्य गरेको छ । यस ऐनमा दर्ता भएका मोहीहरूले मात्रै मोहियानी हक पाउने र दर्ता नभएका मोहीहरूले मोहियानी हक नपाउने प्रावधान राखियो । अब उपरान्त कसैले कसैको जग्गा कमाएमा पनि मोही भन्ने कुरा नै नहुने व्यवस्था गरियो । अफैसम्म पनि अनुपस्थित जमिन्दारीको समस्या बाँकी नै छ । तर मोहियानी हक चाहिं कानूनअनुसार दिनु नपर्ने गरिनाले थुप्रै मोहीहरू बेदखलीमा परेका छन् । यो ऐन लागु हुनुभन्दा अगाडि नेपालमा जम्मा ५ लाख ६० हजार मोहीहरू थिए । त्यसमध्ये ३ लाख ७० हजार मोहीहरू मात्र दर्ता भएका छन् ।[२५] सन् १९९१/९२ को कृषि जनगणना अनुसार कृषियोग्य जमिनको १३.९ प्रतिशत जग्गा १.५ प्रतिशत जमिन्दारहरूको हातमा छ । र, करिव २ प्रतिशत किसानहरू जग्गाविहिन छन् । त्यसैले यदि किसानहरूलाई उत्पीडन र शोषणबाट मुक्त गराउने हो भने क्रान्तिकारी भूमिसुधार लागु गरेर जमिनको न्यायोचित वितरण गरिनुपर्दछ । यो काम सच्चा कम्युनिष्टहरूले बाहेक अरूले गर्न सक्तैनन् । यसो गर्नको लागि पनि सशक्त किसान आन्दोलनको खाँचो पर्दछ । त्यसको लागि कम्युनिष्ट पार्टीहरूले त्यतिबेला भएका किसान आन्दोलनबाट पाठ सिकेर किसान आन्दोलनलाई अगाडि बढाउनु जरूरी छ । ❑

*सन्दर्भ स्रोत :*

*[१]क. निर्मल लामाको आत्मकथा- मूल्यांकन अंक- ७३ तथा क. नरबहादुर कर्माचार्यसँगको ०५८ चैत्र ३० र क. शम्भुराम श्रेष्ठसँग ०५९ वैशाख २ गते लिइएको अन्तर्वार्ता*

*[२, ६, ११, १२, १३, २१, २३] क. शम्भुराम श्रेष्ठसँग ०५९ वैशाख २ मा लिएको अन्तर्वार्ता*

*[३] क. निर्मल लामाको आत्मकथा- मूल्यांकन, अंक- ७३*

*[४, १४, २२] क. शम्भुराम श्रेष्ठसँग ०५९ वैशाख २ गते र क. नरबहादुर कर्माचार्यसँग ०५८ चैत्र ३० गते लिइएको अन्तर्वार्ता*

*[५] आफै भारा तिर्न जाने कीर्तिपुरवासी ज्ञानी श्रेष्ठ*

*[७, १९] नेपालमा किसान आन्दोलन- मानवअधिकार वर्ष पुस्तक १९९६*

*[८, १५, १६, १९, २४] क. नरबहादुर कर्माचार्यसँग ०५८ चैत्र ३० गते लिएको अन्तर्वार्ता*

*[९] सानुदाइसँगको अन्तर्वार्ता- मूल्यांकन, अंक- ४२*

*[१०] छानिएका रचनाहरु भाग- १, पुष्पलाल श्रेष्ठ*

*[१७, १८, २०, २५] श्री ५ को सरकार उच्चस्तरीय भूमिसुधार आयोग २०५१ को रिपोर्ट- केशव वडाल*

## विश्वमा बाल-श्रमिकको स्थिति

- विश्वमा १८ करोड बाल-बालिका सबैभन्दा चुत्थो प्रकारको श्रम गर्न बाध्य छन् ।
- विश्वभरिका पाँचदेखि १७ वर्षसम्मका बाल-बालिकामध्ये हरेक ६ जनामा १ जना बालबालिकाले बाल-श्रमिकको रूपमा काम गर्छ ।
- विश्वमा २४ करोड ६० लाख बाल-बालिका कुनै न कुनै प्रकारको श्रम गर्छन् ।
- पाँचदेखि चौध वर्षका बाल-श्रमिकहरूमध्ये एशिया प्रशान्त क्षेत्रमा मात्र ६० प्रतिशत रहेका छन् ।
- आफूलाई अत्यन्त सभ्य र औद्योगिक मुलुक भनिने देशहरूमा पनि २५ लाखको संख्यामा बाल-श्रमिकहरू रहेका छन् ।
- नेपालमा बाल श्रमिकको संख्या CWIN का अनुसार २६ लाख छ ।

*स्रोत : ILO, 2002. A future without child Labour*

## सन् २००० मा नेपाल

- सन २००० मा नेपालको कुल गार्हस्थ्य उत्पादन ५.५ अर्ब अमेरिकी डलर रहेको थियो ।
- सन् २००० मा नेपालको अर्थतन्त्रमा कृषिको योगदान ३९ प्रतिशत रहेको थियो । अनि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २० प्रतिशत र ४१ प्रतिशत रहेको थियो ।
- सन् २००० मा नेपालले ७९.५ करोड डलर बराबरको वस्तु निर्यात गरेको थियो भने १५९ करोड डलर बरोबरीको वस्तु आयात गरेको थियो ।


*स्रोत : The World Bank, World development report, 2002*


राम्रोसँग Valley View
देख्न सकिने
काठमाण्डौ उपत्यकाको
एकमात्र रेस्टुरेण्ट

Valley View & Dance Family


कलंकीमा अवस्थित
यस रेस्टुरेण्टभित्र *Dance, Roof Top, Fast Food* का साथमा अन्य सुविधा पनि उपलब्ध छन् । यहाँहरूको लागि *Mini Party* को सेवा पनि उपलब्ध गराइन्छ ।

Valley View Fast Food
*with Rooftop Terrace and Mini Party Hall*
Kalanki, Kathmandu. Phone : 286859



*ध्वनि तरङ्ग प्रसारित गरिरहेको १३० प्रकाशवर्ष टाढा रहेको साइह्या ताराको कम्पन टेलिस्कोपको पर्दामा एक रोमाञ्चक दृश्यको रूपमा देखा परेको छ ।*

# एकसय तीस प्रकाश वर्ष टाढाबाट आएको आवाज



*साइह्या तारा अवलोकन गरिने चिलीस्थित ला सिल्ला वेधशाला*

हामीकहाँ नेपालमा दिन हुँदा रात हुने टाढाको देश अमेरिकामा बसेका हाम्रा आफन्तसित आजभोलि हामी यहींबाट तत्काल कुराकानी गर्न सक्छौं । अर्थात् त्यहाँको आवाज हामी यहाँबाट सुन्न सक्छौं । यो कुनै अनौठो कुरो रहेन , किनकि अन्तरदेशीय ट्रंक टेलिफोनको माध्यमबाट हामी त्यसो गर्न सक्छौं । वैज्ञानिक ग्राहम वेलले टाढाको आवाजलाई पक्रेर कानसम्म ल्याइदिने प्रविधि- टेलिफोनको आविष्कार गरेर मानव जातिलाई ठूलो गुन लगाउनु भएको छ ।

टाढाको आवाज पक्रने सवालमा अब वैज्ञानिकहरू पृथ्वीभित्रको मात्र होइन, अझ त्यो चन्द्रमासम्मको मात्र पनि होइन, एकसय तीस प्रकाश वर्ष टाढाको आवाजलाई समेत पक्रन सफल भएका छन् । स्मरणीय के छ भने खगोलमा एक प्रकाश सेकेण्ड दूरी बराबर ३ लाख किलोमिटर रहेको हुन्छ । अब तपाई आफै हिसाब गर्नुहोस्, एकसय तीस प्रकाश वर्षको दूरी किलोमिटरमा कति होला ?

बि.बि.सि.का विज्ञान सम्पादक डा. डेविड ह्वाइटहाउसले जनाए अनुसार हालसालैमात्र अन्तर्राष्ट्रिय खगोलविद्हरूको एक टोलीले पृथ्वीबाट एकसय तीस प्रकाश वर्ष टाढा रहेको साइह्या नामक एक विशाल ताराले धोद्रो आवाज निकाल्ने एउटा विशाल बाजाले जस्तै व्यवहार गरेको तथ्य पत्ता लगाएको छ । यो तारा आकाशमा हाइड्रा राशि (तारामण्डल)मा अवस्थित छ ।

खगोलविद्हरूका अनुसार साइह्या तारा सूर्यभन्दा दश गुना ठूलो छ । अर्थात् त्यसको व्यास सूर्यको व्यासभन्दा दश गुना ठूलो छ । त्यस्तै साइह्याको चम्काइ सूर्यको भन्दा ६० गुना बढी रहेको छ ।

ताराभित्र उत्पन्न आवाजलाई पत्ता लगाउन वैज्ञानिकहरूले त्यो प्रविधि अपनाए, जुन प्रविधिबाट उनीहरू ताराहरूको बाहिरी तहको विशेषता पत्ता लगाउने गर्छन् । उनीहरूले त्यो प्रविधि खगोलमा ताराहरू कस्तो व्यवहार गर्छन् र तिनीहरूको विकास कसरी हुन्छ भन्ने कुरा देखाउनको निम्ति सैद्धान्तिक नमूनाहरूसँग अवलोकनबाट आएका तथ्याङ्कहरूको तुलना गर्नको लागि पनि अपनाउने गर्छन् । वास्तवमा यही प्रविधि अपनाएर गत दशकमा वैज्ञानिकहरूले सौर्यमण्डलभन्दा बाहिर अरू ताराहरूलाई परिक्रमा गरिरहेका अथवा अन्य सौर्यमण्डलहरूमा रहेका ७० भन्दा बढी ग्रहहरू पत्ता लगाएका थिए ।

वैज्ञानिकहरूले यही प्रविधि अपनाएर तीन दशक अगाडि निश्चित आवाज वा आवृत्ति भएको एउटा विशाल बाजाजस्तै हाम्रो सूर्य कम्पित हुने कुरा महसूस गरेका थिए । उनीहरूका अनुसार ती ध्वनि तरंगहरू उत्सर्जित गर्ने ऊर्जा सूर्यको देख्न सकिने सतहमुनि बलिरहेको ग्यासको उथलपुथलपूर्ण संवाहनिक क्षेत्रबाट आउँछ । सूर्यको सतहबाट उत्सर्जित हुने ध्वनि तरंगहरूबारेको अध्ययनलाई सौर्य भूस्पन्दन शास्त्र (helioseismology) भनिन्छ । यो शास्त्रले सूर्यको भित्री अवस्थाबारे विस्तृत जानकारी पाउन हामीलाई मद्दत गरेको छ ।

यस्तै प्रकारले यही प्रविधि अपनाएर वैज्ञानिकहरूले सूर्यजस्ता अन्य ताराहरूको पनि अध्ययन गरेका छन् । अवलोकनबाट के कुरा थाहा पाइयो भने हाम्रो सौर्यमण्डलबाट सबभन्दा नजिकको चम्किलो तारा अल्फा सेण्टाउरी ए ले धेरै हदसम्म हाम्रो सूर्यलेजस्तै व्यवहार गर्छ । र, यसले प्रदर्शित गर्ने कम्पनका केही अन्तराहरू पनि हाम्रो सूर्यले देखाउनेजस्तै रहेका छन् ।

भर्खरै वैज्ञानिकहरूले गरेको नयाँ अवलोकनले विशाल तारा साइह्या करिब ३ घण्टाका कैयौं अन्तराहरू बनाउँदै कम्पित हुने देखाएको छ । त्यो कम्पनको गति प्रति सेकेण्ड २ मिटरसम्म रहेको पाइएको छ । वैज्ञानिकहरूको भर्खरैको अवलोकनबाट के कुरा थाहा पाइएको छ भने साइह्या तारा पहिले अनुमान गरिएको भन्दा केही सानो साइजको रहेछ । तर अझै ती अनुमानहरू निश्चित भएका छैनन् , किनकि साइह्या ताराभित्रको अवस्था हाम्रो सूर्यमा भन्दा धेरै फरक रहेको बुझिएको छ ।

अहिलेसम्म पत्ता लगाइएका सूर्यजस्तै कम्पित हुने ताराहरूमा साइह्या धेरै ठूलो तारा हो । वैज्ञानिकहरूका अनुसार यो तारा अहिले आफ्नो जीवनको अन्तिम समयमा पुगेको छ । यो अहिले आफ्नो बाहिरी तह फुलाउँदै एउटा ठूलो रातो तारा बन्ने तरखरमा रहेको छ ।

ध्वनि तरंग उत्सर्जित गरिरहेको पृथ्वीबाट १ सय ३० प्रकाश वर्ष टाढाको यो साइह्या ताराको अवलोकन वैज्ञानिकहरूले दक्षिण अमेरिकाको चिली देशमा अवस्थित *ला सिल्ला वेधशाला*मा रहेको *स्वीस यूलर टेलिस्कोप*बाट गरेका हुन् । उनीहरूले अवलोकनमा प्रकाशका विविध किरणहरू वर्णपटमा उतार्ने एकखालको वस्तु *कोरली स्पेक्टोग्राफ (Coralie specctograph)* प्रयोग गरेका थिए । त्यो कोरली स्पेक्टोग्राफलाई हाम्रो सौर्यमण्डल बाहिरका थुप्रै ग्रहहरू पत्ता लगाउन पनि वैज्ञानिकहरूले प्रयोग गरेका छन् ।

● **तुल्सीदास महर्जन**

*सन्दर्भ स्रोत :*
*BBC News*

मैथिली भाषाको कवितानुवाद

# रोशन जनकपुरीका पाँच कविताहरू

## गल्ती

बिहानीको सूर्य
मेरो घरको छाना भई
छरिएर जान्छ ।
मेरै घरअगाडि भई
जाने सडकमाथि
आफ्नै रगतको शैय्यामा
सुतिरहेको त्यो मानिस
कतै जान
उठ्ने छैन अब ।

गल्ती !?
हो, गल्ती गरेको रहेछ
उसले सोधेको रहेछ
-भन्नोस् महाशय,
मेरो भागको रोटीका लागि
कसको हस्ताक्षर हुनुपर्ने हो ?
हजूरको कि मेरो ? ❑

## दृष्टिभ्रम

चम्किलो कमीज
इस्त्री लगाएको पाइन्ट
पालिस टल्किएको जुत्ता

यसरी झकीझकाउ भएको
भूँडीवाल मान्छे !

साँच्चिकै हो कि ?
वा कतै मलाई
भ्रम भइरहेछ ?

मेरो आँखाले त अरू नै कुरा देखिरहेछ
-एउटा भुँडीवाल मान्छे
वा उसमा लपेटिएको
-दुब्लो पातलो धोबी
वा मरन्च्याँसे चमार
वा खान नपाएको रोगी ।

साँच्चिकै हो कि ?
वा कतै मलाई
दृष्टिभ्रम भइरहेछ ?
वा सत्यको दर्शन
वा गम्भीर पदचापको संकेत ?! ❑

## क्रान्तिको मार्ग चुनौं

बाटोमा भ्रम फिँजिएको छ
- क्रान्तिको मार्ग चुनौं !

तिम्रो हक लुटिएको छ
- क्रान्तिको मार्ग चुनौं !

तिम्रो श्रम र पसिनाको मोल
जहाँ हुँदैन
त्यो व्यवस्था नै सडेको छ
जनतालाई लुट्ने
र रगत चुस्ने जत्ति सबै
कुर्सीमा बसेका छन्
- क्रान्तिको मार्ग चुनौं !

ऊ हेर ! आकाशको रंग पनि
रातो भइसकेको छ
ढोलक बजिसकेको छ
- क्रान्तिको मार्ग चुनौं ! ❑




*प्राध्यापक माणिकलाल श्रेष्ठको हातबाट पारिजात स्मृति पुरस्कार ग्रहण गर्दै कवि रोशन जनकपुरी*

## विद्रोह

अद्‌भूत दृश्य
एकपछि अर्को
ढलिरहेछन्
मान्छेहरू ।
तर आश्चर्य
उठिरहेछ हावामा
कस्सिएको मुठ्ठी ।

इतिहासमा फर्किन चाहने
एक समूह
र अहिले बाँचेकै जीवनमा रम्ने अर्को समूह
दुवैले तल तान्न खोजिरहेछन्
मास्तिर तनक्क तन्किन खोजिरहेको
यो कस्सिएको मुठ्ठीलाई ।

भेदभावको विरूद्ध
असमानताको विरूद्ध
छली संरचनाको विरूद्ध
उज्यालोलाई अँध्यारोमा
कैद गर्ने प्रयासको विरूद्ध
आफ्नो अस्मितामाथिको
आक्रमणका विरूद्ध
खबरदारी गर्न
तन्किएको यो हात
र कस्सिएको यो मुठ्ठी
मास्तिर उठि नै रहोस् ।

उठि नै रहोस्
दानवीयता विरूद्ध
मानवीय सामर्थ्यको
प्रमाण भई
कस्सिएको मुठ्ठी
तबसम्म,
जबसम्म
दानवीयता प्राणहीन भई
धरतीमा विलीन हुँदैन,
नीलो आकाश
पंक्षीहरूको मुक्त अट्टहासले गुन्जयमान हुँदैन
तबसम्म
तन्किरहनुपर्छ
उठिरहनु पर्छ
कस्सिएको यो मुठ्ठी । ❑

## नवजात शिशुको अवसान

गऱ्यौ !
ठीक्कै गऱ्यौ
कम से कम
भोक र अभावबाट
मुक्ति त पायौ !

कतै पुनर्जन्म हुँदो हो त
जन्मिदै न जन्मिनू,
जन्मिनु नै पऱ्यो भने
कि सुनको चम्चा लिएर जन्मिनू
कि त बन्दूक लिएर जन्मिनू । ❑

*अनुवाद : के धर्मेन्द्र*



# म सरकारमा जाँदिन

– विमल निभा



"होइन, हामीले बस्न मिलेन । त्यसैले तपाईंलाई बस्न भनेको हुँ कविजी । हामीले बस्न मिलेको भए तपाईंलाई किन दुःख दिन्थ्यौं ?"

एक पुरानो राजनैतिक मित्रले टेलिफोन गरेर मलाई भने, "सरकारमा बस्ने कविजी ?"

"कस्तो सरकारमा ?" मैले नबुझेर सोधें ।

"तपाईंलाई थाहै छ कविजी, मध्यावधिको घोषणा भइसकेको छ । निर्वाचनको तिथिसमेत तोकिइसकेको छ । यही कार्तिक २७ गते । चुनावी सरकार बनाउने कुरो भइरहेछ । त्यसैले तपाईं पनि बस्ने हो कि भनेर सोधेको हुँ ।"

"अब सरकार बनेपछि तपाईंहरू आफैं नबसेर हामीलाई राख्नुहुन्छ ?" मैले उनलाई भनें ।

"होइन, हामीले बस्न मिलेन । त्यसैले तपाईंलाई बस्न भनेको हुँ कविजी ! हामीले बस्न मिलेको भए तपाईंलाई किन दुःख दिन्थ्यौं ?"

"कसरी ?" मेरो उत्सुकता एक्कासी बढ्यो ।

"हेर्नोस्, यो गैरराजनैतिक व्यक्तिहरूलाई समावेश गरेर बनाइएको सरकार हुनेछ । हाम्रा प्रधानमन्त्रीज्यूले यही भन्नुभएको छ । चुनाव गराउनको लागि यो आवश्यक छ । विभिन्न क्षेत्रका मानिसहरूलाई लिएर सरकार बने निर्वाचन गराउन सजिलो हुन्छ । तपाईं एक साहित्यिक व्यक्ति हुनुहुन्छ । त्यसैले तपाईंलाई यो सरकारमा बसिदिन भनेको हुँ । बस्ने हो कविजी ?" उनले फोनमै भने ।

"मैले विचार गर्नुपर्छ ।"

"के विचार गर्नुपर्छ ?"

"तपाईंले भनेअनुसार, सरकारमा जाने अथवा नजाने भन्ने विषयमा मैले सोच्नै पऱ्यो नि ! त्यसै कसरी सरकारमा जाने ?"

"किन कविजी ?"

"मलाई सरकारमा बस्ने कुनै अनुभव छैन । पहिले कहिले बसेको छैन । मन्त्री के, सहायक मन्त्री पनि भएको छैन । मैले त सरकारी जागीरसम्म खाएको छैन । एकपटक लोकसेवाको इन्टरभ्यूमा फेलसम्म भएको हुँ । अब यस्तो मानिसले सरकारमा बसेर के गर्ने ?" मैले लाचारी प्रकट गरें ।

"यसमा तपाईंले केही गर्नै पर्दैन । खुरूक्क मन्त्रीको पदमा बस्नोस् । यति मात्रै तपाईंको काम हुनेछ । एक किसिमले थपना भने पनि हुन्छ । थपना भनेको तपाईंलाई थाहै छ । यसको के काम हुन्छ ? सबै काम हामी नै गर्छौं । हामी हुँदाहुँदै तपाईंले केही गर्ने कुरै छैन । हामीले भनेजस्तै तपाईंले चल्नुपर्छ । सरकार चलिहाल्छ । सरकार चल्नलाई अरू के गर्नुपर्छ ? यति त हो । कुरो बुझ्नुभयो त कविजी ?"

"के गर्नुपर्छ मैले ?" सहसा सोधें ।

"सबभन्दा पहिले हामीलाई चुनावमा जिताउने वाचा गर्नुपर्छ । यो एक किसिमले आन्तरिक शपथग्रहण भने पनि हुन्छ ।"

यता म चुप ।

"मेरो कुरा सुनिरहनु भएको छ कविजी ? एउटा मन्त्रीको नाताले तपाईंले निर्वाचनमा हुने धाँधलीको लागि उपयुक्त वातावरण बनाउन सक्नुपर्छ । धाँधली भनेको बुझ्नुहुन्छ होला कविजी ? यो शब्द तपाईंलाई मन नपरे यसो भनूँ- हाम्रा विरोधीहरूलाई हराउन सम्पूर्ण चाँजोपाँजो मिलाउनुपर्छ । विरोधीहरूलाई नहराएसम्म हामी कसरी जित्छौं ? हामीले जित्न त जसरी पनि पऱ्यो । नत्र यो सदन भङ्ग गरेको के अर्थ भयो ? कुरोलाई बुझ्नोस् । हाम्रा सम्माननीय प्रधानमन्त्रीज्यूको पनि यही ईच्छा छ । तपाईंलाई यो चुनावी सरकारमा त्यसै लगन खोजिएको होइन । अब तपाईंले प्रधानमन्त्रीज्यूको यति सानो ईच्छा त पूरा गर्नै पऱ्यो नि कविजी । हाम्रो पनि यही हो ।" उनले प्रसन्न स्वरमा भने ।

म फेरि चुप ।

"के विचार गरिरहनु भएको छ कविजी ?"

"मलाई क्षमा गर्नोस्, म तपाईंको सरकारमा बस्न सक्दिन ।" मैले असमर्थता व्यक्त गरें ।

"किन कविजी ?"

"हेर्नोस्, मलाई मन्त्री हुनुभन्दा एउटा कवि भइरहनु नै उचित लाग्छ । म एक कवि हुँ । र, कवि नै भइरहनेछु । म मन्त्री-सन्त्री बन्न सक्दिन । अहिलेलाई यही कारण सम्झनोस् ।" मैले उतातिरको जवाफ नपर्खेर ठ्याक्क फोन राखें । ❑❑

## ◄ किताब/उल्लेख्य ►



### लिखे

विधा : उपन्यास
लेखक : शरद पौडेल
प्रकाशक : आत्मनिर्भर विकास मञ्च, काठमाण्डौं
पृष्ठ : ३०६
मूल्य : रु. १२५/-




### विश्वकप फुटबल

(कथा एक गाथा अनेक)
विधा : फुटबल खेल र खेलाडीबारे विस्तृत नालीबेली
लेखक : जयदेव गौतम
प्रकाशक : मञ्जु थापा
पृष्ठ : २२७+७
मूल्य : रु. १४०/-




### धराप

विधा : लेख संग्रह
सम्पादक : वसन्त थापा, मोहन मैनाली
प्रकाशक : खोज पत्रकारिता केन्द्र, हिमाल एशोसिएशन, ललितपुर
पृष्ठ : १२९+६
मूल्य : रु. १००/-




### कर्मयोद्धा

विधा : लघुकथा संग्रह
लेखक : पुष्करराज भट्ट
प्रकाशक : जनमत प्रकाशन, बनेपा-७, काभ्रे
पृष्ठ : ५३+७
मूल्य : रु. २५/-




### राष्ट्रका गौरव नेपालका प्रथम पत्रकार रघुनाथप्रसाद गुप्ता रौनियार

विधा : जीवनी/संस्मरण
लेखक/सम्पादक : रमेश कुमार रौनियार, उमेश कुमार रौनियार
प्रकाशक : रघुनाथप्रसाद रौनियार अध्ययन प्रतिष्ठान इन्द्रचोक, काठमाण्डौं
पृष्ठ : १६०
मूल्य : रु २००/-

# नुमाफुङले देखाएको बाटो

– गोविन्द वर्तमान

आम दर्शकहरूको लागि सार्वजनिक प्रदर्शनको शुरूवात नहुँदै चलचित्र *नुमाफुङ्*ले अत्यधिक चर्चा प्राप्त गर्‍यो । नेपाली चलचित्रको इतिहासमा यो घटना यस्तो प्रकारको पहिलो र विशिष्ट घटना हो । प्रवुद्ध नेपाली दर्शकहरू राम्रो र सार्थक चलचित्रप्रति आकर्षित र प्रतिक्रियाशील हुन्छन् भन्ने यथार्थको एउटा पक्षलाई पनि यसले प्रमाणित गरेको छ । वास्तवमा *नुमाफुङ* राम्रो र सार्थकसमेत भएकोले नै यसले छापाहरूमा यसरी अभूतपूर्व चर्चा निर्माण गरेको हो ।

सामान्य किसिमले भन्दा *नुमाफुङ* नेपालको पहिलो यथार्थवादी चलचित्र हो । यथार्थ बाहिरी रूपमा जति सामान्य र सरल देखिन्छ, *नुमाफुङ* पनि त्यति नै सामान्य र सरल छ । यसको कथा र कथाको प्रस्तुतिमा कुनै जटिलता र चमत्कार छैन । त्यस अर्थमा *नुमाफुङ*को निर्दोष सरलता नै यसको विशिष्टता हो । तर जसरी सरल देखिने यथार्थभित्र गम्भीर तथ्यहरू निहित हुन्छन्, त्यसरी नै *नुमाफुङ*को सरलताभित्र पनि गम्भीर तत्वहरू निहित छन् । त्यस्ता गम्भीर तत्वहरू नेपाली समाजको बहुलतायुक्त संस्कृति र त्यस संस्कृतिका विशिष्ट चरित्रहरूद्वारा निर्मित छन् । साथै, नेपाली चलचित्रको निर्माण प्रक्रियामा देखा पर्ने गरेका दोषहरूबाट पृथक हुनु पनि चलचित्र *नुमाफुङ*को विशिष्टताको रहस्य हो । *नुमाफुङ*को यही यथार्थलाई बोध गर्नु नै यसको महत्वलाई ठम्याउनु हो ।

*नुमाफुङ* लिम्बु संस्कृतिमा आधारित चलचित्र हो । यस चलचित्रले लिम्बु समाजमा पसेर त्यहाँको सांस्कृतिक यथार्थलाई दर्शकहरूको चेतनासम्म पुर्‍याउने उद्योग गरेको छ । परम्पराको विरासतको रूपमा लिम्बु समाजभित्र अझै अस्तित्वमा रहेको सुनौली-रूपौली भनिने एउटा प्रथालाई चलचित्रले उजागर गरेको छ । त्यस प्रथालाई चलचित्रको समग्र फलकमा जसरी उजागर गरिएको छ, त्यो देख्दा *नुमाफुङ* हेर्ने दर्शकले त्यसलाई नराम्रो प्रथाको रूपमा बुझ्दछ ।



चलचित्रजस्तो मूलतः दृश्यमाध्यममा विचारको पक्षधरता दृश्य संयोजनहरूबाटै व्यक्तिन्छ । दृश्य र दृश्यांशहरूको शारीरिक भाषा (Body Language) चलचित्रले दर्शकहरूलाई संवोधन गर्ने उपयुक्त र प्रभावकारी भाषा हो । यस्तो भाषामा अप्रामाणिक शब्दहरूको वर्षाद्वारा विचार व्यक्त गरिदैन । बरू दृश्यले भनिरहेको भाषाबाटै विचार व्यक्तिन्छ र त्यहाँ त्यसको प्रत्यक्षीकरणसमेत हुन्छ । त्यही प्रत्यक्षीकरण नै चलचित्र विधाको मौलिकता पनि हो । चलचित्र *नुमाफुङ*मा सुनौली-रूपौली प्रथा नराम्रो प्रथा हो भन्ने विचार र त्यसको प्रत्यक्षीकरण भएको छ । चलचित्रकी नायिका नुमाले दोस्रो विवाहको बेलासम्म गरेको झिनो विरोध र बाध्यतापूर्ण सम्झौता अन्त्यमा गएर प्रतिरोध र विद्रोहमा परिणत भएको छ । त्यस परिणतिको निम्ति चलचित्रमा शब्दहरूको वर्षा र नाटकीय घटनावलीहरूको सहारा लिने काम भएको छैन । गिरिहाङजस्तो कुपात्रलाई त्याग्ने नुमाको आत्मनिर्णयले कु-प्रथाविरूद्ध नुमाको विद्रोहलाई व्यक्त गरेको छ ।

विद्रोहयुक्त आत्मनिर्णयपछि नुमाफुङकी नुमा उसलाई शुरूदेखि नै मनपराउने रिकुटेसँग गएकी छ । यस घटनाबाट उत्पन्न हुने सामाजिक परिणामसँग समेत नुमाले जोरी खोजेकी छ । पुरातन संस्कारको बोझमा पिल्सिएकी एउटी नारीको निम्ति आधुनिक समाजमा अस्मिताको खोजी सहज छैन । दोस्रो लोग्नेको रूपमा आइलागेको गिरिहाङजस्तो दुष्ट पात्रलाई त्याग्ने आत्मनिर्णयद्वारा नुमाले त्यही असहज काम गरेकी छ । यो कामबाटै चलचित्रमा यसका निर्देशकको वैचारिक पक्षधरता व्यक्त भएको छ । सुन र रूपियाँमा छोरीलाई साटेर आफ्नो र छोरीको घरबार बसाउने (चलाउने ?) सुनौली-रूपौली प्रथा वास्तवमा छोरीलाई बेचेर कमाउने अर्थात् कारोबार (धन्दा ?) चलाउने प्रथामा रूपान्तर भएको यथार्थलाई *नुमाफुङ*को कथाले व्यक्त गर्दछ । त्यस कथालाई कथाभूमिको रूपमा रहेको लिम्बुवानको समाजमा भइरहेकै ढंगले पटकथामा विकसित गरेर चलचित्रमा देखाइएको छ । कथा चयन र कथाभित्रका तथ्यहरू अनुसन्धान गर्ने क्रममा *नुमाफुङ*को निर्माण दलले देखाएको यथार्थप्रतिको इमान्दारिताले विषय प्रस्तुतिको आधिकारिकता तयार भएको छ । यही आधिकारिकताले यस चलचित्रलाई पर्याप्त चर्चाको अधिकारी साबित गरेको छ ।

*नुमाफुङ*ले पाएको चर्चा नेपाली चलचित्र उद्योगको यतिन्जेलको तदर्थवादी कार्यशैलीसँग पनि जोडिएको विषय हो । झण्डै चारदशक लामो नेपाली चलचित्रको इतिहासमा नेपाली चलचित्रले आफ्नो मौलिक परिचयको खोजी गर्ने अभ्यासलाई गम्भीरतापूर्वक लिंदै लिएन । खाली मूलधारका हिन्दी चलचित्रहरूको प्रभाव, अनुकरण र चोरीको अभ्याससमै यसले आफ्नो विगत खर्च गरिरह्यो । केही अत्यन्तै थोरै अपवादलाई छोडेर उनान्सय प्रतिशतभन्दा बढी नेपाली चलचित्रहरू नेपाली भाषा र पात्रहरू भएका हिन्दी चलचित्रजस्तै भएका हुन् ।

हाम्रो जीवन एउटा सुन्दर यथार्थ हो । तर ती चलचित्रहरूमा मूल धारका हिन्दी चलचित्रहरूमा जस्तै अयथार्थ वा यथार्थको भ्रष्टीकरण हुने गरेकाले तिनीहरूलाई जीवनपक्षीय चलचित्र भन्न सकिंदैन । मानिसको जीवनलाई गलत ढंगले चित्रित गर्ने र दर्शकहरूलाई अयथार्थको नजिक पुर्‍याएर त्यसैमा वरालिने बानी पार्ने विशेषता ती चलचित्रका विशेषताहरू रहे । तसर्थ, ती चलचित्रहरू जीवनको प्रस्तुतिको हिसाबले जीवनविरोधी चलचित्रहरू हुन् । चलचित्र क्षेत्रको मूलतः जीवनविरोधी प्रस्तुतिको बीचमा जीवनको वास्तविकतालाई सार्थक जीवनको पक्षतिर उठाउने अभिप्रायले बनाइएकोले नै *नुमाफुङ्* यति चर्चित र प्रशंसित भएको हो । विधागत सौन्दर्यका दृष्टिले थुप्रै कमजोरीहरू यस चलचित्रमा रहेका होलान्, तर विषय प्रस्तुतिको सरल आधिकारिताले ती कमजोरीहरूलाई गौण बनाइदिएको छ । त्यो भनेको नुमाफुङको आयतनभित्र विम्बित भएको जीवनको आधिकारिकताले यसलाई जीवनपक्षीय चलचित्र बनाइदिएको छ । त्यसैले पनि हामी यस चलचित्रलाई हृदयतः प्रशंसा गर्दछौं ।



निर्देशक नवीन सुब्बा

**यथार्थ बाहिरी रूपमा जति सामान्य र सरल देखिन्छ, *नुमाफुङ* पनि त्यति नै सामान्य र सरल छ ।**

कलाको कुनै पनि क्षेत्रमा संलग्न व्यक्तिले यस चलचित्रलाई उल्लेख गर्नैपर्ने कारणहरूमध्ये एउटा प्रमुख कारण यसले प्रस्तुत गरेको जातीय पहिचानसँग सम्बद्ध पक्ष हो । नेपाल बहुजातीय समाजहरूले निर्मित राष्ट्र हो । हामी जातीय एकताको सुखद् परम्परामा आवद्ध रहिआएका नागरिक हौं । तर विगतको पंचायती व्यवस्थाले जातीय एकता र सहिष्णुताको नाममा नेपाली मातृभाषा भएका जाति र नेपाली भाषालाई सर्वोपरि राखेर बाँकी सबै मातृभाषीहरूलाई दमन गर्ने वा पाखा लगाउने काम गरेको थियो । त्यही परम्पराले नयाँ व्यवस्थाको १२ वर्षे अवधिमा पनि निरन्तरता पाइरहेको छ र यसको निम्ति राज्यसत्ताका संचालकहरू नै प्रमुख रूपमा जिम्मेवार छन् । बुझ्नुपर्ने सत्य हो- जातीय पहिचानको खोजी र त्यसको प्रकाशनले नै कुनै पनि राष्ट्रमा यथार्थतः जातीय एकता निर्मित हुन्छ । यो सत्यलाई अझै व्यवहारतः अस्वीकार गरिरहने सत्ताविरूद्ध *नुमाफुङ* चर्को प्रतिवादसहित आएको छ । लिम्बु समाजको कथा, त्यस समाजको मुद्रा, त्यसको संस्कार र प्रतिदिनका त्यसका व्यवहारहरू नुमाफुङमा छन् । तिनको विद्यमानता अरू जातीय समाजका निम्ति पनि आत्म-गौरवका विषयहरू हुन सक्छन् ।

संक्षेपमा भन्नुपर्दा जीवनपक्षीयता, जातीय पहिचानको प्रस्तुतिद्वारा यसले निर्माण गरेको एक भाषा र एक जातीय अधिनायकवाद विरूद्धको प्रतिवाद, नारी पात्रको अस्मिताको खोजी र नेपाली संस्कृतिका अध्येताहरूका निम्ति शिक्षाप्रद सामाग्रीहरू नै *नुमाफुङ*को महत्व र चर्चाका कारकहरू हुन् । यिनै कारकहरूको आलोकमा हामी भन्न सक्छौं- नेपाली चलचित्रले *नुमाफुङ*ले देखाएको बाटोमा हिंड्ने अभ्यास थालेछ भने नेपाली चलचित्रले आफ्नो सशक्त परिचय स्थापित गर्ने कुरा सन्देहरहित छ । ❑

# *नुमाफुङ* एउटा गतिलो पाठ्यांश पनि बन्न सक्छ

सुरेश ढकाल, *मानवशास्त्री*

पत्रकार प्रदर्शन र प्रिमियर प्रदर्शनपछि चलचित्र *नुमाफुङ* निक्कै चर्चामा छ । केहीलाई यो चर्चा अति नै भयो कि भन्ने लागेको पनि हुनसक्छ भने चलचित्र उद्योगभित्रका धेरैको लागि यो चर्चा 'आतंक' नै बनेको छ । तर यसका निर्देशक नवीन सुब्बाका लागि भने यो एउटा चुनौती हो ।

निश्चित रुपमा *नुमाफुङ* लिम्बु संस्कृतिको एउटा गतिलो दृष्यिक दस्तावेज (visual documentation) हो । तर यो विधागत रुपमा उत्कृष्ट चलचित्र पनि हो कि होइन भन्ने प्रश्न चाहिं राम्ररी उत्तरित भइसकेको छैन ।

एउटा सर्जकका लागि उत्साहित गराउने, प्रेरणा जगाउने वा प्रशंसायोग्य कुनै घटना वा परिदृश्य नभएको समयमा नुमाफुङ साँच्चै नै सुन्दर फूल बनेर आयो । चलचित्र क्षेत्रमा जस्तै सामाजिक जीवनका कुनै पक्षमा पनि 'नुमाफुङ'को प्राप्ति त्यत्तिकै प्रशंसनीय रहन्छ । चलचित्रमा विम्बहरुको प्रयोगद्वारा निश्चित साँस्कृतिक परिधिभित्रबाट निश्चित जातिको लौकिक मतलाई यति सूक्ष्म र यथार्थको नजिक पुगेर आजसम्म कुनै नेपाली चलचित्रले व्यक्त गर्न सकेको थिएन । चलचित्रमा प्रयुक्त लाक्षणिक अन्तरक्रिया यस चलचित्रको अर्को सुन्दर पाटो हो । तसर्थ पनि सांस्कृतिक सिद्धान्त र सामाजिक विज्ञानमा रुची राख्नेहरुलाई *नुमाफुङ* एउटा गतिलो पाठ्यांश पनि बन्न सक्छ ।

लिम्बुहरुको स्व-जाति, स्व-नश्लको पहिचान निर्माण र निरन्तरताको अर्थमा पनि नुमाफुङ एउटा उपलब्धि हो । बहुलवादी सामाजिक संरचना भएको नेपालजस्तो देशमा राज्यले अंगीकार गरेको एकपक्षीय वैचारिक पृष्ठपोषणका विरुद्ध सशक्त सहअस्तित्वको लडाईमा 'नुमाफुङहरु' साह्रै नै सहयोगी बन्न सक्छन् । यस्तो सशक्त सहअस्तित्व निर्माण र स्वजातीय परिचय निर्माण एवं यस प्रक्रियाको निरन्तरताको क्रममा *नुमाफुङ*ले लिम्बुवानलाई तन्काएर दार्जिलिङ्, सिक्किम हुँदै हङकङमा निर्माण हुँदै गरेको एउटा छुट्टै 'लिम्बुवान'सम्म पुऱ्याउन सफल भएको छ । यसरी लिम्बुहरुको राष्ट्रिय पहिचान निर्माण र यस प्रक्रियाको निरन्तरतामा *नुमाफुङ*को उपस्थितिले थपेको योगदान समाज र सिनेमामा समानान्तर रुपमा चासो राख्नेहरुका लागि रुचिको विषय बन्नु पर्दछ ।

*नुमाफुङ* एउटा शैक्षिक मनोरंजन (Edu–tainment) पनि हो । यो सबै तहका आम विद्यार्थीहरुका लागि सिनेमाको उपयुक्त 'मोडल' पनि हो । यो चलचित्र निर्माणका क्षेत्रमा यथार्थपरक चलचित्र निर्माण व्यवसायिक रुपमा पनि त्यत्तिकै सशक्त र प्रशंसनीय हुनसक्छ भनेर 'मूलधारका' भिडहरुलाई 'वैकल्पिक' धारको एउटा गतिलो पाठ पढाइ पनि हुन सक्दछ ।

तर यस्तै चलचित्र मूल धारको चलचित्रको रुपमा स्थापिय हुन सक्ला त ? यो प्रश्नचाहिं चलचित्र क्षेत्रभन्दा बाहिर राज्यले अंगीकार गर्ने सांस्कृतिक नीति र राष्ट्रको अर्थ-राजनीतिमा खोज्नुपर्ने हुन्छ । तसर्थ, यो विशुद्ध वैचारिक र राजनैतिक विषयवस्तु हो । यद्यपि 'नुमाफुङ' वा 'मुकुण्डो'हरु बनाएर नवीन सुब्बा र छिरिङ्ग रीतारहरु अघि बढिरहन सक्ने अवस्थाको निर्माण चाहिं नागरिक समाजले पनि गर्न सक्दछ । ❑

# हाम्रो ध्यान चुनावमा भन्दा पनि मुलुकको वर्तमान समस्यातर्फ केन्द्रित छ

माधवकुमार नेपाल

**❑ प्रधानमन्त्री शेरबहादुर देउवाले संसद विघटन गरेर चुनावको घोषणा गरिसकेपछि फेरि ३ महिनाको लागि संकटकाल पनि घोषणा गर्नुभएको घटनालाई तपाई कसरी हेर्नुहुन्छ ?**

– संकटकाल थप्न र माओवादी समस्या समाधान गर्न संसदमा सामना गर्नु परेको चुनौती र अप्ठेरो छल्न तथा पार्टीभित्र देखापरेको द्वन्द हल गर्नको लागि प्रधानमन्त्रीले अपनाएको तरिका हो यो । संकटकाल नै माओवादी समस्या हल गर्ने उपाय हो र सेना परिचालनको लागि संकटकालको आवश्यकता छ भन्ने सरकारले व्याख्या गरिरहेको छ । त्यो व्याख्या विल्कुल गलत छ र हामीलाई मान्य छैन । माओवादीमाथि आक्रमण गर्नको लागि संकटकालको आवश्यकता नै पर्दैन । संकटकाल नहुँदा पनि सेनाले त्यो काम गर्नसक्छ ।

माओवादीसँग वार्ता गरिरहेको बेलामा सरकारसँग समस्या समाधान गर्ने कुनै पनि योजना थिएन र निकासको लागि कुनै सोच पनि बनाइएको थिएन । वार्तामा माओवादीलाई अलमल्याइएको थियो । माओवादीले पनि वार्ता भंग गरेर जाने, अरू पार्टीहरूसँग छलफल नगर्ने, जनतालाई आग्रह नगर्ने कुरा हेर्दा उनीहरूले पनि बेठीक नै गरेका हुन् । तर अहिले त उनीहरू शान्तिपूर्ण राजनैतिक निकासबाट समस्या समाधान गर्न र वार्ता गर्न चाहिंरहेका छन् । यो कुरामा सरकारले सकारात्मक प्रतिक्रिया व्यक्त गर्नुपर्दथ्यो । तर यसो नगरेर वार्ताको सम्भावना छैन, माओवादीले हतियार बुझाएमा मात्र वार्ता गर्न सकिन्छ भनेर सरकारले एक पक्षीय र अनावश्यक माग गरिरहेको छ । वास्तवमा अहिले शान्ति वार्तालाई विथोल्ने र अवरोध खडा गर्ने काम संकटकालको घोषणाले र प्रतिनिधि सभा विघटन गर्ने निर्णयले गर्न पुगेको छ ।

संसद भंग गर्ने र चुनावको घोषणा गर्ने जुन काम गरेको छ, त्यो सरकारले ठण्डा दिमागले सोचेर गरेको छैन । त्यो काम आक्रोशपूर्ण र आवेशपूर्ण तरिकाले गरिएको देखिन्छ । 'प्रधानमन्त्रीको कुर्सी जान थाल्यो त्यसले गर्दा संसद भंग गरें' भनेर संसद भंग गरिएको छ । के प्रधानमन्त्रीको कुर्सी गयो भन्दैमा संसद भंग गर्न पाइन्छ ? यसले वर्तमान परिस्थितिमा प्रजातन्त्र र संविधानमाथि के असर पर्छ ? चुनाव हुन सकेन भने देशमा के असर पर्छ ? प्रधानमन्त्रीले यी सवालबारे सोच्नु पर्दैन ?

तर अहिले चुनावको घोषणा भइसकेको छ । संवैधानिक संकट नआओस्, चुनाव समयमा होस्, चुनाव धाँधलीरहित र निष्पक्ष होस्, चुनावले जटिलता खडा गर्न नपाओस् भन्नेतिर हामीले जानुपर्छ । यसरी सहज निकासमा गयौं भने त्यसले सिंगो मुलुकको समस्या हल गर्नेतिर मद्दत पुऱ्याउँछ भन्ने हामी ठान्दछौं ।

**❑ अहिले देशका आधाभन्दा बढी जिल्लाहरूमा सदरमुकामबाहेक अन्यत्र सरकारको उपस्थिति देखिँदैन । यो स्थिति छिट्टै हट्न सक्ने पनि देखिँदैन । के यस अवस्थामा चुनाव हुन संभव छ ?**

– संसद विघटन गर्नुमा शेरबहादुरको नियत नै ठीक थियो वा थिएन, त्यो हेर्न नै बाँकी छ । तर उहाँले यो कदम यति हठात्, आकस्मिक र अप्रत्यासित रूपले चाल्नुभयो कि त्यसले सबैको मनमा अनेकौं शंका उपशंकाहरू उब्जाइदिएको छ । चुनावसँगसँगै संकटकालको पनि घोषणा भएको छ । यो एकआपसमा मेल खानै नसक्ने कुरा हो ।

अहिलेको यो अवस्थामा पहिलो कुरा त यो चुनाव नै हुन सक्छ कि सक्दैन ? चुनाव भएमा पनि निष्पक्ष र धाँधलीरहित हुनसक्छ कि सक्दैन भन्ने आशंका उठिरहेको छ र त्यो आशंका जायज छ । सेना परिचालन गर्ने, माओवादीलाई तह लगाउने, त्यसपछि जसरी भए पनि चुनाव गराइछाड्ने भन्ने सोचाई लिएर सरकारले यो कदम चालेको देखिन्छ । हाम्रो प्रश्न छ- मारेरै, सिध्याएरै समस्या समाधान गर्ने सोच किन राखियो र के यो समाधान यथार्थमा संभव छ ? वार्ताको वातावरण देखिएको बेलामा त्यो विधिचाहिं किन प्रयोग गर्न खोजिएन ? यसमा हाम्रो जोडदार प्रश्न छ । अर्को कुरा, चुनावको घोषणा गरेको अवस्थामा शान्तिपूर्ण राजनैतिक माहौल सृष्टि गर्नुपर्दथ्यो । जे भए तापनि शंका उब्जिसकेको छ । अब यसलाई दूर गर्ने काम शेरबहादुरको हो ।

त्यस्तै गरेर माओवादीहरूले पनि देशमा जति जटिलता थपिदियो उति आफूलाई फाइदा हुन्छ भन्ने कुरा सोच्नु भएन । जटिलताको फाइदा अरूले पनि उठाउँन सक्छन् । त्यसैले माओवादीहरूले पनि यो वातावरणलाई सहज दिशामा लानको लागि भूमिका खेल्न सक्ने हो भने देशलाई एउटा नयाँ निकासको दिशामा लानको लागि मद्दत पुऱ्याउँछ भन्ने हामीले ठानेका छौं ।

अहिले त हाम्रो ध्यान चुनावमा भन्दा पनि मुलुकको वर्तमान समस्यातर्फ केन्द्रित छ । हामी अहिले सिंगो राष्ट्रिय वातावरणको अध्ययन गर्न गइरहेका छौं । अध्ययनबाट दृश्य स्पष्ट भएपछि मात्र त्यसलाई हेरेर हामी अगाडि बढ्छौं । र, अरू राष्ट्रिय शक्तिहरूसँग पनि परामर्श गरेर हामी अघि बढ्न चाहन्छौं । मुलुकमा देखापरिरहेका समस्याहरूको समाधानको लागि साझा सहमति र समान धारणा भएकाहरूको बीचमा छलफल परामर्श हुनुपर्छ र एउटा निश्कर्षमा पुग्नुपर्दछ भन्ने हामी ठान्दछौं ।

**❑ संकटकाल थप्न नदिन सबै पार्टीहरूले प्रमलाई दवाब दिएपछि उहाँले संसदको विघटन गरेर चुनावको घोषणा गर्नुभयो । यसैको विरूद्धमा कांग्रेसको सभापति गिरिजाप्रसाद कोइराला संघर्ष गर्दै हुनुहुन्छ । तपाईहरू भने संयुक्त संघर्षलाई चटक्कै छाडेर चुनावको समर्थन गरेर जानुभयो । यो अवसरवाद भएन र ?**

– हामी संघर्षलाई छाडेर गएका नै छैनौं । हामी राष्ट्रियता, प्रजातन्त्र र जनताको पक्षमा संघर्ष गर्ने ठाउँ र बाटोमा निरन्तर छौं । संघर्षलाई छोड्ने प्रश्नै उठ्दैन । संघर्षको कस्तो रूप अपनाइरहेका छौं भन्ने बेग्लै कुरा हो । फेरि अरूले मात्र के नै गरेका छन् र हामीले नगरेको भन्नलाई ?



**❑ अहिले मानिसहरू के भनिरहेका छन् भने यो चुनावमा एमालेको बहुमत आउँछ र सरकार गठन गर्न पाइन्छ भन्ने लोभले तपाईहरू हत्तनपत्त चुनावलाई समर्थन गरेर जानुभएको हो । यसमा तपाई के भन्नुहुन्छ ?**

– मान्छेहरू यसो भनिरहेका छैनन् । मानिसहरू त कांग्रेस बदनाम छ, देश धेरै बिग्रिसकेको छ, कांग्रेसको विकल्पमा अब एमाले आउनुपर्छ, देशलाई सम्हाल्नको लागि एमालेले जिम्मेवार ढंगबाट चल्नुपर्छ भनिरहेका छन् । हामी त्यहीअनुरूप चलिरहेका छौं, हिंडिरहेका छौं र मुलुकको बारेमा चिन्तित छौं । त्यसैले यो एमाले लोभ, लालच र स्वार्थबाट चल्छ भन्ने सोचाई स्वस्थ मनस्थितिबाट सोच्नेहरूको सोचाई हो जस्तो मलाई लाग्दैन ।

❑ **तपाईंले संकटको निकास चुनावपछि गठन हुने एमलेको बहुमतको सरकारले मात्र दिनसक्छ भनेर ढुक्कसँग दावी गर्नुभएको छ । के मौजूदा हालतमै चुनाव भएमा एमालेको बहुमत आउँछ ?**

– हामी यसमा ढुक्क छौं । यो जनताको पनि निष्कर्ष हो । सबै जनताको निष्कर्ष छ- अबको विकल्प एमाले हो । एमाले नफुटेको भए २०५६ सालको चुनावमा नै एमालेको बहुमतको सरकार बन्थ्यो । कांग्रेसकै मान्छेहरू भन्न थालेका छन्- अब त एमालेलाई मौका दिनुपर्छ । मुलुकको जति पनि जटिलता र समस्याहरू छन्, त्यसको अरू कसैले समाधान गर्न सक्दै सक्दैनन् । त्यसको समाधान गर्ने क्षमता भएको पार्टी भनेको एमाले नै हो । ९ महिनाको एमालेको सरकारको समयमा पनि हामीले मुलुकलाई कुन दिशातिर लाने हो भन्ने संकेत दिएका थियौं र जनताको विश्वास पनि जितेका थियौं । आगामी दिनमा पनि मुलुकलाई सही दिशातिर लाने क्षमता एमालेमै छ । यो यथार्थ हो ।

❑ **अहिले निष्पक्ष चुनाव होला भन्ने कुरामा व्यापक शंका रहेको यो स्थितिमा निष्पक्ष चुनावको पूर्वाधारको लागि संकटकालको अन्त्य, युद्धविराम, वार्ताबाट संकटको निकाशको खोजी र सर्वदलीय अन्तरिम सरकारको गठनको माग राखेर सशक्त संयुक्त आन्दोलन उठ्नुपर्ने होइन र ?**

– पहिलो कुरा त संसद विघटन गर्नुभन्दा पहिले शेरबहादुरले सल्लाह गर्नुभएको भए सर्वदलीय अन्तरिम सरकारको संवैधानिक बाटो हुन्थ्यो । अब त शेरबहादुरजीलाई हटाउन गाह्रो छ । यस अवस्था र परिवेशमा शेरबहादुरजीको मातहतमा बनेको सरकारमा जाने सम्भावना छैन । एमाले पक्कै पनि त्यो सरकारमा जाँदैन । आन्दोलनबाट यस्तो सरकार बनाउन सकिन्छ भन्ने कुरा पनि यो ६ महिनामा चुनाव हुन नदिनु हो । ६ महिनामा चुनाव हुन नसक्नुको अर्थ संवैधानिक अवरोध खडा गर्नु हो । यसले कसैलाई फाइदा पुऱ्याउँदैन ।

जहाँसम्म माओवादी समस्या हल भइदिए हुन्छ भन्ने कुरा हो, वार्ता गर्न सरकार मान्दैमान्दैन । माओवादीहरू पनि 'भौतिक संरचना ध्वस्त नगर, विभिन्न राजनैतिक विचारका कार्यकर्ताको हत्या नगर' भन्दा मान्दै मान्दैनन् । अब के गर्ने ?

❑ **माओवादीसँग पहिले वार्ता गरेर संकटको समाधान गर्ने र माओवादीलाई पनि राष्ट्रिय राजनीतिमा ल्याउने वातावरण तयार गरेर चुनावमा जानु बढी राम्रो हुन्थ्यो कि संकट यथावत् राखेर चुनाव गराउने र चुनावपछि वार्ता गर्ने ?**

– राम्रो त शेरबहादुरकै सरकार भए पनि संकट समाधान भएर एकजना पनि मान्छे नमरोस् भन्ने हो ।

❑ **तपाईंले माओवादीसँग वार्ता गर्न, संकट हटाउन सरकार चाहिरहेको छैन भन्नुभयो । यो समस्या समाधान गर्न नौ वाम र ७ संसदीय दलहरू बसेर एउटा राष्ट्रिय सहमति बनाउने र संयुक्त संघर्ष गर्ने गृहकार्य शुरू गर्नुभएको थियो र खुलामञ्चबाट यसको घोषणा पनि गर्नुभएको थियो । अब के अहिले त्यो राष्ट्रिय सहमति र संयुक्त संघर्षको आवश्यकता नै नभएको हो ?**

– हामी त्यस दिशामा अगाडि बढेका पनि हौं । त्यतिबेला त हामीले सात पार्टीको बैठकमा शेरबहादुरजीलाई पनि ल्याउने सोचेका थियौं । तर अचानक नयाँ घटना घट्यो र नयाँ परिस्थिति उत्पन्न भयो । अहिले शेरबहादुरजी र गिरिजाप्रसाद कोइराला आमने-सामने पर्ने चाहनुहुन्न । यो वातावरण साम्य भएपछि मात्र यसलाई फेरि संचालन गर्न सकिन्छ । अर्को कुरा, यदि माओवादीको रवैया सकारात्मक भइदिएको भए पनि सरकारलाई दवाब दिन पनि सकिन्थ्यो । तर उसको रवैया पनि सकारात्मक र विश्वासिलो भइरहेको छैन । विश्वासको वातावरण बन्न थाल्यो भने हामी अवश्य पनि आफ्नो ठाउँबाट खेल्नुपर्ने भूमिका खेल्छौं ।

**हाम्रो प्रश्न छ- मारेरै, सिध्याएरै समस्या समाधान गर्ने सोच किन राखियो र के यो समाधान यथार्थमा संभव छ ?**

❑ **एकातिर तपाईहरूले चुनावी सरकारमा जान र चुनाव गराउन प्र.म. शेरबहादुरसँग भित्रभित्रै मिलिभगत पनि गरिरहनुभएको छ, अर्कोतिर गिरिजा र अन्य पक्षसँग सहकार्य पनि गरेर दोहोरो नीति अपनाइ रहनुभएको छ भन्ने शंका चारैतिर भइरहेको छ । वास्तविकता के हो ?**

– मैले माथि पनि भनिसकें, शेरबहादुरजीको सरकारमा हामी जाँदैनौं । त्यस सम्बन्धमा उहाँ र कांग्रेसका कुनै मन्त्रीसँग कुनै कुरा भएको पनि छैन । हामीलाई शेरबहादुरको रवैया नै ठीक लागेको छैन । जहाँसम्म ७ र ९ पार्टीहरूसँगको सम्बन्ध हो, त्यो सम्बन्ध अहिले पनि कायम छ र त्यसलाई अझै निरन्तरता दिन चाहन्छौं ।

❑ **यदि सरकारले कुनै पनि हालतमा चुनाव गर्न सकेन भने राजनैतिक स्थिति कुन दिशातिर जान्छ ?**

– देश अत्यन्तै जटिल दिशामा जान्छ । संवैधानिक संकट खडा हुन्छ । त्यसपछि देशमा अन्यौलको स्थिति खडा हुन्छ । त्यसको निकास के हुन्छ भन्न सकिँदैन ।

❑ **त्यसो हुन नदिनको लागि गरिनु पर्ने तात्कालिक काम के हुन्छ त ?**

– त्यसो हुन नदिनको लागि पार्टीहरूको काम हुन्छ- माओवादीलाई वार्तामा ल्याउनु वा हतियार बिसाउन दिनु, सरकारलाई पनि युद्धविरामको लागि सकारात्मक जवाफ दिन लगाउनु, संकटकाल तत्काल हटाउन लगाउनु र त्यसपछि अरू कुनै निकास छ भने त्यसतर्फ अगाडि बढ्नु ।

❑ **यतिबेला देशमा विदेशी चलखेल र प्रत्यक्ष वा संवैधानिक चलखेलको खतरा कत्तिको देख्नुभएको छ ?**

– हाम्रो देशको आन्तरिक समस्या हामी नै शान्तिपूर्ण ढंगबाट समाधान गर्न चाहन्छौं । यसमा विदेशीको हस्तक्षेप पटक्कै चाहँदैनौं । अहिले देशभित्र बाहिरबाट सैनिक टोलीहरू र सैनिक सहयोगका ट्रकहरू आउन थालेका छन् । यो त्यतिमै सीमित नभएर भोलि नेपालको सार्वभौमिकतामै आँच पुऱ्याउने घटनासमेत घट्ने हो कि भन्ने आशंका छ । युद्धका व्यापारीहरू नेपाललाई संकटमा फँसाएर फाइदा उठाउन चाहिरहेका छन् । त्यस्तै गरेर शेरबहादुरजीको कदमले देश प्रतिगमनको दिशातिर गइरहेको छ भन्ने शंका र अन्यौल उत्पन्न गरेको छ ।

त्यसैले देशमा बाह्य हस्तक्षेप हुन नदिन र देशलाई प्रतिगमनको दिशातिर जान नदिन माओवादीसंग हाम्रो अनुरोध छ-युद्धबाट समस्याको समाधान हुन सक्तैन । यसले देशमा झन् समस्या थप्छ । किनभने संस्थापन पक्षले अन्तरराष्ट्रिय सम्पर्कलाई उपयोग गरेर युद्धको बढी तयारी गर्न सक्छ, असीमित मात्रामा सैन्य सामग्रीहरू ल्याउन सक्तछ, सेनाको बिस्तार गरेर नेपाली जनतालाई भुटेर देशलाई तहस-नहस गर्न सक्तछ । त्यस दिशातिर देश नजाओस् भनेर सोच्नु पऱ्यो । सरकारी पक्षलाई पनि हामी भनिरहेका छौं- विदेशीको सहारामा र युद्धबाट मात्रै देशको संकट हल गर्ने सोच नराखेर शान्तिको संभावनालाई उपयोग गर्ने कुरामा लाग्नु पर्दछ । अन्यथा यसले राष्ट्र र जनतालाई घाटा हुन्छ ।

❑ **अहिले स्थानीय निकायहरू विघटन गर्ने निर्णय भइसकेको कुरा आएको छ भन्ने कुरा सुनिन्छ । यदि विघटन भयो भने तपाईंहरूलाई स्वीकार्य हुन्छ ?**

– स्थानीय निकायको म्याद सकिँदैछ । संसदीय चुनावको घोषणा भइसकेको छ । ठीक छ- सरकारले एकैचोटी दुवैको चुनाव गरिदेओस् । यदि समयमा चुनाव हुन सकेन भने एक वर्षको लागि विद्यमान निकायलाई नै म्याद थप गर्न सकिने व्यवस्था कानूनमा छ । त्यो प्रावधान लागु हुनुपऱ्यो । किनभने कानूनमा पहिलो कदम चाल्नुपर्ने जुन कुरा लेखिएको छ त्यो लागु हुन नसक्ने अवस्था विद्यमान छ भने मात्रै अन्य कदम चाल्न सकिन्छ । त्यसैले पहिलो कुरा यसैले निरन्तरता पाउनुपर्दछ । यो नै कानूनको भावना हो र व्याख्या पनि हो । ❑

*प्रस्तुति : मुक्ता श्रेष्ठ*

# के गर्नु जरूरी छ पार्टीहरूले यतिबेला ?

डा. देवेन्द्रराज पाण्डे



२०४६ सालमा पंचायती व्यवस्था अन्त्य गरेर बहुदलीय व्यवस्था ल्याउन आन्दोलन गरिएको थियो । त्यसमा हामी सफल पनि भयौं । तर बहुदलीय प्रजातान्त्रिक शासन व्यवस्था स्थापना गर्ने उद्देश्यको अन्तिम लक्ष्यबारे चैं राजनैतिक पार्टीहरू र जन आन्दोलनमा समर्पित शक्तिहरूले त्यति बेला र अहिले पनि ध्यान दिएनन् । हुन त म आफू प्रजातन्त्रलाई आफैंमा एउटा शास्वत मान्यता अथवा साध्य हो भन्छु । हुन पनि समाज विकासको क्रम वा सन्दर्भमा प्रजातन्त्रलाई सभ्य समाजको पर्यायको रूपमा लिए नै हुन्छ । तर हाम्रो जस्तो पछौटे र आर्थिक सामाजिक विविधता भएको समाज, शोषित उत्पीडित जनता बहुसंख्यामा भएको मुलुकमा राजनीतिक प्रजातन्त्रलाई साध्य मात्र बनाएर पुग्दैन । हाम्रो देशमा प्रजातन्त्र समाजको आमूल विकासको निम्ति साधन पनि हुनुपर्छ । त्यही व्यवस्थामार्फत नै हाम्रो समाजले, शासक वर्गले र चेतनशील समुदायले हाम्रा विविध समस्याहरूको समाधान गर्ने र उन्नति गर्ने मार्ग प्रशस्त गर्नुपर्छ । अनि मात्र शोषित पीडित जनताको समस्या समाधानको लागि हिंसात्मक वर्ग संघर्ष चाहिदैन भन्ने कुरा व्यवहारमा सावित गर्न सकिन्छ ।

विगत १२ वर्षमा हाम्रो सरकार, पार्टीहरू यही बाटोमा हिड्नु पर्ने थियो, तर हिडेनन् । मार्क्सवादी, लेनिनवादी पार्टी भनिने एमाले वर्ग संघर्ष र हिंसाको बाटो छोडेर बहुदलीय जनवादको बाटो लिएर हिडेको पार्टी हो । र, थोरै समयको लागि भएपनि सत्ता चलाएको र सँधै नै प्रमुख प्रतिपक्षमा रहेको पार्टी हो । समाजलाई अगाडि डोऱ्याउनको लागि संसदीय व्यवस्थामा प्रतिपक्ष पार्टीको कम भूमिका हुन्छ भन्न सकिन्न । त्यसैले उसले त्यस दिशामा प्रतिवद्धता जाहेर गरेर सडक र संसदको संघर्षद्वारा बांछित परिवर्तन ल्याउन प्रभावकारी भूमिका खेल्न सक्नु पर्दथ्यो, तर खेलेन ।

त्यस्तै गरेर जन्मजात नै प्रजातान्त्रिक समाजवादको सिद्धान्त बोकेको नेपाली कांग्रेस त झनै त्यस दिशातिर लाग्नु पर्ने थियो । मार्क्सवादीहरूले भन्ने गरेजस्तो उदारवादी प्रजातान्त्रिक संरचनाले शक्ति सम्पन्न वर्गको मात्रै भलो गर्छ, सर्वहारा र विपन्न वर्गको हित गर्दैन, राज्य संयन्त्र उनीहरूलाई सुविधा दिन उपयोग नगरी दमन गर्नको लागि मात्र उपयोग गर्छ भन्ने सिद्धान्तलाई गलत हो भनी सावित गर्न नेपाली कांग्रेस लागिदिनु पर्ने थियो । तर, उसले पनि त्यस्तो गर्न सकेन । कट्टर समाजवादी वा कम्यूनिष्ट सिद्धान्तमा जस्तै आजको व्यवस्थामा सम्पूर्ण उत्पादनका सामग्रीहरू, उत्पादनका साधनहरू राज्यको नियन्त्रणमा ल्याउने, सबै राष्ट्रिय सम्पति चलाएर, खेलाएर विपन्न वर्ग र सर्वहारा वर्गको हितमा लगाउने कुरा संभव थिएन र छैन पनि । त्यसो नगरेता पनि राज्यको शक्ति र राज्यले उठाउने राजस्वदेखि लिएर प्राकृतिक स्रोत र साधनहरूको प्रयोगलाई सर्वहारा वर्ग, शोषित-उत्पीडितहरूको कल्याणको लागि क्रमश निश्चित गर्न सकिन्थ्यो ।

२०४७ सालमा बनेको नेपाल अधिराज्यको संविधानको निर्देशक्र सिद्धान्त र नीतिमा समतामूलक, अग्रगामी दृष्टिकोण राखिएको न्यायपूर्ण आर्थिक-सामाजिक कार्यक्रमहरू लागू गर्नु पर्ने कुरा उल्लेख पनि भएको छ । यसरी संविधानले नै दिएको मार्ग निर्देशनलाई जुनसुकै पार्टीहरू सत्तामा आएपनि अंगिकार गरेर जानु पर्थ्यो । तर कुनै पनि पार्टीहरूले यो सिद्धान्तलाई अंगिकार गरेनन् । सत्ताको निम्ति हुने प्रतिस्पर्धा त यस प्रजातान्त्रिक व्यवस्था अन्तर्गत अग्रगामी नीतिहरू कसरी लागू गर्न सकिन्छ, प्रजातन्त्र अन्तर्गत आम जनताको लागि उपयोगी र सार्थक हुने व्यापक किसिमको परिवर्नत कसरी गर्न सकिन्छ भन्ने कुरामा हुनु पर्थ्यो । तर ती कुरामा प्रतिस्पर्धा नै भएन । यसैको फलस्वरूप देश प्रगतिको दिशातिर लाग्न सकेन । त्यसको उल्टो अधोगतिको दिशातिर लाग्यो । यसैले गर्दा पनि देशमा माओवादी विद्रोह उत्पन्न भयो र आज यसले देशलाई झन् तहस नहस पार्दैछ, राजनीतिक हिसावले, आर्थिक हिसावले र मानवीय हिसावले पनि ।

यो संकट समाधान गर्नको लागि देशमा भएका सबै पार्टीहरू अव बढी सजग, सचेत र इमान्दार हुन खोजेको हो कि भन्ने लक्षण हालै देखिन थालेको थियो । जेठ ८ गतेअघि यी पार्टीहरू माओवादी समस्या समाधान बारेमा पनि एउटा सहमतिको विन्दुमा आइसकेका देखिएका थिए । ६ वर्षदेखिको हिंसात्मक अभियानबाट आक्रान्त नेपाली जनताहरू माओवादीसँग वार्ता गरेर समस्या समाधान गर्नु पर्छ भन्ने कुरा चाहिरहेका थिए । माओवादी पार्टीले पनि खासगरी गत वर्षदेखि जुन बर्वरता र हिंसा अपनाइरहेका थियो, र हालै झन् विकासका संरचनाहरूको पनि विनाश गर्दै थियो, त्यसमा लचिलो र नरम भएर आएको आभाष पाइएको थियो र उनीहरू वार्तामा आउन चाहिरहेका देखिन्थे । यही समयमा प्रम शेरबहादुर देउवाले संसद विघटन गरेर मध्यावधि चुनावको घोषणा गरे । यो कदमले राजनीतिक विवादलाई चरमचुलीमा पुऱ्याएको छ । यसले प्रजातान्त्रिक

**नेताहरूले 'बाटो बिरायौं' भनेर आउनु पर्छ**



२०४६ सालमा भएको जनआन्दोलनको सफलतापश्चात् निस्केको विजय जुलुसमा रमाउँदै नेपाली जनताहरु

**आन्दोलनमा हामी सफल भयौं । तर यो व्यवस्थाको अन्तिम लक्ष्यबारे चैं आन्दोलनमा समर्पित शक्तिहरूले त्यति बेला र अहिले पनि ध्यान दिएनन् ।**

विकासलाई सघाउँछ कि अझ बढी संकटमा पार्छ भन्ने प्रश्न पनि सबैको मनमा छ, चिन्ता पनि छ ।

अर्कोतिर, विभिन्न कारणले गर्दा वार्ता गर्न रूचि नभएर पनि सरकारले त्यस प्रकारको संसद विघटन गर्ने नीति अवलम्बन गरेको हो कि भन्ने कुरा पनि हामीले सोच्नु पर्छ । सेनाकै परिचालन गरेर माओवादी समस्या टुंग्याइहाल्छौं भन्ने विचार गरेर सरकारले यो कदम उठाएको हो भने सेनाकै मुखबाट पनि आखिर यो समस्या टुंगिने त वार्ताबाटै हो भन्ने कुरा नआएको होइन । त्यसो भए जुन कुरा नभई हुँदैन, त्यसलाई चाँडै गर्दा राम्रो हुने होइन र ? वार्ता चाँडै भएको खण्डमा कम मान्छे मारिन्थे र कम रगत बग्थ्यो । वार्ताबाट शान्ति स्थापना भएमा चाँडै नै सबै नेपाली फेरि एकतावद्ध भएर देश विकासको लागि लाग्न सकिन्थ्यो । अनि विदेशीको चलखेल पनि कम हुथ्यो । आफ्नो जनताको विश्वास भन्दा विदेशी शक्तिहरूको भरथेग खोज्ने प्रवृत्ति राणाकालीन इतिहास हो । यो कुरा प्रजातान्त्रिक मुलुकको यथार्थ हुन सक्दैन । विदेशीको भरमा मात्र क्रान्ति, शान्ति, विकास हुने भए राणा शासनपछिको ५२ वर्षमा पनि भइसक्थ्यो । वास्तवमा यो कुरा सरकारले मात्र होइन, माओवादीहरूले पनि बुझ्न जरूरी छ ।

अर्को कुरा, माओवादीले हतियार बुझाएर आएमा मात्र ऊसँग वार्ता गर्न सकिन्छ भनेर सरकार भनिरहेको छ । वार्ताको निम्ति माओवादीले हालै देखाएको चासोमा पुरै भर गर्न मिल्दैन र वार्ताको लागि उनीहरूले हतियार बिसाउनु पर्छ भन्ने कुरा जायज छ । तर हतियार नै बुझाइसकेपछि त आत्मसमर्पण गरेको भइहाल्यो नि । हामीले माओवादीसँग तुरून्त यस्तो कुराको अपेक्षा गर्न मिल्छ कि मिल्दैन ? त्यतापनि विचार गर्नु पर्छ । पहिलो माग त युद्ध विरामको हुनु पर्छ भन्ने मलाई लाग्छ । माओवादीको जनयुद्धको विरोधमा उत्रेको शाही सेनाले माओवादीलाई ध्वस्त पारिदिने र बचे खुचेकाहरूलाई आत्मसमर्पण गराउने योजना हो भने, त्यो बेग्लै कुरा हो । तर माओवादीहरूको कतिपय ज्यादती हुँदाहुँदै पनि मुलुकलाई छिटो भन्दा छिटो शान्ति र विकास आवश्यक छ भने वार्ताको निम्ति दुवै पक्ष व्यवहारिक रूपमा प्रस्तुत हुनु पर्ने होइन र ?

यसको साथै अर्को एउटा संवेदनशील कुरा पनि छ । त्यो कुरा हो - मैले बुझेसम्म माओवादीलाई वार्तामा आऊ भनेकै राष्ट्रिय राजनीतिको मूल प्रवाहमा आऊ भनिएको हो । उनीहरूले राखेको ४० वटा मागहरू मध्ये ३७ वटा माग ठीक छ भन्ने कुरा यहाँको ठूलो जमातले स्वीकारेको नै थियो । त्यसरी धेरैजसो ठीक माग राखेर आउने माओवादीहरू अब हिंसा र विनाश छोडेर मूलधारमा आउँछन् भने तिनलाई ल्याउने प्रयास गर्नु राम्रो कुरा होइन र ? यदि उनीहरूलाई मूलधारमा ल्याउने हो भने उनीहरूको एकै ढिक्कालाई ल्याउनु पर्छ । तर युद्धमा परास्त पारेर सिध्याउनु, हतियार बुझाएर वार्तामा आऊ भन्नुको अर्थ चैं एउटा खेमालाई मात्र ल्याउन खोज्नु पनि हुन्छ । एउटा खेमा मात्र आउनुको त अर्थ नै रहदैन । बाँकी अरूले त युद्ध चलाई नै रहन्छन् ।


त्यसैले संसद विघटन भएपनि माओवादीसँगको वार्तालाई गौण बनाइनु हुँदैन । त्यसबारेमा राष्ट्रिय पार्टीहरूले विचार पुऱ्याउनु पर्थ्यो । अहिलेको घडीमा अति महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने पार्टी एमाले नै अल्पदृष्टिदोषबाट ग्रसित देखिन्छ । व्यवहारिक राजनीतिको पक्षधर भएर होला, सबभन्दा बढी चुनावमा जान ऊ नै हतारिएको छ । ऊ एकातिर अहिलेको अवस्थामा कसरी चुनाव हुन्छ पनि भनिरहेको छ, अर्कोतिर चुनावलाई स्वीकारेर पनि गएको छ । यो त अन्तरविरोधी कुरा भयो । यो कुरालाई अहिले राष्ट्रिय मानव अधिकार आयोगले समेत सकारेको छ र सरकारलाई खवरदारी गरेको छ । एमालेजस्तो पार्टीले त पहिले यो यो कुराहरू हुनुपऱ्यो, अनिमात्रै हामीलाई चुनाव स्वीकार्य हुन्छ भन्ने ठोस कुरा अगाडि ल्याउनु पर्थ्यो । जस्तो संकटकाल अन्त्य हुनु पऱ्यो, माओवादीसँग वार्ता प्रयास फेरि शुरू गर्नुपऱ्यो, निष्पक्ष र साँच्चिकै चुनाव हुने कुराको ग्यारेन्टी हुनुपऱ्यो आदि । पहिलेबाटै चुनाव स्वीकार्य भएपछि त अरू यथास्थिति स्वीकार्य हुन केही कुरा नै बाँकी रहँदैन ।

नेपाली काँग्रेसको त झन् कुरा गर्नै नपर्ला । यहाँ पार्टी एकातिर छ आफ्नो सरकार अर्कोतिर छ । आफैंमा ५० औं विरोधाभाष र अन्तरद्वन्दले जकडिएको पार्टी नेपाली काँग्रेसले अहिलेको स्थिति र भविष्यको संकेतलाई आफू समेत सुध्रने अवसरको रूपमा हेर्नु पर्ने हो । सरकारको नेता र पार्टीका नेता दुवै साँघुरो घेराको बन्दी भएका छन् । फेरि, संसदमा विपक्षमा बस्न सधैं डराउने नेताहरूले भरिएको पार्टी कोरा प्रजातन्त्रवादी त हुन सक्दैन भने प्रजातान्त्रिक समाजवादी कसरी हुने ? त्यस पार्टीले यतिका वर्ष सरकार चलायो, प्रधानमन्त्री को हुने भन्ने बारे जहिले पनि झगडा, तर जहिले पनि मन्त्री बन्ने मुख्य व्यक्तिहरू चैं एउटै हुन्छन् । कस्तो विडम्बना ! उनीहरूको क्रियाकलाप जनताले हेरिरहेका छन् । अहिले पार्टीमा सुधार गर्ने जस्ता रूचिकर कुराहरू पनि जनताले विश्वास गर्न सकिरहेका छैनन् । पार्टी एकताको प्रयासलाई पनि जनताले सत्ता नछोड्ने नेताहरूको दाउको रूपमा लिइरहेको छन् । यस परिस्थिति र राम्रा नराम्रा संभावनाहरूको निक्यौंल गर्न र उपचार गर्न ढीला हुन लागिसक्यो ।

अब देशलाई २०४६ को जन आन्दोलनले अपेक्षा गरेको सही दिशातिर डोऱ्याउने हो र जनताको विश्वास लिने हो भने सबै ठूला पार्टीका नेताहरूले हामीले बाटो बिरायौं, अब हामीले त्यसो गर्नेछैनौं भनेर गल्ती स्वीकार गरेर जनतासामु पारदर्शी रूपले आउनु पऱ्यो । यसैगरी माओवादी समस्या समाधान गर्न पनि सबै पार्टीहरूले एकतावद्ध हुने प्रयास छोड्नु भएन । देशको समस्या समाधान गर्न र नेपाल राष्ट्र निर्माण गर्ने अर्को बाटो छैन । ❑

**संसद विघटन भएपनि माओवादीसँगको वार्तालाई गौण बनाइनु हुँदैन**

# विश्व कप :



2002 FIFA WORLD CUP KOREA JAPAN

- सीताराम अग्रहरि

# यस्तो महाभारत कहिल्यै देखिएको थिएन

हाल चालू विश्व कप फुटबल शुरू हुनुभन्दा अघि अर्जेन्टिना र इङ्गल्याण्ड भएको समूह 'एफ'लाई 'ग्रुप अफ डेथ' अर्थात् मृत्युको समूह भनिएको थियो । अर्जेन्टिना, इङ्गल्याण्ड, स्वीडेन र नाइजेरियाजस्ता खतरनाक टिमहरू भएको समूह वास्तवमा 'मृत्युको समूह' थियो नै । तर अब त सबैजसो समूहहरू 'ग्रुप अफ डेथ'सरह भएका छन् ।



स्वीडेन र अर्जेन्टिनाबीचको खेलको एक दृश्य

यो पंक्ति लेखुञ्जेलसम्ममा समूह 'ए'बाट फ्रान्स सजिलै दोस्रो चरणमा पुग्ने गरिएको अनुमान गलत भएको छ । विश्व कपमा पहिलो पटक खेलिरहेको सेनेगलले विश्व च्याम्पियन तथा युरोपियन च्याम्पियन फ्रान्सको तेजोवध गर्दै सारा दुनियाँलाई पहिलो पटक खेल्दैमा हेप्न नहुने ठूलो सन्देश दिएको छ । सेनेगल त्यसै पनि 'पश्चिमी अफ्रिकाको सिंह' मानिन्छ । हुन त सेनेगल बडो मुश्किलले र मात्र गोल अन्तरका कारण मोरक्कोलाई उछिनेर 'क्वालिफाइ' भएको हो । तर त्यसपछि सेनेगलले फर्केर हेरेको छैन । ऊ यस पटक अफ्रिकन नेशन कपको फाइनलमा पुग्यो र मात्र पेनाल्टीमा क्यामरूनद्वारा पराजित भयो । प्रायःजसो सेनेगली खेलाडी फ्रेन्च लिगमा खेल्ने भएको हुनाले र उसको प्रशिक्षक पनि फ्रेन्च भएको हुनाले फ्रान्सले उसलाई सजिलोसँग लिन मिल्दैनथ्यो । नभन्दै फ्रान्स सेनगलबाट पराजित हुनपुग्यो । त्यसपछिका खेलहरूमा पनि फ्रान्सले लगातार हार खानुपर्‍यो । अन्तिम लिग म्याचमा फ्रान्स डेनमार्कबाट २-० को अन्तरले पराजित भएकोले सन् १९६६ मा ब्राजिलपछि विश्वकपको पहिलो चरणमै बाहिरिने प्रथम विश्व च्याम्पियन टिम यो भएको छ । त्यसभन्दा अगाडि सन् १९५० मा तत्कालीन विश्व च्याम्पियन इटाली पनि विश्व कपको पहिलो चरणमै बाहिरिएको थियो ।


तर अहिले समूह 'एफ' बाहेक समूह 'ए'मात्र 'ग्रुप अफ डेथ' बनेको छैन । पोर्चुगाल, पोल्याण्ड, दक्षिण कोरिया र अमेरिका सामेल भएको समूह 'डी' पनि अब 'ग्रुप अफ डेथ'मा परिणत भएको छ । खासगरी अमेरिकाले विश्वकपकै दावेदारमध्ये एक पोर्चुगाललाई ३-२ ले पराजित गरेपछि र दक्षिण कोरियाले युरोपको सशक्त मानिने पोल्याण्डलाई २-० ले पराजित गरेपछि यो समूह पनि अब खुला भएको छ । सोमवार दक्षिण कोरिया र अमेरिकाबीच १-१ को बराबरीपछि पनि यो समूहको अन्योल कायमै छ ।

समूह 'ई'मा जर्मनीले साउदी अरबलाई ८-० ले पराजित गरेपछि लाग्थ्यो- जर्मनी निर्विवाद रूपमा अगाडि बढ्ने छ । तर आयरल्याण्डका रबी किनले अन्तिम क्षणमा जर्मनीलाई १-१ को बराबरीमा रोकेपछि यो समूह पनि 'ग्रुप अफ डेथ' बनेको छ । त्यस पछाडिको खेलमा आयरल्याण्डले साउदी अरबलाई ३-० ले हराएको छ । त्यस्तैगरी उता जर्मनीले क्यामरूनलाई २-० ले पराजित गरेको छ । यसरी समूह 'ई'बाट आयरल्याण्ड र जर्मनी दोस्रो चरणमा प्रवेश गरेका छन् ।

हुन त समूह 'एफ'मा नाइजेरिया बाहिरिइसकेको छ । तर नाइजेरियाले अन्तिम लिग म्याचमा इङ्गल्याण्डलाई पराजित गरेको भए इङ्गल्याण्ड बाहिरिने संभावना थियो । जेठ २९ गतेको खेलमा स्वीडेन र अर्जेन्टिनाबीचको खेल १-१ गोल भई बराबरीमा टुङ्गिएपछि विश्वकपको एक प्रमुख दावेदार अर्जेन्टिना पहिलो चरणबाट बाहिरिएको छ । उता इङ्गल्याण्ड र नाइजेरियाबीचको खेल पनि दुवैतर्फबाट कुनै गोल नभई बराबरीमा टुङ्गियो । यसबाट प्वाइन्टको आधारमा अब ग्रुप 'एफ'बाट विश्वकपको दोस्रो चरणमा स्वीडेन र इङ्गल्याण्ड पुगेका छन् ।

समूह 'जी'मा इटाली अत्यन्त प्रभावशाली खेलका साथ अगाडि बढेको थियो । तर क्रोएसियासँग अप्रत्याशित पराजयले गर्दा (यद्यपि यस खेलमा रेफ्रीको ठूलो गल्ति देखा पर्‍यो) इटालीको भविष्य पनि अनिश्चित देखा परेको छ । सम्भवतः यस समूहको भाग्यको निर्क्यौल गोल अन्तरले हुने









छाँट छ ।

समूह 'एच'मा जापान र बेल्जियम दोस्रो चरणमा पुग्ने दावेदार देखिन्छन् । बेल्जियमविरूद्ध जापानलाई तेस्रो गोल रद्द गर्नु वास्तवमा अन्याय थियो । जेहोस्, यस समूहमा जापान, रूस र बेल्जियमबीच कडा मुकाविला छ । तर रूसविरूद्ध जापानको विजय (१-०) र बेल्जियम तथा ट्युनिसियाको म्याच बराबरीमा टुंगिदा जापान बलियो स्थितिमा पुगेको छ ।

अब दुईवटा समूहमात्र यस्ता छन्, जुन सजिला छन्- समूह 'बी', जसबाट स्पेन र समूह 'सी', जसबाट ब्राजिल दोस्रो चरणमा पुगिसकेका छन् । ब्राजिलको समूहमा एउटै ठूलो बाधा थियो- टर्की । त्यसबाहेक कोस्टारिका र चीनलाई उसले खेलाई खेलाई माथ दियो । यस अर्थमा ब्राजिल भाग्यशाली छ र दोस्रो चरणमा पनि उसको भिडन्त जापान, बेल्जियम, रूसमध्ये एक टिमसँग हुनेछ । यस अर्थमा पनि ऊ भाग्यशाली छ । तर क्वार्टर फाइनलमा उसको मुकाविला इङ्गल्याण्ड, वा स्वीडेनसँग हुनेछ, जुन उसको लागि सजिलो हुनेछैन ।

यस पटकको विश्वकप यस अर्थमा अविस्मरणीय रहनेछ कि प्रथम चरणमै यस्तो फुटबल महाभारत पहिले देखिएको थिएन । फ्रान्स र अर्जेन्टिना पहिलो चरणबाट बाहिरिसकेका छन् भने पोर्चुगाल, इटालीजस्ता टिमको भविष्य पनि यो प्रथम चरणमै अझै अनिश्चित देखिन्छ । कोरिया, सेनेगल, जापान, अमेरिकाजस्ता टिमले ठूला टिमहरूको गणितलाई भताभुङ्ग पारिदिएका छन् । सेमिफाइनलसम्म कुनै नपत्याउँदो टिम नपत्याउँने हिसाबले नयाँ फुटबल शक्तिको रूपमा देखा पर्नसक्छ । कोरिया, जापान, अमेरिका, सेनेगल, टर्की कोही पनि सेमिफाइनलसम्म पुग्ने हैसियत राख्छन् ।

## नेपालको सम्झना

अहिले एउटा प्रचार नेपाल टेलिभिजनमा बडो जोडतोडका साथ देखापरिरहेको छ । एक चाउचाउको विज्ञापनमा एक पूर्वनेपाली स्टार आउँछन् र एउटा बालकसँग भन्छन्- "हामीले त पाएनौं, अब तिमीहरूको पालो ।"

केही दर्शकले यस पंक्तिकारसँग बडो रोचक प्रतिक्रिया व्यक्त गरे, हामीले 'पाएनौं' भन्ने हो कि 'सकेनौं' भन्ने हो ? जिज्ञासा वैध छ । के विश्वकप खेल्न पनि कसैले अनुदानमा देला र ? क्यामरूनका कुरा छाडौं, सेनेगलजस्तो ८८ लाख आवादी भएको गरीब देश, जसको फुटबलको इतिहास पनि हामीभन्दा कान्छो छ, त्यसले विश्वका अरबौं जनतासमक्ष गौरवपूर्ण प्रदर्शनका साथ विश्वविजेता



टिमको मानमर्दन गर्न सक्छ भने हामी किन सक्दैनौं ? किन सकेनौं ? जवाफ आउनसक्छ - राजनीतिक गतिरोधका कारण । केही हदसम्म यो सही हो । राजनीतिज्ञहरूका लागि खेलकूद अप्रतिवद्ध कार्यकर्ताहरूको भर्नास्थल र बाँदरको हातमा नरिवलसरह भएको छ । तर फुटबलका 'गडफादर'हरू पनि कम दोषी छैनन् । व्यक्तिवादी मानसिकताले म मात्र अगाडि जाऊँ भन्ने भावनाले खेलकूदको कहिल्यै विकास हुनसक्दैन । अहिले गणेश थापालगायत एक हूल फुटबल पदाधिकारीहरू विश्वकपमा पुगेका छन् । थापा स्वयम् अनुशासन समितिमा छन् । तर उनले सारा दुनियाँले देख्नेगरी नेपालको उपस्थितिको लागि प्रयास गरेको देखिएन ।

## प्रसङ्ग नेपाली रेफ्रीको

प्रसङ्ग नेपाली रेफ्रीको हो । अहिले विश्व कपमा चाहे सहायक रेफ्री नै होस्, भारत र सबभन्दा सुखद रूपमा माल्दिभ्सजस्तो सानो दक्षिण एशियाली मुलुकका सहायक रेफ्रीले विश्वकपमा भाग लिन पाए । तर आफूलाई फिफाको कृपापात्र ठान्ने एन्फाले कुनै नेपाली रेफ्रीलाई विश्वकपमा पुऱ्याउन सकेन । नेपाली खेलाडीहरू विश्वकपमा पुग्न नसके पनि नेपाली रेफ्रीहरू त्यहाँ पुग्न सकेको भए निश्चय नै नेपालीहरूलाई गौरव लाग्थ्यो । नेपाली रेफ्रीहरू यसका हकदार छन् पनि । श्रीराम रंजितकार, ज्ञानुराजा श्रेष्ठका रूपमा हामीसँग विश्वस्तरीय फिफा रेफ्रीहरू छन् तर उनीहरूका लागि कसले प्रयास गरिदिने हो ?

यहाँ नेपाली रेफ्रीहरूको प्रसङ्गमा एउटा कुरा भन्नै पर्छ, नेपाली रेफ्रीहरू अत्यन्तै निष्पक्ष र इमान्दार छन् र विश्वका कुनै रेफ्रीभन्दा कम छैनन् ।

जहाँसम्म विश्वकपको कुरा छ, स्वर्गीय श्याम श्रेष्ठले सन् १९९१ को चीनमा भएको 'महिला विश्वकप'मा भाग लिएका थिए । यसैगरी छनौट प्रतियोगितामा पनि केही नेपाली रेफ्रीहरूले भाग लिन पाए । तर अरबौं जनताले हेर्ने विश्वकपको कुरै बेग्लै छ ।

## अन्ततः म्याराडोना विजयी

लागू पदार्थ सेवनको रेकर्डका कारण विश्व फुटबलका महान हस्ती डिएगो म्याराडोना जापान प्रवेशबाट वंचित थिए । तर जापानले हालै म्याराडोनालाई जापान प्रवेशको अनुमति दिएपछि म्याराडोनाको महान उपलब्धि विजयी भएको छ । यसअघि जापान सरकारले म्याराडोनालाई प्रवेश अनुमति नदिने घोषणा गर्दा म्याराडोनाले बडो तिक्ततापूर्वक 'जापानमाथि हमला गर्ने र जापानलाई तहसनहस पार्ने (अमेरिकीहरू)लाई भने पस्नदिने र एउटा खेलाडीलाई भने रोक्ने ?' भनी प्रश्न गरेका थिए । उता विश्वकपको सह-आयोजक कोरियाले भने सहर्ष र सम्मानपूर्वक फुटबलका जीवित इतिहास म्याराडोनालाई आफ्नो देशभित्र भित्र्याएर स्वागत गऱ्यो । यता जापानी जनताले पनि बीसौं शताब्दीका यी महान खेलाडीलाई भित्र्याउन दबाव दिँदैरहे । फलस्वरूप जापान सरकारको पनि हृदय परिवर्तन भयो । राजनीतिलाई खेलले जित्यो र म्याराडोना अब जापान आउँदैछन् । अर्जेन्टिनाका जम्मै लिग म्याचहरू जापानमा हुने भएकाले म्याराडोना स्वयं पनि जापान पुग्न उत्सुक थिए । म्याराडोनाको आगमनले संकटमा रहेको अर्जेन्टिनी टिमलाई निश्चय पनि हौसला मिलेको थियो । 'बाटिगोल'को नामले चर्चित अर्जेन्टिनी स्ट्राइकर बाटिस्टुटाले त हाँस्दै भने- "डिएगो खेलेको भए कति राम्रो हुन्थ्यो !" उता म्याराडोनालाई अन्तिम समयसम्म विश्वास थियो, अर्जेन्टिना हारे पनि हार्दैन, अर्जेन्टिना अघि बढ्छ, बढ्छ नै । तर उनको आशा पूरा हुन सकेन । ❑

## १७ औं विश्वकप केही तथ्य



फिफा अध्यक्ष सेप ब्लाटर

◆ जापानले विश्वकपको लागि स्टेडियम निर्माण, सुरक्षा उपाय तथा अन्य तयारीमा दुई अर्ब डलर लगानी गरेको छ । जापानको भन्दा एक चौथाइ अर्थात् ७६५ अर्ब डलर बर्षेनी कूल ग्राहस्थ उत्पादन (जीडीपी) हुने दक्षिण कोरियाले पनि लगभग यतिकै लगानी गरेको छ ।

◆ यी दुवै राष्ट्रले ठूलो लगानीको ठूलो लाभ लिने प्रयास पनि गरेका छन् । जापानले 'ह्याट्रिक ब्रा तथा पेन्टी'को उत्पादन गरी १७०० येन अर्थात् १३० डलरमा बिक्री गर्ने गरेको छ । तर यो त एउटा मात्र उदाहरण हो । खेलकूद अब खेलभन्दा पनि पैसा र ब्यवसायको खेल बनेको छ ।

◆ फिफाको टिकट ब्यवस्था अहिलेको ठूलो आलोचनाको केन्द्र बनेको छ । अव्यवस्थाको कारण डेनमार्क र सेनेगलबीच कोरियामा भएको म्याचमा १५०० स्वयंम्सेवकहरूलाई 'फ्री पास' दिइयो ।

◆ विश्वकपको पूर्वसन्ध्यामा भएको निर्वाचनमा सेप ब्लाटर हुनत पुनः फिफा अध्यक्ष पदमा निर्वाचित भए । तर अरबौं जनताले मन पराएको खेल फुटबललाई ब्लाटरका दुईचार जना गिरोहले चलाइरहेको ठूलो आरोप स्वयं फिफाका (अब निष्काशित) महासचिव माइकल जेन रूफिनेनले लगाए । फिफाको मार्केटिङ निकाय आइ.एस.एल.को टाट पल्टिंदा फिफालाई ३ करोड २० लाख डलरको क्षति पुग्यो । ब्लाटरले भ्रष्टाचार तथा अन्य अनियमितता गरी फिफालाई ५० करोड डलरको क्षति पुऱ्याएको आरोप रूफिनेनले आफ्नो २१ पृष्ठको रिपोर्टमा उल्लेख गरेका छन् । तर आश्चर्यको कुरा, ब्लाटरलाई केही भएनहा रूफिनेन बर्खास्त गरिए । ❑



फोटो : THE HINDU, June- 6, 2002

*आन्ध्र प्रदेश सरकारका दुई प्रतिनिधि र भारतीय माओवादी पार्टी पिपुल्स वार ग्रुपका दुईजना प्रतिनिधिका बीच वार्ता हुँदै गरेको दृश्य*

# आन्ध्र सरकार र पिपुल्स वार ग्रुपबीच वार्ता भयो


विगत ३० वर्षभन्दा बेसी समयदेखि सरकारी र गैर-सरकारी हत्या, हिंसा र आतंकको भूमरीमा फँसिरहेको एउटा भारतीय राज्य- आन्ध्र प्रदेशमा चन्द्रबाबु नायडूको सरकार र भाकपा (माले) - *पिपुल्स वार ग्रुप*बीच पहिलो पटक शान्तिवार्ता शुरू भएको छ ।

*पिपुल्स वार ग्रुप*द्वारा एकतर्फी रूपमा वैशाख २७ गते १ महिने युद्धविरामको घोषणा भएपछि नायडू सरकारले प्रशासनिक दमनका कारवाही खुकुलो गर्ने र शान्तिवार्ताका लागि मञ्जुरी दिने काम गरेको थियो । जेठ २२ गतेदेखि हैदरावादमा भएको पहिलो चरणको शान्तिवार्तामा नायडू सरकारको तर्फबाट मन्त्री के. विजय रामाराव र टी. सीताराम सहभागी भइरहेका छन् भने पिपुल्स वार ग्रुपको तर्फबाट कवि वरवर राव र कलाकार गदरले भाग लिइरहेका छन् ।

वार्ताको क्रममा एजेण्डा र विधि-प्रक्रियाहरूका बारेमा छलफल गरी दोस्रो चरणको वार्ताका लागि विश्वासको वातावरण बनाउने सहमति कायम गरिएको थियो । त्यसका लागि सरकारले *पिपुल्स वार ग्रुप*माथिको प्रतिबन्ध हटाउनु पर्ने वा खुकुलो पार्नुपर्ने, त्यसका विरूद्ध प्रहरी-प्रशासनको परिचालन बन्द गर्नुपर्ने तथा त्यसका नेताहरूको टाउकोको मोल तोक्ने घोषणा फिर्ता लिएर तिनीहरूसमेत शान्तिवार्तामा सहभागी हुने वातावरण बनाउनुपर्ने माग राखेका थिए । जेठ २६ मा दोस्रो चरणको वार्तापछि असार ६ गतेको वार्तामा नक्कली मुठभेडमा हुने हत्या र ग्रुपमाथिको प्रतिबन्धको सवालमा छलफल हुने र मतमतान्तर हुने संभावना छ ।

वार्ता र सहमतिबाट मात्रै हत्या-हिंसाको समस्या समाधान गर्न सकिने जनमत प्रबल भइरहेको स्थितिमा शान्तिवार्ता गर्नु नायडू सरकार र ग्रुपको बाध्यता भइरहको छ । ग्रुपका छापामारहरूले विगत ६ महिना अगाडिदेखि देशी-विदेशी कम्पनीहरू-माथिको आक्रमणलाई तेज पारेपछि नायडू सरकारले विदेशी लगानी भाग्ने संभावना देखेर तर्सिएर प्रशासनिक दमन र शान्तिवार्ताको दोहोरो तरवार चलाउन थालेको हो । त्यस्तै, आफ्ना तीनजना केन्द्रीय नेताहरूका साथै थुप्रै नेता-कार्यकर्ताहरूको हत्या, आत्मसमर्पण, पार्टीत्यागको क्रम तीव्र भएपछि बदलिँदो विश्वपरिस्थितिलाई पनि ध्यानमा राखेर उक्त ग्रुप शान्तिवार्तातिर ढल्किएको देखिन्छ ।

सरकार र ग्रुपको बाध्यता र आवश्यकताजन्य शान्तिवार्ताप्रति दुवै पक्ष साँच्चै नै प्रतिवद्ध भएर सहमति निर्माण गर्ने हो भने जनकल्याणकारी कामहरू गर्नुका साथै हत्या-हिंसा र आतंकको डढेलोबाट जनतालाई मुक्त गर्ने कार्य गर्न सकिन्छ । आशा छ, नायडू सरकार र ग्रुपको वार्ता सफल भएमा त्यसले भारतका उडिसा, प. बंगाल, मध्यप्रदेश र विहारका साथै नेपालमा समेत सकारात्मक असर गर्नेछ । ❑



# अमेरिकाले भारत-पाक युद्ध हुन दिंदैन

आणविक हतियारयुक्त भारत र पाकिस्तानबीचको शत्रुतापूर्ण संघर्षको आगो तातिने र चिसिने क्रमसँगै भीषण युद्धको बारेमा अड्कलबाजीहरू भइरहेका छन् ।

भारतद्वारा १२ लाख सैनिकहरू तैनाथ गरिएको तनावग्रस्त भारत-पाक सीमामा अहिले पाकिस्तानले पनि लगभग त्यत्तिकै संख्यामा आफ्ना सेना तैनाथ गरिराखेको छ । भारत र पाक सैनिकहरूले एक-अर्कालाई ताकेर बन्दूक सोभ्याइरहे पनि शक्तिशाली राष्ट्रहरूमध्ये पनि महाशक्तिशाली राष्ट्र अमेरिका र ब्रिटेनको हुकुम नपाएसम्म तत्काल युद्ध हुने स्थिति चाहिँ छैन । 'स्ट्राट्जिक फोरकास्टिङ' (स्ट्राटफोर) नामक अमेरिकी थिंक टयांक कम्पनीको दावीअनुसार अमेरिकाको सहमति प्राप्त नभएसम्म भारतले पाकिस्तानमाथि आक्रमण गर्दैन ।

भारतमा फासीवादी भारतीय जनता पार्टी (भाजपा)को नेतृत्वमा सरकार गठन र पाकिस्तानमा सैनिक विद्रोहद्वारा सत्तासीन भएका सैन्यवादी जनरल परवेज मुशर्रफको सैनिक शासनको निर्माणपछि दुई देशबीचको संघर्ष कारगिल युद्ध, नरसंहारकारी परमाणु हतियारको निर्माण र आणविक आक्रमण-प्रत्याक्रमणको संभावनासम्म पुगिसकेको छ । यस्तो जटिल स्थितिमा जम्मु-कश्मिर क्षेत्रमा 'पाकिस्तानद्वारा प्रायोजित र निर्देशित' आतंकवादविरूद्ध लड्ने नाममा र गत वर्ष १३ डिसेम्बरमा भारतीय संसदमाथि आक्रमण गर्ने आतंकवादीहरूलाई सजायँ दिने निहुँमा भारतीय शासकहरूले तुरुन्तै 'प्रतिआतंकवादी युद्ध' संचालन गर्न खोजेका थिए अफगानिस्तानमा गरिएको अमेरिकी युद्धजस्तै !

तर अमेरिकाले आफ्नो जजमानी गर्ने भाजपाको सरकारलाई युद्ध संचालन गर्न हुकुम दिनुको सट्टा आतंकवादविरूद्ध लड्न आपसी वार्ता, सहमति र सरसहयोगको क्रम बढाउन उपदेश दिएपछि अहिलेसम्म पनि युद्ध शुरू हुने छाँटकाँट देखिएको छैन । अफगानिस्तानविरूद्ध गरिएको युद्धमा भरपूर सहयोग र समर्थन गर्ने पाकिस्तान र भारतलाई सम्पूर्ण युद्धमा होम्न दिन अमेरिकी रणनीतिक स्वार्थले कदापि अनुमति दिने स्थिति छैन । दक्षिण एशियाका आफ्ना दुईवटा जजमान- राष्ट्रहरू लडभीड गरेमा आफ्नो प्रमुख प्रतिद्वन्दी चीनलाई घेर्ने र महाशक्ति राष्ट्र बन्न नदिने रणनीतिक स्वार्थ पूरा नहुने कुरा अमेरिकालाई राम्ररी थाहा छ ।

भारत-पाकबीचको शत्रुतापूर्ण तनावलाई सम्पूर्ण युद्धको स्थितिसम्म विकसित हुन नदिने क्रममा अमेरिकाले चाहिँ आफ्नो रणनैतिक स्वार्थ पूरा गर्न थालिसकेको देखिन्छ । दक्षिण एशियामा आफ्ना हातहतियारको बिक्री बढाउन, आर्थिक सैनिक सहायता र सैन्य प्रशिक्षणको निहुँमा आफ्नो प्रभाव विस्तार गर्न र भारत-पाक सीमा र नियन्त्रण रेखा (LOC) मा निगरानी गर्ने निहुँमा आफ्ना सैनिकहरूलाई तैनाथ गर्न तथा दुबै देशका शासकहरूलाई सकेसम्म आत्मसमर्पण गराउन उसले यो मौका छोपिरहेको देखिन्छ । ❑

### व्यवहारमा उतार्न सके

*मूल्यांकन* मासिकको पूर्णाङ्क ९७ समयमै हात पऱ्यो । यस अंकमा प्रकाशित सम्पादकीयमा देशको वर्तमान अशान्ति र असहज परिस्थितिविरूद्ध सात पार्टी मिलेर वार्ताद्वारा रक्तपात रोक्न सकिने अवस्थाको चित्रण प्रासंगिक लाग्यो । आवरण कथा, हिरासतको संस्मरण, विनोद ढुंगेलले तयार पार्नुभएको ओरालो लागेको नेपाली अर्थतन्त्र, राजेन्द्र महर्जनले लेख्नुभएको विश्व कम्युनिष्ट आन्दोलनअन्तर्गत अर्जेन्टिनाको डिसेम्बर जनविद्रोह, घिस्रेर हिंड्ने डाइनासोरको उड्ने चरामा विकास विषयको विज्ञानसम्बन्धी वैज्ञानिक खोज र लेनिन-दर्शन ज्यादै यथार्थपरक एवं समय सुहाउँदो र ज्ञानवर्द्धक रहे । समग्रमा सरकार र माओवादी वार्ता हुन र देशमा भइरहेका आपसी लडाईं रोक्न प्रमुख राजनैतिक पार्टीहरूले कदम चाल्नुपर्ने, नत्र देशमा अझै ठूला दुर्घटना हुनसक्ने स्थिति छ । मओवादी र सरकारी दुवैको चपेटामा व्यक्तिहत्या भएको, माओवादीहरूले विभत्स तरीकाले क्रूर यातना दिएर सर्वसाधारण जनता मारेका वर्तमान मुलुकको अवस्था चित्रण गरी प्रस्तुत गरिएका खोजमूलक र सत्यतथ्यमा आधारित लेखहरू मन परे ।

– **हेमन्त खतिवडा**
'रसुवाली' धैवुङ्- ५,
कालिकास्थान, रसुवा ।

### पृथक लाग्यो

दर्शन स्तम्भमा प्रज्ञानरत्नको 'संभावना र वास्तविकता' व्याख्याले मष्तिष्क तिलमिलायो, यथार्थता छर्लङ्ग्यायो । नीति/संस्कृतितर्फ चन्द्रदेव नेपालीले 'बौद्धिकता कि दासता ?'मा मूर्ख विद्वानलाई झापड दिएका छन् । 'यथार्थवादी समालोचनाको गोरेटोमा' पुस्तकको समीक्षाले पुस्तकबारे प्रष्ट पाऱ्यो र पुस्तकलाई किनेर एक पटक पढूँ-पढूँ जस्तो भावना उमाऱ्यो । अर्थतन्त्रमा अनिल भट्टराईको खोजमूलक आलेख ठीकै लाग्यो । विज्ञानमा तुलसीदास महर्जनले औसतझैं यस अंकमा पनि विज्ञानका उपलब्धिबारे नयाँ स्वाद चखाए । राजेन्द्र महर्जनको 'अर्जेन्टिनामा डिसेम्बर जनविद्रोह' उल्लेखनीय लाग्यो । नेपाली अर्थतन्त्रप्रतिको विनोद ढुंगेलको चिन्ता सामयिक लाग्यो । आवरण कथा/बहसतर्फ प्रकाशको 'संविधानसभा नै किन ?' अलि प्रष्ट लागेन । निकासको निम्ति सुझाव त यसमा छ नै । 'के युद्ध रोक्ने र वार्ता थाल्ने उपाय छ ?' शीर्षकमा श्याम श्रेष्ठले ताजुबलाग्दो तरीकाले निकासउपर नयाँ विचार निकालेका छन् । लिस्ने लेक र गाममा मारिएका नेपालीहरूको संख्या कम भएको पाउँदा हर्ष लाग्यो । हिजो बढी संख्यामा मारिएका भनी निकालिएको समाचारप्रति खेद लाग्यो । श्याम श्रेष्ठको संस्मरण लेख लामो भए पनि सरल शैली र रोचक वर्णनले पढूँपढूँ लाग्यो । सरकारको शक्ति र व्यवहारप्रति रोष जाग्यो । साहित्य/कविता स्तम्भ यो अंकमा नसमेटिंदा भने साह्रै दुःख लाग्यो ।

– **केशव क्षितिज**
क्षितिज स्टेशनरी, *रौतहट* /

### यो कस्तो कार्वाही हो ?

माओवादीहरूले जुन विकासका संरचनाहरू ध्वस्त गर्दैछन्, तीमध्ये धेरै नै जनताका दैनिक जीवनसित प्रत्यक्ष सम्बन्ध राख्ने खालका हुन् । त्यसैले विकासको विनाश गरेर निःसन्देह नै माओवादीहरूले गाउँका गरिबहरूलाई अप्ठेरोमा पारेका छन् । यस सम्बन्धमा मूल्याङ्कनको पूर्णाङ्क ९७ मा प्रकाशित डा. पीताम्बर शर्माको लेखले धेरै नै प्रष्ट तुल्याएको छ । डा. शर्माको विश्लेषण अत्यन्त बिचारणीय छ । माओवादीहरूले डा. पीताम्बरको उक्त लेख पढेर विकासको विनाश रोक्ने ज्ञान प्राप्त गरून् भनी कामना गर्दछु ।

– **अजय सुवेदी**
*नारायणगढ, चितवन*

### विश्वकपबारे पनि आओस्

यसपाली कामरेड निर्मल लामाको आत्मकथा नपाउँदा साह्रै नै खल्लो लाग्यो । किनकि कामरेड निर्मल लामा नेपालको राजनीतिमा स्वच्छ छवि भएका साह्रै थोरै व्यक्तिहरूमध्ये एक हुनुहुन्छ । उहाँको जीवनको उकाली ओराली पढेर हामी आन्दोलनका थुप्रै कुराहरू सिक्न सक्छौं । र, सिकिरहेका पनि छौं । त्यसैले क. लामाको आत्मकथाले मूल्यांकनमा सधैं प्राथमिकता पाओस् ।

अहिले संपूर्ण विश्वको ध्यान विश्वकप फुटबल प्रतियोगितामा खिचिएको छ । तर भनिन्छ, आजभोलि खेल प्रतियोगिता पनि एक ठूलो व्यापार भएको छ । त्यसैले मूल्यांकनमा आगामी अंकमा यसबारे तर्कसंगत विश्लेषण आउनेछ भन्ने आशा राखेको छु ।

– **अष्टनारायण प्रधान**
मिल्स एरिया, विराटनगर

### ५ पेजको बाँकी

५ पेजको बाँकी

समय थियो । ठीक यही समयमा प्रतिनिधिसभाको विघटनले वार्ता र शान्तिको एजेण्डालाई ओझेलमा पारिदिएको छ । यस्तो प्रतीत हुन्छ– यथार्थमा निकट भविष्यमै संभव बनिसकेको वार्ता र शान्तिको एजेण्डालाई पृष्ठभूमिमा धकेल्नकै लागि प्रतिनिधिसभाको विघटन गरिएको हो । र, नेपालमा संकटकाल र गृहयुद्ध जारी रहँदा निहित स्वार्थसिद्ध हुने तत्वहरू– प्रतिगामी दलहरू, हतियार माफियाहरू र विदेशी हस्तक्षेपकारी तत्वहरूको संयुक्त जोडबलबाट प्रतिनिधिसभा विघटन भएको हो ।

सके तोकिएको समयमा संसदको चुनाव नै हुन नसक्ने स्थिति सृजना गरेर संवैधानिक संकट सृजना गर्ने र त्यस स्थितिको फाइदा उठाउँदै देशलाई पुनः निरंकुशतन्त्र धकेल्न, नसके पाकिस्तानको झैं मुशर्रफ स्टाइलको चुनाव गरेर वर्तमान संसदको शक्ति सन्तुलनको संरचना नै बदल्न । पनि वर्तमान प्रतिनिधिसभा भंग गरिएको प्रतीत हुन्छ । किनभने यो प्रतिनिधिसभा भ्रष्ट र प्रभुत्वकारी तत्वको लागि ठूलो घाँडो भइरहेको थियो ।

प्रतिगामी र प्रभुत्ववादी तत्वहरूको उद्देश्य र स्वार्थलाई विफल बनाउने हो भने यतिबेला एकातिर– अदालती वा कानूनी संघर्षद्वारा प्रतिनिधिसभा पुनर्जीवित गर्न एकताबद्ध संघर्ष चलाउन जरूरी छ, अर्कोतिर संसदभित्रका र बाहिरका दलहरू एकगठ भएर संयुक्त आन्दोलनद्वारा ती एजेण्डाहरूलाई फेरि जोडका साथ अगाडि ल्याउन जरूरी छ, जसलाई गलत तत्वहरूले ओझेलमा पार्न खोजिरहेका छन् । उदाहरणको लागि, संकटकाल तुरून्त अन्त्य गर्ने र नागरिक अधिकार बहाल गर्ने सवाल, गृहयुद्ध अन्त्य गर्ने र युद्धविरामको स्थिति सृजना गर्ने सवाल, माओवादीसित वार्ता गर्ने र संकटको अग्रगामी निकास निकाल्ने सवाल र सर्वदलीय अन्तरिम सरकार गठन गर्ने सवाल । परन्तु यतिबेला एमालेको द्वैत चरित्र र चुनावमा मात्र अत्यधिक अन्यतापूर्ण जोडले बृहत् एकताको र संघर्षको संभावनालाई कमजोर बनाइरहेको छ । एमालेले त यतिबेला माथिका चारवटा कुरा नभएको स्थितिमा न त चुनाव हुन संभव छ, न चुनाव भए पनि त्यो स्वच्छ र निष्पक्ष हुन संभव छ भनेर ती एजेण्डालाई राष्ट्रिय सहमतिका रूपमा संघर्षको एजेण्डा बनाउन अगुवाको भूमिका खेल्नुपर्ने हो । □




विश्वकपको इतिहासदेखि वर्तमानसम्मको नालीबेली भएको पहिलो नेपाली वृहत पुस्तक

**विश्वकप फुटबल**

**कथा एक गाथा अनेक**

साथमा
पेले, म्याराडोना, गारिन्चा, जिदान र फिगोको रोचक जीवनकथा

लेखक : *जयदेव गौतम*
(चिरपरिचित खेलकुद पत्रकार तथा नवयुवाका स्तम्भकार)
मूल्य : रू. १४०/- मात्र

**बजारमा सर्वत्र उपलब्ध छ !**




लिं
खें

**'नवयुवा'मा धेरै अंश धारावाहिक रूपमा प्रकाशित भएको चर्चित उपन्यास !**

प्रकाशक : *आत्मनिर्भर विकास मञ्च*
मूल्य : रू. १२५/- मात्र

**बजारमा सर्वत्र उपलब्ध छ !**

2002 FIFA WORLD CUP KOREA JAPAN

# TUBORG WORLD CUP QUIZ

**1st Prize** Pentium 4 Computer

**2nd Prize** 21" Color Television

**3rd Prize** CD/VCD hi-fi Music System

**4th Prize** 5 DiscMan

**5th Prize** World cup T-shirts- 250

**6th Prize** 100 Football

1. Name the host nations of the FIFA World Cup 2002.
   ..........................................................................
2. How many matches will be played in the World Cup 2002 ?
   ..........................................................................
3. Which player scored highest number of goals in the World Cup 1998 ?
   ..........................................................................
4. Which player will score the highest number of goals in the World Cup 2002?
   ..........................................................................
5. Which country will lift the FIFA World Cup trophy in 2002?
   ..........................................................................
6. I love Tuborg because..........................................................
   ..........................................................................
   ..........................................................................

To win:

1. Answer all the above questions correctly. (2) Fill in your name, address and other details stated below.

Name:............................................................ Age..........................

Address:..........................................................................................

Occupation: ......................................................................................

Tel:.......................................... E-mail:..................................................

Avenues 2002

Dates:

- Last date of Entry: June 25, 2002
- Draw will be held on July 10,2002 at 3 PM at Gorkha Brewery Pvt. Ltd.
- All Correct entries will be eligible for the draw.

Prizes:

- The Third Prize will be given to the first name picked out of the draw.
- The Second Prize will be given to the second name picked out of the draw.
- The First Prizes will be given to the third name picked out of the draw.

Other Prizes:

- The fourth Prizes will be awarded to the next five draws
- The fifth prize will be awarded to following 250 draws.
- The sixth prize will be awarded to final 100 draws.

Eligibility:

- Nepali citizen of 18 years or above are eligible to participate.

Exclusion:

- Staff members of Gorkha Brewery Pvt. Ltd., Ad. Avenues Nepal Ltd. and all the organizations associated with GBPL or their family members are excluded from participating in the contest.
- The names of the winners will be announced in the national dailies
- The decision of the "Tuborg World Cup Quiz 2002" committee regarding the results will be final and indisputable.

**Drop your entries at following address:**

GB

**GORKHA BREWERY PVT. LTD.**

P.O. BOX: 4140, BIJULI BAZAR, KATHMANDU, NEPAL

**Tuborg ... Wherever you are.**

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५०/५१

हिमाल स्टील

# NS - Quality Award - 2001
द्वारा सम्मानित




*विगत ४० वर्ष देखिको तपाईंको विश्वासको प्रतिफल स्वरूप*
*हिमाल स्टीलको उत्पादन, वितरण र बजार व्यवस्थापनमा*
*हामीले कायम गर्दै आएको उच्च गुणस्तरको लागि*
**ISO 9002** *प्रमाण पत्र प्राप्त गरेपछि अब हाम्रो मार्क अंकित*
**Deformed Steel Bars for concrete Reinforcement (8 mm to 32 mm)**
*फलामे डण्डीको गुणस्तरीय उत्पादनका लागि*

## NS - Quality Award - 2001
*प्राप्त गर्न सफल भएका छौं ।*

ज्योति
**हिमाल आयरन एण्ड स्टील (प्रा) लि.**
ज्योति भवन, कान्तिपथ, पो. ब. १३३, काठमाडौं
फोन: २२५२३०, २२५४९०, फ्याक्स : २२६३१४